

नेपाल पर्वत











नेपाल पर्वतारोहण संघ
Nepal Mountaineering Association

NMA

मंगलमय शुभकामना



राष्ट्रनायक श्री ५ महाराजाधिराज
ज्ञानेन्द्र वीर विक्रम शाहदेव सरकारवाट
नेपाल अधिराज्यको राज्यारोहण गरिवक्सेको तथा
श्री ५ अधिराजकुमारी कोमल राज्यलक्ष्मी देवी शाह
नेपाल अधिराज्यको बडामहारानी होइवक्सेको पावन अवसरमा
मौसुफ सरकारहरुमा हार्दिक वधाई ज्ञापन गर्दछौं ।
मौसुफको दीर्घायु, सुस्वास्थ्य, समृद्धि तथा दीर्घ सुशासनको
लागि मंगलमय कामना गर्दै मौसुफ सरकारका
पाउमा भक्तिपूर्वक हार्दिक शुभकामना चढाउँदछौं ।

नेपाल पर्वतारोहण संघ
परिवार

नेपाल पर्वत

विषय सूची

- प्रकृतिका पुजारी श्री ५ ज्ञानेन्द्रको परिपक्व नेतृत्व
- पर्वतारोहण कीर्तिमानको लहर
- पर्वतारोहणका नक्षत्र तथा हिमजयी पर्वतारोही बाबुछिरी शेर्पा
- कुमार खड्ग विक्रम शाह सम्झना मात्र
- कान्छा सगरमाथा आरोही तेम्बा छिरी शेर्पा
- कस्तो कठोर र निष्ठुरी हिमखाडल ....
- दुवै मोहडाबाट सगरमाथा शिखर पुग्ने सुश्री लाक्पा शेर्पा
- नेपाल पर्वतारोहण संघको भावी कार्यक्रम

यसमा प्रकाशित आलेखमा उल्लेखित अभिमत लेखकका विचार हुन्

दीर्घ सुशासनको शुभकामना

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव, श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह, श्री ५ महाराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेव, श्री ५ अधिराजकुमार निराजन वीर विक्रम शाह, श्री ५ अधिराजकुमारी श्रुति राज्यलक्ष्मी राणा, श्री ५ अधिराजकुमारी शान्ति सिंह, श्री ५ अधिराजकुमारी शारदा शाह, श्री ५ शाहज्यादी जयन्ती शाह, कुमार खड्ग विक्रम शाह तथा धीरेन्द्र शाहको दुःखद स्वर्गारोहणले मुलुक स्तब्ध हुनुका साथै समस्त देशवासी शोकाकुल भएका छन् मौसुफहरूको दुःखद निधनले सम्पूर्ण देशवासीलाई मर्माहत तुल्याएको छ। मुलुकको शान्ति, स्थायित्व तथा आर्थिक समृद्धिका लागि प्रतिबद्ध श्री ५ वीरेन्द्रको स्वर्गारोहणले नेपालको इतिहासमा एक युगको अन्त्य भएको छ। श्री ५ बाट राज्यारोहण गरिबक्सेपछिका अवधिमा असंलग्न राष्ट्रहरूको शिखर सम्मेलन, सार्क शिखर सम्मेलन, राष्ट्रसङ्घीय भेलाहरूमा नेपालको नेतृत्व गरिबक्सनुका साथै विभिन्न मुलुकका राष्ट्राध्यक्षहरूसँग सुसम्बन्ध कायम राखिबक्सेर नेपालको अन्तर्राष्ट्रिय प्रतिष्ठा उच्च पार्न पुऱ्याइबक्सेको योगदान नेपालको इतिहासमा अनन्तकालसम्म स्वर्णाक्षरले अङ्कित रहनेछ। देशलाई गरीबीबाट मुक्त पार्न श्री ५ वीरेन्द्रबाट विगतमा अभिव्यक्त चिन्ता तथा राष्ट्रलाई दिगो शान्तितर्फ उन्मुख गर्न प्रदर्शित चासो समस्त देशवासीको मन-मस्तिष्कमा सदा सर्वदा जीवन्त रहिरहनेछ। बहुदलीय प्रजातन्त्रको पुनःस्थापनापछि ११ वर्षका अवधिमा संवैधानिक राजाको हैसियतले मौसुफबाट प्रजातन्त्रको सुदृढीकरण तथा आर्थिक समुन्नतिका लागि निर्वाह गरिबक्सेको भूमिकाको कालान्तरसम्म देश-देशान्तरमा उच्च मूल्याङ्कन गरिनेछ।

नारायणहिटी राजप्रासादको कहालीलाग्दो र अकल्पनीय घटनाको भोलिपल्ट राजपरिषद्द्वारा संविधान बमोजिम नेपाल अधिराज्यको राज्य सहायक तथा श्री ५ महाराजाधिराज दीपेन्द्र वीर विक्रम शाहको स्वर्गारोहणपछि श्री ५ ज्ञानेन्द्रबाट राज्यारोहण गरिबक्सेको छ। राजप्रासादमा भएको कहालीलाग्दो अप्रत्याशित घटनामा आफ्ना श्रद्धेय दाज्यू श्री ५ वीरेन्द्र तथा राजपरिवारका अन्य सदस्यहरूको दुःखद स्वर्गारोहणबाट मर्माहत भइरहेकै बेला श्री ५ ज्ञानेन्द्रबाट राज्यारोहण गरिबक्सँदा त्यस शोकाकुल वातावरणमा अत्यन्त धैर्य र संयम राखी बक्सेको थियो। मौसुफबाट यस अवधिमा नेपालको गौरवमय स्वतन्त्रतालाई सदा अटुट राख्दै सम्पूर्ण नेपालीबीच पारस्परिक सहयोग, सद्भावना र मेलमिलापको आवश्यकता औंल्याइबक्सेको छ।

नवघोषित नरेश श्री ५ ज्ञानेन्द्रबाट राज्यारोहणपछिको पहिलो शाही घोषणा तथा संसदीय अधिवेशनका क्रममा शाही सम्बोधन बक्सँदै लोकसम्मति र जनआकाङ्क्षाको कदर गरी राज्य सञ्चालन गर्ने शाहवंशको परम्परा रहिआएको हुकुम हुँदै संवैधानिक राजतन्त्रप्रतिको मौसुफको प्रतिबद्धता व्यक्त गरिबक्सेको छ। बहुदलीय शासन प्रणाली तथा संवैधानिक राजतन्त्रप्रतिको मौसुफको प्रतिबद्धतालाई देशभित्रका जिम्मेवार राजनीतिक दलहरू, आमजनता तथा विश्वसमुदायद्वारा उच्च मूल्याङ्कन गरिएको छ। नेपालको राष्ट्रिय हितमा दुवै छिमेकी राष्ट्रहरूसँगको सुदृढ र घनिष्ठ सम्बन्ध तथा विश्व समुदायमा राष्ट्रको सम्मानपूर्ण छवि र प्रतिष्ठा अक्षुण्ण राख्न देशवासीको सहयोगका लागि मौसुफको आग्रह त्यत्तिकै महत्वको रहेको छ। विगतमा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पदक तथा सम्मानबाट विभूषित एवं कविता र गीत लेखनका अतिरिक्त प्रकृति संरक्षण गतिविधिमा विशेष अभिरुचि राखिबक्सने श्री ५ ज्ञानेन्द्र मुलुकको ह्रासोन्मुख वातावरणीय स्थितिप्रति अत्यन्त चिन्तनशील होइबक्सन्छ। विगतमा मौसुफबाट श्री ५ महेन्द्र प्रकृति संरक्षण कोषको अध्यक्षको हैसियतमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सभा सम्मेलनमा बक्स सम्बोधनमा बारम्बार राष्ट्रको दिगो विकासका लागि वातावरण संरक्षण प्रमुख आवश्यकता रहेको तथा राष्ट्रको आर्थिक-सामाजिक रूपान्तरणका निम्ति जनसहभागिता परिचालन एक प्रमुख पक्ष रहेको आवश्यकता औंल्याइबक्सेको छ। राष्ट्रिय एकताको प्रतीक राजसंस्थाले देशमा बहुदलीय शासन प्रणाली र संवैधानिक राजतन्त्रको सुदृढीकरणका दिशामा निर्वाह गरेको योगदानको विश्व समुदायबाट उच्च कदर भइरहेको परिप्रेक्ष्यमा दूरदर्शी र परिपक्व राजनेता श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवको शासनकाल राष्ट्रको शान्ति, समृद्धि र समुन्नतिका दृष्टिले सफल र सार्थक रहनेमा सम्पूर्ण नेपाली जनता विश्वस्त छन्। श्री ५ ज्ञानेन्द्रको पचपन्नौं शुभजन्मोत्सवको अवसरमा हामी मौसुफको सुख, समृद्धि, दीर्घायु तथा सुशासनका लागि हार्दिक मङ्गलमय शुभकामना अर्पण गर्दछौं।

दर्ता नं. : काठमाडौं २०५/०५६-५७

नेपाल पर्वत

नेपाल पर्वतारोहण संघको प्रकाशन

वर्ष २ अ.क ५ असार- साउन२०५८

सम्पादकमण्डल
डा. हरिप्रसाद श्रेष्ठ
रमेश तिवारी
सन्त सुब्बा
हरिवंश किराँत
बमसिंह राणाभाट

प्रकाशक
नेपाल पर्वतारोहण संघ
पो.ब.नं. १४३५
नागपोखरी नक्साल,
फोनः४३४५२५, ४३५४४२ काठमाडौं
फ्याक्स :४३४५७८
इमेल : office@nma.com.np
web site: www.nma.com.np
मुद्रक : भेराइटी प्रिन्टस

प्रकृतिको पूजारी श्री ५ ज्ञानेन्द्रको परिपक्व नेतृत्व

– बमसिंह राणाभाट

जेठ १९, २०५८ को रातमा नारायणहिटी राजदरबारमा घटेको अत्यन्तै अकल्पनीय दुर्घटनापश्चात् उत्पन्न कठिन उतारचढावहरुलाई ज्यादै नै धैर्य र संयमतापूर्वक बेहोर्दै त्यसको ठीक चारौंदिनमा श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट परम्परागत रीतिरिवाज एवं संविधान बमोजिम राज्यारोहण गरिबक्स्यो । राजपरिवारका दशजना सम्मानित सदस्यहरुको एकैपटक निर्मम ढंगमा हत्या हुन गएको कारण उत्पन्न विल्कुलै अअसहज र असामान्य परिस्थितिमा श्री ५ ज्ञानेन्द्र नेपाल अधिराज्यको नयाँ राजा घोषित होइबक्स्यो । एकातिर गहिरो शोक अर्कोतिर राज्यारोहणको परिस्थिति दुवैलाई मन वचन र कर्मले नै आत्मसात गर्नैपर्ने दोहोरो दायित्व र कर्तव्य नेपाली जनताको काँधमा एकैपटक आइलाग्यो । शान्ति, धैर्यता, पारस्परिक सद्भाव र समझदारीका प्रतिमूर्तिका रुपमा स्थापित सम्पूर्ण नेपाली जनताले उत्पन्न विषम र असहज परिस्थितिलाई पनि विल्कुलै सहज ढंगमा आत्मसात गरेर विश्व समुदायलाई आश्चर्यचकित तुल्याइदिएको घटना नेपालको इतिहासमा सदासर्वदा स्मरणीय भएर रहिरहने छ ।

नारायणहिटी राजप्रासादको त्यो दुर्दान्त र असहनीय घटना अब इतिहास बनिसकेको छ । बितेका घटनाक्रमहरुबाट राम्रा राम्रा पाठहरु सिक्दै वर्तमानलाई आत्मसात गर्नुबाहेक हामीसँग अर्को कुनै विकल्प छैन । यतिखेर हामी सम्पूर्ण नेपालीले एकताबद्ध भएर नयाँ राजा श्री ५ ज्ञानेन्द्रलाई मन, वचन र कर्मले सहयोग गर्नु पर्ने बेला आएको छ । एकातिर नयाँ राजा श्री ५ ज्ञानेन्द्रलाई दरबारमा घटेको दुःखदायी घटनाले विक्षिप्त र एक्लोपन महसुस गराएको छ भने अर्कोतिर मुलुक सञ्चालन गर्ने जस्तो गहन जिम्मेवारी एवं कर्तव्य पनि आइलागेको छ । निश्चय पनि अहिलेसम्मको परिस्थितिलाई दृष्टिगत गरेर विश्लेषण गर्दा के पाइन्छ भने श्री ५ ज्ञानेन्द्रबाट यस्तो पीडादायक महाविपत्तिमा पनि अभूतपूर्व धैर्यता र संयमको प्रदर्शन गर्दै नेपाल र नेपाली एवं स्थापित संविधानका प्रति सर्वत्र विश्वास जगाउन सफलता प्राप्त गरिबक्सेको शुभसंकेतका उज्याला किरणहरु पनि क्रमिकरुपमा देखिदैछन् । नेपाल अधिराज्यको तेह्रौं शाहवंशीय राजाको रुपमा राजगद्दीमा आसीन श्री ५ ज्ञानेन्द्रबाट राजा घोषित भएपछिको आफ्नो पहिलो शाही घोषणामा देश, जनता, राष्ट्रियता, संविधान र प्रजातन्त्रप्रति गहिरो आस्था र विश्वास प्रकट गरिबक्सेको छ । अत्यन्तै लोकप्रिय राजा स्वर्गवासी श्री ५ वीरेन्द्रको सदिच्छा हामी सबैको लागि प्रेरणादायी रहनेछ भन्ने पनि श्री ५ ज्ञानेन्द्रबाट प्रकट भएको छ । यति हुँदाहुँदै पनि विध्वंसात्मक बाटो अवलम्बन गर्दै मुलुकलाई राजनीतिक अस्थिरता र अन्यौलको डरलाग्दो खाडलमा जाकेर आफ्नो कुत्सित राजनीतिक स्वार्थ पूरा गर्नतिर लागेकाहरु भने यस्ता महत्वपूर्ण विचार र अभिव्यक्तिहरुलाई बुझेर पनि नबुझे झैं गरिरहेका छन् । यसो गर्नु शायद उनीहरुको राजनीतिक धर्म र लक्ष्य पनि होला । तर कुनै दिन समय र परिस्थितिले गलत बाटोमा लागेका र लाग्दैगरेकाहरुलाई सही मार्गमा ल्याउने कुरामा पनि कुनै शंका छैन ।

बहुप्रतिभाशाली व्यक्तित्वका धनी श्री ५ ज्ञानेन्द्रमा मुलुकको समग्र क्षेत्रको राम्रो अनुभव रहेको देखिएकोछ । स्व. श्री ५ वीरेन्द्रकै कार्यकालमा पनि वर्तमान राजा श्री ५ ज्ञानेन्द्रबाट कैयनपटक राजप्रतिनिधि परिषद्को सक्रिय सदस्यको रुपमा रहेर आफ्नो प्रभावकारी भूमिका सफलतापूर्वक निर्वाह गरिबक्सेको छ । गत जेठ १९ गतेको दुर्घटना पश्चात पनि राज्यसहायकको भूमिकामा श्री ५ ज्ञानेन्द्रको योगदान र मौसूफबाट प्रदर्शित धैर्य, संयम र गम्भीरताको प्रशंसा भएको छ । यस अतिरिक्त श्री ५ ज्ञानेन्द्र प्रकृति प्रेमी पनि होइबक्सन्छ । विगत लामो समयदेखि प्रकृति र प्राकृतिक वातावरण संरक्षण दिशामा श्री ५ ज्ञानेन्द्रबाट महत्वपूर्ण योगदान पुगेकोलाई अस्वीकार गर्ने मिल्दैन । नेपालकै बर्दिया राष्ट्रिय निकुञ्ज, शाही चितवन राष्ट्रिय निकुञ्ज, अन्नपूर्ण संरक्षण आयोजना जस्ता महत्वका परियोजना र आयोजनाहरुमा समेत श्री ५ ज्ञानेन्द्र संलग्न होइबक्सन्छ । यी आयोजनाहरुबाट पर्यटन क्षेत्रको विकासमा उल्लेख्य सहयोग पुगेको छ । वन्यजन्तु, वोटविरुवा, नदीनाला एवं प्राकृतिक वातावरणको संरक्षण र सम्वर्द्धन र हुन पुगेकै कारण पर्वतीय पर्यटनको क्षेत्रमा समेत सकारात्मक प्रभाव परेको छ । त्यस्तै लुम्बिनी विकास कोषको अध्यक्ष रहिबक्सेर राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रका बुद्धधर्मावलम्बी एवं बुद्धधर्ममा आस्था राख्ने लाखौं पर्यटकहरुको गन्तव्य स्थलको रुपमा सो क्षेत्रको विकास गर्न श्री ५ ज्ञानेन्द्रको ठूलो योगदान रहेको छ । यस अतिरिक्त मौसूफबाट श्री ५ वीरेन्द्र शुभराज्याभिषेक समारोहका सल्लाहकार सदस्य, बेलायत-नेपाल सोसाइटीका मानार्थ सदस्य, वि.सं. २०३४ सालदेखि राजसभा स्थायी समितिको सदस्यको रुपमा पनि गहन अनुभव प्राप्त गरिबक्सेको छ । त्यसैगरी श्री ५ महेन्द्र प्रकृति संरक्षण कोषको अध्यक्षको रुपमा प्राकृतिक वातावरणप्रति श्री ५ ज्ञानेन्द्रको चाख र लगावलाई स्पष्टै जाहेर गरेको छ । यसरी मौसूफको योगदान हरेक क्षेत्रमा जस्तै राजनीतिक, सामाजिक, धार्मिक, वन्यजन्तु र वातावरणको क्षेत्रमा विशेष प्रशंसा योग्य साबित भइसकेका छन् । तसर्थ हामी नेपालीले उदास र निराश बनेर हरेश खाइ नै हाल्नु पर्ने परिस्थिति पटक्कै छैन । किनभने कस्तै महाविपत्तिमा पनि पटक्कै नहडबढाउने धर्यवान्, संयमी र दूरदर्शी राजा हामीले पाइसकेका छौं । वास्तवमा अहिलेको संकटमय घडीमा हामी सम्पूर्ण नेपाली हातेमालो गर्दै एकताबद्ध भएर अघि बढ्नु आवश्यक छ ।

नेपालको विकासको आधार भनेको प्राकृतिक साधन र स्रोतले भरिपूर्ण पर्यटन क्षेत्र नै हो । आज देशमा पर्यटन व्यवसाय नै धराशायी हुँदै गइरहेको छ । देशमा शान्ति सुव्यवस्था कायम रहन सकेन भने विदेशी पर्यटकहरु कदापि नेपाल आउने छैनन् । यतिखेर पर्यटकहरुको संख्या घट्दो छ । तसर्थ तत्कालका लागि हामी जिम्मेवार जति सबैले हडताल गर्ने, तोडफोड गरेर राष्ट्रिय सम्पत्तिको विनास गर्ने, सोझा सीधा जनतामा नचाहिंदो भंम खडा गरेर उत्तेजित पार्ने लगायत अनेकौं किसिमका नितान्त अनर्गल एवं झूठा अफवाहहरु फैलाएर आफ्नो कुत्सित स्वार्थ पूरा गर्ने काम तत्कालै बन्द गरिनु आवश्यक छ । नेपालबन्द जस्तो कार्यक्रमलाई सधैंका लागि बन्द नै गरिनुपर्छ । हामी सबैले बुझ्नै पर्छ कि आफ्नै घर नेपाललाई भत्काउने र बिगार्ने काम गरेर कसलाई फाइदा पुग्छ र ? आखिर हामी नेपालीलाई नै नोक्सान पुग्छ । नोक्सान पुगि पनि रहेको छ । नेपालको राजतन्त्र र प्रजातन्त्रको सर्वनाश गर्न खोजेर पनि कसैलाई फाइदा पुग्ने देखिदैन । वास्तवमा नेपालको राजतन्त्र कुनै व्यक्ति नभएर एउटा संस्था हो । हिमाली अधिराज्य नेपाल दक्षिण एसियामा अत्यन्तै संवेदनशील भौगोलिक अवस्थामा अवस्थित छ । छिमेकी मुलुक भारत पनि आतंकवादको चपेटामा परिरहेकै छ । आसाम, मेघालय, मणिपुर लगायत नेपाली सीमासँग जोडिएका अन्य राज्यहरुमा देखापरिरहेको जातीय संघर्ष र विद्रोहले निश्चय पनि नेपालमा पनि कुनै न कुनै रुपमा प्रभाव पारिरहेको छ । आज भारत-पाकिस्तानबीच तनाव छ । त्यस्तै भारत र चीनबीच पनि शक्ति प्रदर्शनको होडबाजी भइरहेको छ । भारत-नेपालबीच पनि अनेकौं भ्रम र शंका उपशंका व्याप्त नै छ । भारतसितको सम्बन्धकै विषयमा पनि नेपालका राजनीतिक दलहरु एकमत छैनन् । श्रीलंकाका विद्रोही तमिलहरुलाई पनि विदेशीले उकासेको आरोप छ । यिनै अस्थिरतावादी क्रियाकपालको आड लिएर स्थिरता कायम गर्ने निहुँमा नेपालमाथि पनि हस्तक्षेप हुनसक्ने सम्भावनाप्रति पनि सम्बन्धित सबैको गम्भीर ध्यान पुग्नु नितान्त जरुरी छ । यस्तो अवस्थामा मुलुकको राष्ट्रिय एकतालाई संरक्षण र सम्वर्द्धन गर्न सक्ने प्रभावकारी शक्तिको रुपमा राजसंस्था नै देखिएको छ । हाम्रा परम्परागत संरचनाहरुको आफ्नै मूल्य र विशिष्ट मान्यता छ । यो मूल्य, मान्यता र राष्ट्रिय एकता गरिमामय राजसंस्थाको सशक्त धरातलमाथि नै बलियो ढंगमा स्थापित रहन सक्छन् । तसर्थ हामीमा उत्तेजना होइन दूरदर्शिता, धैर्य र संयमको ठूलो खाँचो छ । हामी सबैको परम उद्देश्य र लक्ष्य नै नेपाललाई जोगाउने र हरतरहबाट नेपाली भएर बाँच्न पाउने अधिकारलाई सर्वथा सुरक्षित गर्नु नै हो । नेपाल नै रहेन भने नेपाली कसरी पो बाँच्न पाइएला र ?

परिवर्तित नयाँ परिस्थितिलाई हामी सबैले सहज ढंगमा ग्रहण गर्दै जानुपर्छ । यतिखेर राष्ट्रिय एकताका प्रतीक श्री ५ ज्ञानेन्द्रबाट राजा घोषित भइबक्सेको दिनबाट अत्यन्त परिपक्व र बुद्धिमत्तापूर्वक राज्य सञ्चालनमा सक्रिय सहभागिता जनाइबक्सेको छ । कसैको पनि चित्त दुखाउने काम गरिबक्सेको छैन । सार्वजनिक क्षेत्रका महत्वपूर्ण व्यक्तित्वहरुसँग नजिकैबाट भेटघाट र चिनापर्ची गर्ने क्रम पनि सुचारुरुपले चलिरहेकै छ । आम नेपाली जनताले पनि वातावरणलाई सहज र शान्त बनाउन निकै ठूलो धैर्यता र संयमको प्रदर्शन पनि गरिनै रहेका छन् । राजतन्त्रप्रति जनताको कतिसम्म श्रद्धा र भक्ति रहेछ भन्ने कुरा यसपटक उर्लेको मानवसागरले नै प्रष्ट गरिसकेको छ । श्री ५ ज्ञानेन्द्रको सुस्वास्थ्य, दीर्घायु तथा सुशासनको मंगलमय शुभकामना ।

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवको शुभजन्म तत्कालीन श्री ५ युवराजाधिराज महेन्द्र तथा श्री ५ युवराज्ञी इन्द्र राज्यलक्ष्मी देवी शाहका द्वितीय पुत्रका रुपमा वि.सं. २००४ साल असार २३ गते तदनुसार १९४७ जुलाई ७ तारिखका दिन नारायणहिटी राजदरबारमा भएको हो ।

श्री ५ महाराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेव २०५८ जेठ २२ गते बिहान ३ बजेर ४५ मिनेटमा स्वर्गारोहण होइबक्सेपछि राजपरिषद्को आकस्मिक बैठकले श्री ५ अधिराजकुमार ज्ञानेन्द्र वीर विक्रम शाहदेवलाई नेपाल अधिरज्यको महाराजाधिराज घोषित गरेको हो ।

राणा शासनको पतन र प्रजातान्त्रिक शासन व्यवस्था स्थापना गर्ने क्रान्तिको चरमोत्कर्षका बेला तत्कालीन श्री ५ महाराजाधिराज त्रिभुवन वीर विक्रम शाहदेव र तत्कालीन युवराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवलगायत राजपरिवारका अन्य सदस्यहरु भारत सवारी होइबक्सेको अवस्थामा चार वर्षका बालक श्री ५ अधिराजकुमार ज्ञानेन्द्रलाई ७४ घण्टाका लागि नेपालको राजगद्दीमा आरोहण गराइएको थियो ।

श्री ५ वीरेन्द्रको स्वर्गारोहण तथा श्री ५ महाराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेव अति गम्भीर अवस्थामा अस्पतालमा उपचारार्थ रहिबक्सेको बेला २०५८ जेठ २० गते राजपरिषद्को बैठकले मौसुफलाई राज्य सहायक घोषणा गरेको थियो ।

मौसुफको शुभविवाह लेफ्टिनेन्ट जनरल स्व. केन्द्रशमशेर ज.ब.रा. र श्रीराज्यलक्ष्मी राणाका सुपुत्री श्री ५ अधिराजकुमारी कोमल राज्यलक्ष्मी देवी शाहका साथ वि.सं २०२७ तदनुसार सन् १९७० का वैदिक परम्पराअनुसार सुसम्पन भएको थियो । मौसुफका एक सुपुत्र श्री ५ शाहज्यादा पारस वीर विक्रम शाह तथा एक सुपुत्री श्री ५ शाहज्यादी प्रेरणा राज्यलक्ष्मी देवी शाह होइबक्सन्छ ।

मौसुफबाट दार्जिलिङको सेन्ट जोसेफ कलेजबाट सिनियर क्याम्ब्रिजको शिक्षा हासिल गरिबक्सनाका साथै त्रिभुवन विश्वविद्यालयबाट २०२६ सालमा स्नातक गरिबक्सेको छ ।

मौसुफ कविता र गीत लेखनमा विशेष अभिरुचि राखिबक्सन्छ । मौसुफबाट लेखन क्षेत्रमा जी. शाह नाम प्रयोग गरिबक्सन्छ ।

मौसुफबाट समय समयमा गहन जिम्मेवारीहरु बहन गर्दै आइबक्सेको छ । मौसुफबाट श्री ५ वीरेन्द्रको शुभराज्याभिषेक समारोहका सल्लाहकार समितिको सदस्यका रुपमा जिम्मेवारी बहन गरिबक्सेको थियो ।

मौसुफबाट श्री ५ को अनुपस्थितिमा पटक पटक राज्य सहायक परिषद् र राजप्रतिनिधि परिषद्को प्रमुखको रुपमा कार्यभार बहन गरिबक्सेको छ ।

मौसुफ प्रकृति संरक्षणमा विशेष अभिरुचि राखिबक्सन्छ । श्री ५ महेन्द्र प्रकृति संरक्षण कोषको स्थापनाकालदेखि मौसुफ अध्यक्ष रहिबक्सेको छ । श्री ५ महाराजाधिराजबाट सन् १९७३ मा जर्मनीमा आयोजित विश्व वन्यजन्तु कोषको सम्मेलनमा भाग लिइबक्सेको थियो । मौसुफबाट गत डिसेम्बरमा काठमाडौंमा आयोजित विश्व वन्यजन्तु कोषको चालीसौं वार्षिक साधारणसभा र अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिइबक्सेको थियो ।

मौसुफबाट भारत, चीन, जापान, गणतन्त्र कोरिया, नेदरल्यान्ड, अमेरिका, थाइल्यान्ड र भुटानको औपचारिक भ्रमण गरिबक्सनुका साथै बंगलादेश, पाकिस्तान, बेलायत, डेनमार्क, जर्मनी, रुमानिया, बुल्गेरिया, हंगेरी, चेकोस्लोभाकिया, न्यूजिल्यान्ड, क्यानाडा, फ्रान्स र रुसको भ्रमण गरिबक्सेको छ ।

मौसुफ विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पदक तथा सम्मानबाट विभूषित होइबक्सेको छ । मौसुफ सुप्रसिद्ध प्रबल गोर्खा दक्षिणबाहु, अति सुविख्यात सेवालंकार, विशेष सेवा पदक, ज्योतीर्मय सुविख्यात त्रि-शक्तिपट्ट, ओमराम पट्ट, महाउज्वबल कीर्तिमान नेपाल श्रीपद, निदरल्यान्डको द ग्रान्ड क्रस अर्डर अफ द अरेन्ज, पाकिस्तानको निशान-ए-इम्तियाज र युगोस्लाभियाको ग्रान्ड कोर्डेन अफ युगोस्लाभ फ्ल्याग, निदरल्यान्डको अडर अफ द गोल्डेन आर्क र गणतन्त्र कोरियाको ग्रान्ड ग्वाङवा अडर अफ डिप्लोमेटिक सर्विस मेरिटबाट सम्मानित होइबक्सेको छ ।

श्री ५ बडामहारानी कोमल

श्री ५ बडामहारानी कोमल राज्यलक्ष्मी देवी शाहको जन्म रथी स्व. केन्द्रशमशेर ज.ब.रा. तथा श्री राज्यलक्ष्मी राणाबाट सन् १९५१ फेब्रुअरी महिनामा लाजिम्पाट, काठमाडौंमा भएको हो ।

मौसुफ सन् १९७७ देखि तत्कालीन राजसभा र हाल राजपरिषद्का सदस्य होइबक्सन्छ ।

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवका साथ मई १ तारिख सन् १९७० मा वैदिक विधि अनुसार मौसुफको शुभ विवाह सम्पन्न भएको थियो ।

मौसुफका एक सुपुत्र श्री ५ शाहज्यादा पारस वीर विक्रम शाह तथा एक सुपुत्री प्रेरणा राज्यलक्ष्मी देवी शाह होइबक्सन्छ ।

श्री ५ बडामहारानीबाट जाउलाखेलस्थित सेन्ट मेरिज स्कुल र सेन्ट हेलेन्स कान्भेन्ट, खर्स्याङ, भारतमा आफ्नो प्रारम्भिक शिक्षा पूरा गरिबक्सेको थियो । मौसुफबाट नेपाल कलानिधि सङ्गीत महाविद्यालय, काठमाडौंमा सङ्गीत विषयमा प्रवीणता प्रमाणपत्र तह पूरा गरिबक्सेको थियो ।

सन् १९८१ मा लण्डनमा भएको अधिराजकुमार प्रिन्स अफ वेल्सको शुभविवाहका अवसरमा मौसुफबाट तत्कालीन श्री ५ बडामहारानीको प्रतिनिधित्व गरिबक्सेको थियो ।

मौसुफबाट श्री ५ मुमा बडामहारानी रत्न राज्यलक्ष्मी देवी शाहको ६२ औं शुभजन्मोत्सवको उपलक्ष्यमा गठित ८९ सदस्यीय समारोह समिति र नेपाल बाल संगठनको रजत महोत्सव, मूल समितिको अध्यक्षता ग्रहण गरिबक्सेको थियो ।

श्री ५ महाराजाधिराजबाट मौसुफ अधिराजकुमार होइबक्सँदा गरिबक्सेको स्वदेश तथा विदेशको औपचारिक र अनौपचारिक भ्रमणमा श्री ५ बडामहारानी सम्मिलित होइबक्सेको छ ।

मौसुफ विदेश सेवा पदक, शुभराज्याभिषेक पदक, सुप्रसिद्ध प्रबल गोरखा दक्षिण बाहु र ओम रामपट्टबाट विभूषित होइबक्सन्छ ।

आफूभन्दा ठूला र गुरुलाई सम्मान गर्नुपर्छ भन्ने विश्वास राखिबक्सने श्री ५ बडामहारानी कोमल गृह व्यवस्था तथा पुष्प सजावटमा विशेष अभिरुचि राखिबक्सन्छ ।

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट २०५८ जेठ २२ गते मौसुफलाई नेपाल अधिराज्यको श्री ५ बडामहारानी घोषित गरिबक्सेको हो ।

महावाणी

नेपालको इतिहासमा आइपरेको यस अकल्पनीय अवस्थाको अनुचित फाइदा लिई हाम्रो राष्ट्रिय एकता, स्वतन्त्रता र राष्ट्रियतालाई समेत कमजोर पार्ने प्रयास हुनसक्ने भएकोले हामी सबै नेपाली सचेत हुदै एकजूट हुनुपरेको छ । कस्तै विपत्ति आई पर्दा पनि नहडबडाई सामना गर्न एक हुने हामी नेपालीको परम्परा कायमै राख्नु आजको आवश्यकता भएको छ ।

लोकसम्मति र जनआकाङ्क्षाको कदर गरी राज्य सञ्चालन गर्ने शाहवंशजको परम्परा रहिआएको छ । संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको निष्ठापूर्ण अभ्यासद्वारा नेपाली जनतालाई समुन्नत भविष्यतिर उन्मुख गराइबक्सने श्रद्धेय दाज्यु स्वर्गवासी श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको सदिच्छा हामी सबैको लागि सधैंको लागि प्रेरणादायी रहनेछ । नेपालको राष्ट्रिय हितमा मौसुफबाट दुवै छिमेकी मुलुकहरुसँग सुदृढ तुल्याई बक्सेको घनिष्ट सम्बन्ध तथा विश्व समुदायमा हुर्काई बक्सेको नेपालको सम्मानपूर्ण छविलाई पनि हामी सबैले सधैं अक्षुण्ण राख्नु पर्दछ । हाम्रो यस प्रतिबद्धतालाई मूर्तरुप दिन सबैबाट सहयोग मिल्नेछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

- श्री ५ ज्ञानेन्द्र



स्व. श्री ५ वीरेन्द्र तथा श्री ५ ऐश्वर्य २०५३ सालमा नेपाल पर्वतारोहण संघको प्रदर्शनी कक्षमा ।



स्व. श्री ५ वीरेन्द्र सर्वोच्च शिखर सगरमाथाको एघारौं पटक आरोहण गर्ने आपा शेर्पालाई विभूषित गरिबक्सँदै ।



स्व. श्री ५ वीरेन्द्र विदेशी पर्वतारोहीका साथ

राजपरिवारका सदस्यहरुप्रति श्रद्धाञ्जलि

नेपाल पर्वतारोहण संघले श्री ५ महाराजाधिराज वीरेन्द्र वीर वक्रम शाहदेव, श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह, श्री ५ महाराराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेव, श्री ५ अधिराजकुमार नीराजन वीर विक्रम शाह, श्री ५ अधिराजकुमारी श्रुति राज्यलक्ष्मी देवी राणा तथा राजपरिवारका अन्य सदस्यहरुको २०५८ जेठ १९ गते असामयिक एवं आकस्मिक स्वर्गारोहण भएको असार ४ गते श्रद्धाञ्जलि सभा आयोजना गऱ्यो ।

राजसंस्था र सम्पूर्ण मुलुकमाथि आइपरेको यस पीडादायक राष्ट्रिय शोकको घडीमा संघले शोकसभा आयोजना गरी मौसुफ सरकारहरुको दिवंगत आत्माको चीर शान्तिका लागि ईश्वरसँग प्रार्थना गर्दै हार्दिक श्रद्धाञ्जलि अर्पण गरेको थियो ।

यस्तै नेपाल पर्वतारोहण संघका संस्थापक अध्यक्ष कुमार खड्ग विक्रम सिंह तथा उहाँकी धर्मपत्नी श्री ५ अधिराजकुमारी शारदा राज्यलक्ष्मी शाहको नारायणहिटी राजदरबारमा भएको अकल्पनिय एवं अप्रत्याशित घटनामा परी दुःखद निधन भएकोमा संघले मृतात्माको चिरशान्तिको कामना गर्दै गत असार ७ गते भावपूर्ण श्रद्धाञ्जलि सभाको आयोजना गऱ्यो ।

संघद्वारा आयोजित समारोहमा डा. हर्क गुरुङले खेलप्रेमी, बौद्धिक झुकाव भएको स्व. खड्ग विक्रम शाहले संघको हितअनुरुप लामो समयदेखि महत्वपूर्ण योगदान पुऱ्याउँदै आउनुभएको उल्लेख गर्दै उहाँकै सक्रियतामा संघद्वारानै विभिन्न १८ चुलिहरुको अनुमति दिने निर्णय गरी संघलाई यो स्थितिमा ल्याएको बताउनुभयो ।

कार्यक्रममा संघका अध्यक्ष टासी जाङबु शेर्पाले नेपालको पर्वतीय पर्यटनको विकास गर्ने लक्ष्य अनुरुप स्व. शाहले संघलाई देश-विदेश माझ राम्रो छवि बनाई विशेष योगदान पुऱ्याउनुभएको स्मरण गर्नुभयो ।

लामो समयदेखि संघमा आबद्ध स्व. शाहले संस्थागत रुपमा पर्वतारोहीहरुको दक्षता वृद्धि गर्न सञ्चालन गरिएको पर्वतारोहण तालिम, हाल पोखरामा निर्माणाधीन अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय र पर्वतारोही स्मरण उद्यान निर्माणमा पनि उहाँको महत्वपूर्ण देन रहेको अध्यक्ष शेर्पाले बताउनुभयो ।

समारोहमा आरोही शम्भु तामाङ र वसन्त थापाले पनि स्व. शाहको स्मरण गर्दै संघको स्थापनाकालदेखि अहिलेसम्म उहाँले महत्वपूर्ण योगदान पुऱ्याउनुभएको बताउनुभयो ।

यस्तै संघले विश्व कीर्तिमानी आरोही बाबुछिरी शेर्पाको दुःखद निधनप्रति अर्को भावपूर्ण श्रद्धाञ्जलि सभाको आयोजना गऱ्यो । सभामा नेपाल पर्वतारोहण संघ, कल्याणकारी समितिका संयोजक आङफुर्वा शेर्पाले विश्वको पर्वतारोहण क्षेत्रमा एक नक्षत्रको रुपमा स्थापित विश्व कीर्तिमानी आरोही बाबुछिरी शेर्पाको सगरमाथा शिखर आरोहणमा भएको अकल्पनीय दुःखद निधनले विश्वको पर्वतारोहण क्षेत्रनै स्तब्ध तुल्याएको बताउनुभयो ।

पर्वतारोहण संघद्वारा शोक व्यक्त

नेपाल पर्वतारोहण संघका संस्थापक अध्यक्ष कुमार खड्ग विक्रम शाहको २०५८ जेठ १९ गते भएको दुःखद आकस्मिक देहावसानले नेपाल पर्वतारोहण संघ परिवार स्तब्ध भएको कुरा संघद्वारा प्रकाशित प्रेस विज्ञप्तिमा उल्लेख गरिएको छ ।

उक्त संघको स्थापनाकालदेखि राष्ट्रको पर्वतीय पर्यटन विकासमा निरन्तर योगदान पुऱ्याउँदै आउनु भएका कुमार खड्ग विक्रम शाहले २०४७ सालसम्म सो संघको अविछिन्न एवं सबल नेतृत्व सम्हाल्नुभएको थियो ।

उहाँको कार्यकालमा पर्वतीय पर्यटनको विकासको लागि श्री ५ को सरकारबाट १८ वटा साना हिमचुली संघलाई प्राप्त भएको थियो । उहाँले अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालयको लागि पोखरामा आवश्यक जग्गा प्राप्त गर्न विभिन्न कदम चाल्नुभएको थियो ।

साथै उहाँकै प्रयासबाट नेपाली पर्वतारोहीहरुलाई नेपालमै तालिम दिई आरोहण पेशालाई कम जोखिमपूर्ण बनाउन सन् १९७९ मा पूर्व युगोस्लाभियाका पर्वतारोहीहरुको सहयोगमा मनाडको होड्दे भन्ने ठाउँमा पर्वतारोहण स्कुलको स्थापना भएको थियो । यसैगरी, सन् १९८८ मा विदेशीय सगरमाथा आरोहण दलद्वारा नेपालको दक्षिणी मोहडा र चीनको स्वशासित क्षेत्र तिब्बतको उत्तरी मोहडाबाट सगरमाथाको सफल आरोहण गरेको थियो, जसमा उहाँ नेपाली दलको प्रमुख हुनुहुन्थ्यो । नेपाल पर्वतारोहण संघ अन्तर्राष्ट्रिय पर्वतारोहण संघ युआईएएको सदस्य हुनमा पनि उहाँका प्रमुख योगदान रहेको संघले जनाएको छ ।

संघले नेपालको पर्यटन उद्योगमा प्रमुख दायित्व निर्वाह गर्ने, पर्वतीय पर्यटन विकासलाई सुदृढ गर्ने उद्देश्यले यस संघको स्थापना गर्नु भएका संस्थापक अध्यक्षको दुःखद निधनले यस क्षेत्रले एक विशिष्ठ व्यक्तित्व गुमाउनका साथै यस क्षेत्रले अपुरणीय क्षति सहन परेको उल्लेख गर्दै उहाँसँगै श्री ५ अधिराजकुमारी शारदा राज्यलक्ष्मी देवी शाहको पनि आकस्मिकरुपमा देहावसान भएकोमा संघले नेपाली पर्वतारोहण जगत्का तर्फबाट गहिरो शोक प्रकट गरेको छ ।


संघले अत्यन्त दुःखद क्षणमा उहाँका शोक सन्तप्त परिवारजनमा ईश्वरले धैर्य धारणा गर्न शक्ति प्रदान गरुन् भन्दै दिवंगत पुण्यात्माहरुको चिरशान्तिको कामना व्यक्त गरेको छ ।



नेपाल पर्वतारोहण संघद्वारा आयोजित श्रद्धाञ्जलि सभामा पूर्व पर्यटन मन्त्री ओमकारप्रसाद श्रेष्ठ तथा संघका अध्यक्ष टाशी शेर्पा (बायाँ) तथा प्रथम उपाध्यक्ष आङ छिरिङ शेर्पा (दायाँ)




श्रद्धाञ्जलि सभामा बायाँबाट-वसन्त थापा, संघका अध्यक्ष टाशी शेर्पा, डा. हर्क गुरुङ तथा प्रसिद्ध पर्वतारोही शम्भु तामाङ



श्रद्धाञ्जलि सभा

पर्वतारोहण कीर्तिमानको लहर

❒ डम्बरजंग डाँगी



पर्वतारोहण टोली गन्तव्यतर्फ

विश्वमा साहसिक यात्राको इतिहास परापूर्व कालदेखि चल्दै आएको हो । सहासिक र चुनौतीपूर्ण कार्य गर्नु मानिसको स्वभाव नै बन्दै आएको छ । सहासिक कार्यको रुपमा पर्वतारोहणलाई पनि धेरै अघि देखि नै मानिसले अगाल्दै आएका हुन् । तर, नेपालको पर्वतारोहणको इतिहास भने एक सय वर्ष लामो मात्र छ । नेपालमा विश्वकै सर्वोच्च शिखर नेपालमा रहेको कुरा धेरै पछि मात्र पत्ता लागेको हो । भारतीय सर्वे विभागले हिमालय पर्वत श्रृंखलामा रहेका हिमालको उचाई मापन गर्ने क्रममा वि.सं. १९०९ सालमा विश्वकै सबभन्दा अग्लो हिमाल नेपालमा रहेको पुष्टि भयो । त्यसबखत भारतीय सर्वे टोलीले पीक - १५ नामाकरण गरिएकोमा वि.सं. १९२१ मा बेलायती सर्वेयर जर्ज एभरेष्टको नाममा माउण्ट एभरेष्ट नाम राखियो । र, वि.सं. २०१३ सालमा मात्र बाबुराम आचार्यले नेपाली नाम सगरमाथा दिनुभएको हो । यसलाई तिब्बती भाषामा चोमोलोङ्गमा भनिन्छ ।

विश्वकै सर्वोच्च शिखर सगरमाथा नेपालमा रहेको विश्वले थाहा भएपछि साहसीहरुले यसको शिखर चुम्ने इच्छा नदेखाएका होइनन् । तर, त्यसबखतको नेपालमा राणा शासन रहेकोले विदेशीहरुलाई हिमाल चढ्न मात्र नभएर नेपाल प्रवेश गर्न नै प्रतिबन्ध थियो । वि.सं. १९४२ सालतिर क्लिण्टन डेण्टले सगरमाथाको आरोहण गर्ने इच्छा व्यक्त गरेका थिए । तर उनले अनुमति पाएनन् । वि.सं. १९७८ मा मात्रै पहिलोपटक बेलायती पर्वतारोही जर्ज म्यालोरीले राणा सरकारबाट अनुमति पाएर सगरमाथाको आरोहणमा पाइलाअघि बढाए । पहिलो प्रयाश असफल भएपछि म्यालोरीले वि.सं. १९८० मा अर्का पर्वतारोही एण्ड्रयू इर्भिनसँग सगरमाथा आरोहणको पुनः प्रायश गरे । तर, उनीहरुले अहिलेसम्म सगरमाथाको चुचुरोमा पुगेको नपुगेको तथ्य पत्ता लाग्न सकेको छैन ।

वि.सं २००७ सालदेखि नेपाल विश्वको लागि खुला भएपछि मात्र सगरमाथाको आरोहण गर्ने क्रम तीब्र भएको छ । वि.सं. २०१० साल जेठ १६ गते तेन्जिङ्ग शेर्पा र एडमण्ड हिलारीले विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गर्ने सौभाग्य प्राप्त गरे । वि.सं. २०३४ सालदेखि तिब्बती मार्ग खुलेपछि पर्वतारोहीहरु सगरमाथाको आरोहण उत्तरी मोहोडाबाट पनि गर्न थालेका छन् ।

किनभने त्यो त्यहा छ

पहिलोपटक सगरमाथाको सफल आरोहण गरेको झण्डै ५० वर्षको अवधिमा अहिलेसम्म आठ सयभन्दा बढी पर्वतारोहीले एक हजारभन्दा बढीपटक पाइला टेकिसकेका छन् भने करीब १८० जनाले सगरमाथाको आरोहणकै क्रममा आफ्नो ज्यान गुमाएका पनि छन् । प्रत्येक वर्ष हिमाल चढ्न आउने सहासी पर्वतारोहीहरुको संख्यामा कुनै कमी आएको छैन । पहिलोपटक सगरमाथाको आरोहण गर्ने पर्वतारोही जर्ज म्यालोरीले सगरमाथाको आरोहण गर्नुपर्ने कारणमा भनेका थिए - किनभने त्यो त्यहाँ छ । सगरमाथा हिमालय पर्वतमा भएको , विश्वकै सर्वोच्च शिखर भएको र चुनौतीपूर्ण तथा सहासिक भएको कारणले सगरमाथाले अझै पनि विश्वका सैयौं सहासी पर्वतारोहीलाई आकर्षण गर्ने गरेको छ ।

यस वर्षको बसन्त ऋतुमा करीब १५० जनाले सगरमाथाको शिखर चुम्ने इच्छा राखेकोमा एक सयभन्दा बढी व्यक्तिले सफलता पाएका छन् । यसपटकको बसन्त ऋतुमा ११५ जना विदेशी पर्वतारोही दक्षिण मोहोडाबाट पर्वतारोहण गर्ने अनुमति लिएकामा ६२ जनाले मात्र सफलता पाउन सके । ४८ जना नेपालीहरुले दक्षिण मोहोडाबाट सगरमाथाको सफल आरोहण गरे । यसबाहेक, उत्तरी मोहोडाबाट पनि धेरै नेपाली विदेशी पर्वतारोहीले सफलता पाएका छन् ।

कीर्तिमानको लहर

सगरमाथाको आरोहण अब केवल शिखरमा पुग्ने सफलता मात्र प्राप्त गर्नुमा मात्रै सीमित छैन, दृढता, साहस र जोखिम बहन गरेर नयाँ कीर्तिमान कायम गर्नुमा नै गौरव र साहस प्रतिबिम्बित हुन्छ । सगरमाथाको आरोहणको लागि उपयुक्त मौसम र अवसर बोकेर आउने प्रत्येक वर्ष पर्वतारोहीलाई चुचुरोमा मात्रै पुयाउदैनन्, मानव जातिकै आंग सिरिंग हुने र अकल्पनीय साहसको पनि प्रदर्शन हुने गरेको छ ।

सोह्र वर्षीय पर्वतारोही तेम्बछिरी शेर्पाले यसपटक संसारकै सबभन्दा कम उमेरमा सगरमाथाको चुचरोमा पाइला टेकेर नयाँ कीर्तिमान स्थापना गरेका छन् । उनले गत जेठ १० गते

बुधवार उत्तरी मोहोडाबाट सगरमाथाको सफल आरोहण गर्न सफल भए । गत वर्षको प्रयाशमा नेपालतर्फको मोहोडाबाट लक्ष्यभन्दा केही तल मात्र पुग्न सकेका तेम्बाछिरीले यसपटक भने लक्ष्य भेटेरै छोडे । गत वर्षको प्रयासमा उनले हातका पाँच औला पनि गुमाउनु परेको थियो । दोलखा जिल्लाको गौरीशंकर गाविसका तेम्बाछिरी अहिले सिद्धार्थ वनस्थलीको कक्षा आठमा पढ्दैछन् ।

यसपटक तेम्बाछिरीले सगरमाथाको सफल आरोहण गरेर फ्रान्सका वाट्रान्ड रोशको १७ वर्ष र नेपालकै शम्भू तामांगको १८ वर्षको उमेरको कीर्तिमानलाई तोडेका छन् ।

सगरमाथाको आरोहणमा कान्छो आरोही बन्ने क्रममा ०५६ सालको वैशाखमा पोखराका अरविन तिमिल्सिनाले पनि १५ वर्षको उमेरमा नै प्रयास नगरेका होइनन् । तर, उनी आठ हजार ७५० मिटरको उचाइसम्म मात्र पुग्न सफल भएका थिए ।

नेपाली महिला पर्वतारोही ल्हाक्पा शेर्पा उत्तर र दक्षिण दुबै मोहोडाबाट सगरमाथाको सफल आरोहण गर्ने प्रथम नेपाली महिला बनेकीछन् । उनले गत जेठ १० गते बुधबार विहान ९ बजे तिब्बततर्फबाट सगरमाथाको सफल आरोहण गरिन् भने गत वर्षको जेठ ५ गते विहान ६.३० बजे दक्षिण मोहोडाबाट नेपाली महिला सङ्गशाब्दी सगरमाथा आरोहण दलको सदस्यको रुपमा पर्वतारोहण गरेकी थिइन । ल्हाक्पा सगरमाथाको सफल आरोहण गर्ने दोस्री नेपाली महिला पनि हुन् ।

ल्हाक्पाले यसपटक नुगुची एसियन एभरेष्ट सफाइ आरोहण दलको सदस्यको रुपमा सगरमाथाको तिब्बततर्फबाट आरोहण गरेकी हुन । वि.सं. २०३२ जेठ २ गते जापानी महिला महिला पर्वतारोही जुन्को ताबेई सगरमाथा आरोहण गर्ने प्रथम महिला हुन् । त्यसपछि हालसम्म ५५ भन्दा बढी महिलाले सगरमाथाको सफल आरोहण गरिसकेका छन् ।

अमेरिकी अन्धा पर्वतारोही एरिक ह्वेनमेयरले सगरमाथाको आरोहण इतिहासमा नयाँ कीर्तिमान राखे । कोलोराडोका ह्वेनमेयरले जेठ ११ गते विहान १० बजे आठ हजार ८४८ मिटर अग्लो सगरमाथाको शिखरमा पाइला टेकेर विश्वलाई नै चकित बनाइदिए । नेशनल फेडेरेसन अफ दी ब्लाइण्ड २००१ एभरेष्ट एक्सपिडिसनका एक सदस्यको रुपमा उनी शिखरमा पुगे र १० मिनेट बिताए । उनको साथमा कोलोराडोकै इरिक अलेक्जेण्डर, लुइस बेनिटेज र जेफ इमान पनि चुचुरोमा पुगेका थिए ।

सन् १९६८ मा जन्मेका ह्वेनमेयरले १३ वर्षको उमेरमा नै रोगको कारण दृष्टि गुमाउनुपरेको थियो । तर, साहस र दृढताका धनी ह्वेनमेयरलाई त्यसले रोक्न सकेन । साहसी र जोखिमपूर्ण काम गर्न रुचाउने ह्वेनमेयर १६ वर्षको उमेरदेखि पहारा चढ्ने (रक क्लाइम्बिंग) काम शुरु गरे र सन् १९९५ मा उनले आलास्का (अमेरिका) को मिकिन्ले र नेपालको आमादब्लम, सन् १९९६ मा अल क्यापिटल, सन् १९९७ मा ताञ्जेनियाको किलिमान्जरा, सन् १९९९ मा अर्जेन्टिनाको अकोन्कागुआ, र सन् २००० मा पोलार सर्कसको सफलतापूर्वक आरोहण गरे । सातै महादेशका सर्वोच्च शिखरमा सफलता पाउने उनको लक्ष्य रहेको छ । आँखाले हेरेर, हात र खुट्टाको भरमा अत्यन्तै होशियारका साथ हिमाल चढ्नुपर्नेमा नेत्रहीन ह्वेनमेयरले भने आफ्ना साथीको ज्याकेटमा झुण्ड्याएको घण्टीको आवाज र डोरीको भरमा पर्वतारोहण गर्नुपरेको थियो ।

पहिले शिक्षण पेशा गर्ने ह्वेनमेयरको 'टच दी टप अफ दी वर्ल्ड' पुस्तक प्रकाशोन्मुख अवस्थामा रहेकेको छ । यस पुस्तकमा उनी आफू अन्धा भएको घटना र उनले विश्वका अग्ला शिखर आरोहण गर्न गरेका प्रयाशहरुको वर्णन गर्ने भएका छन् ।

अर्का अमेरिकी पर्वतारोही ६४ वर्षीय सरम्यान बुलले जेठ २२ गते शुक्रबार सगरमाथाको सफल आरोहण गरी सबभन्दा बृद्ध पर्वतारोहीको रुपमा कीर्तिमान स्थापना गरेका छन् । न्यू क्यानन, कनेक्टिकटका बृद्ध पर्वतारोही बुल एन एफ बी एभरेष्ट एक्सपिडिसन दलका सदस्य थिए ।

बृद्धहरुले सगरमाथा चढ्ने क्रममा झण्डै आठ वर्षअघि भेनेज्युएलाका रामोन ब्लान्कोले ६० वर्षको उमेरमा सफलता प्राप्त गरेका थिए । त्यसपछि सन् १९९९ मा जर्जियाका लेम सार्किसोमले ब्लान्कोभन्दा केही दिन बढी उमेरमा आरोहण गरी नयाँ कीर्तिमान राखे । तर, सगरमाथाको सफल आरोहण गर्ने बृद्धहरुको एकपछि अर्को गर्दै नयाँ कीर्तिमान कायम हुँदै आएको छ । गत वर्ष मात्र जापानका तोसिओ यामामोतोले ६३ वर्षको उमेरमा सगरमाथाको चुचुरो टेकेका थिए ।

यसैगरी, जेठ १२ गते शुक्रबार बाबु ६४ वर्षीय सरम्यान बुल र छोरा ३३ वर्षीय ब्राडफोर्ड बुलले सगरमाथाको चुचुरामा एकै दिन पाइला टेकेर एकै दिन एउटै टोलीका सगरमाथाको चुचुरोमा पुग्ने बाबुछोरा हुने कीर्तिमान राख्न सफल भए । न्यू क्यानन, कनेक्टिकट (अमेरिका) का बाबु र डेनभर (अमेरिका) का छोरा एन एफ बी एभरेष्ट एक्सपिडिसनका सदस्य थिए ।

खराब मौसमको कारण यसपटक ज्यादै छोटो समयमा धेरै पर्वतारोहीले सगरमाथाको आरोहण गर्नुपर्यो । अत्यन्तै भीडभाडमा चार दिनको अवधिमा एक सयभन्दा बढी आरोहीहरुले सगरमाथाको चुचुरोमा पाइला टेके । सामान्यतया वसन्त ऋतुमा सगरमाथाको आरोहण मार्च १ देखि शुरु भएर मे ३१ सम्ममा अन्त्य हुने गर्छ ।

यसैक्रममा जेठ १२ गते बुधबारका दिन एकै दलका सदस्यहरुले तीन भिन्नाभिन्नै कीर्तिमान कायम गरेका छन् । नेशनल फेडेरेसन अफ ब्लाइण्ड (एन एफ बी) एभरेष्ट एक्सपिडिसन २००१ का तीन जना अमेरिकी पर्वतारोहीहरु एरिक ह्वेनमेयर प्रथम सफल अन्धा आरोही बने भने ६४ वर्षीय सरम्यान बुल सबभन्दा बढी उमेरमा सगरमाथाको सफल आरोहण गर्ने पर्वतारोही बनेका छन् । सबभन्दा बृद्ध पर्वतारोही सरम्यान बुलकै छोरा ब्राडफोर्ड बुलले पनि सगरमाथाको सफल आरोहण गरी एकै ऋतुमा एकै दलबाट सगरमाथाको सफल आरोहण गर्ने बाबुछोराको कीर्तिमान पनि स्थापना भएको छ ।

फेन्टासी रुट

सगरमाथाको आरोहण गर्ने १४ वटा बाटोहरुमध्ये पूर्वी मोहोडाका बाटो सबभन्दा अप्ठ्यारो मानिन्छ । यसै मार्गलाई पर्वताराहीले 'फेन्टासी रुट' को नाम दिएका छन् । पहिलोपटक सगरमाथाको आरोहणमा निस्किएका जर्ज म्यालोरी र एण्ड्रयू इर्भिनले त्यही मार्ग प्रयोग गरेका थिए । त्यसपछि सन् १९९० को दशकको शुरुतिर एक जापानी टोलीले पनि त्यो मार्गको प्रयोग गऱ्यो । तर, म्यालोरी र इर्भिन सगरमाथाको चुचुरोमा नपुगेका भए हालसम्म फेन्टासी रूटबाट कसैले सगरमाथाको सफल आरोहण गरेका छैनन् ।

यसपटक सन्तोष यादवको नेतृत्वमा गएको १२ सदस्यीय भारतीय पर्वतारोहण टोलीले फेन्टासी रूटबाट सगरमाथाको चुचुरो चुम्ने सपना बोकेको थियो । त्यो टोली खराब मौसमको कारण सफल हुन सकेन । तर, सफलताको धेरै नजिक पुगेको नेता यादवले बताएकी छिन् ।

अन्य हिमाल आरोहण

नेपालका १६० भन्दा बढी हिमालहरु आरोहणको लागि खुला गरिएका छन् । तीमध्ये आठ हजारभन्दा अग्ला आरोहणको लागि खुला गरिएका हिमालको संख्या १३ पुगेको छ । खुला गरिएका आठ हजारभन्दा अग्ला हिमशिखरहरुमा सगरमाथा, कञ्चनजंघा मुख्य, कञ्चनजंघा दक्षिण, कञ्चनजंघा मध्य, कञ्चनजंघा पश्चिम (यालुङ्गकाङ्ग), ल्होत्से मुख्य, ल्होस्ते मध्य, ल्होत्से सार, मकालु, मनास्लू, चोयू, अन्नपूर्ण र धौलागिरी रहेको छन् ।

सन् २००१ को वसन्त ऋतुदेखि थप नौवटा हिमाललाई आरोहणको लागि खुला गरिएको छ । तिनीहरुमा ल्होत्से मध्य (८, ४१३ मि), पीक - ३८ (७, ५९० मि.), हुञ्ची (७, ०३६ मि), नुम्दी (६,६७७ मि), तेङकाङपोचे (६,५०० मि), पी-२ (६,२५१ मि), थापा पीक (६,०१२ मि), न्हेसेर्कु (५,९२७ मि) र थोराङ् पीक (५,७५१ मि) रहेका छन् ।

यसपटकको वसन्त ऋतुमा सगरमाथाबाहेक मकालु प्रथम (८,४६३ मि) २६ जना, ल्होत्से मुख्य (८,५१६ मि.) १२ जना, ल्होत्से मध्य (८,४१३ मि) सात जना, बुरुन्त्से (७,१२९ मि) छ जना,पीक-२ (६,२५१ मि), तिलिचो पीक (७,१३४ मि) र कञ्चनजंघा (८,५८६ मि) चार-चार जना, मनास्लू (८,१६३ मि) तीन जना तथा पुमोरी (७,१६१ मि) र आमादाब्लम (६,८१२ मि) दुई-दुई जना गरी कुल ७० जनाले चुचुरोमा पुग्ने सफलता पाएका छन् । यी हिमालको सफल आरोहण गर्ने पर्वतारोहीहरुमा नेपाली १० जना, अष्ट्रियाली आठ, युक्रेनियाली, रसियाली र इरानी सात-सात जना रहेका छन् । यस्तै, चेक रिपब्लिकका पाँच जना, गणतन्त्र कोरियाका चार जना, पोल्याण्ड, स्वीजरल्याण्ड, सं.रा.अमेरिका र चिलीका तीन-तीन जना, स्पेनका दुई जना तथा पोतुगल, मेक्सिको, इटाली, न्यूजिल्याण्ड, जापान र फ्रान्सका एक-एक जना रहेका छन् ।

सगरमाथा आरोहणको दुखद् पक्ष

सगरमाथाको आरोहण जति गौरवमय छ,

सन् २००१ को वसन्त ऋतुमा सगरमाथाको सफल आरोहण गर्ने पर्वतारोहीहरु

May 22, 2001
Chillean Women Everest 2001 Expedition

(8 members, SE Ridge)
1. Mrs. Vivianne Cuq Maggi, Chile.
2. Mr. Christian Cuq Maggi, Chile.
3. Ms. Cristina Alejandra Prieto Overem, Chile.
4. Ms. Patrica Andrea Soto Borquez, Chile.
5. Mr. Phillipe Peuter, Chile.
6. Mr. Kame Sherpa, Nepal.
7. Mr. Chhongbu Sherpa, Nepal.
8. Mr. Phura Dorje Sherpa, Nepal.
9. Mr. Wangchhu Sherpa, Nepal.

Everest Expedition 2001 Spring Anything Is Possible
(9 members, SE Ridge)
10. Mr. Grant Douglus Maclaren, USA.
11. Mr. Paul Gorgio, USA.
12. Mr. Tunc Findik, Turkey.
13. Mr. Richard Paul O'Bryan, USA.
14. Mr. Nima Gombu Sherpa, Nepal (7th time).
15. Mr. Lakpa Temba Sherpa, Nepal.
16. Mr. Nima Dorje Sherpa, Nepal.
17. Mr. Pasang Nurbu Sherpa, Nepal.

Castellano Y Leonessa Expedition (8 members, SE Ridge)
18. Mr. Emillo Vicente Lagunilla Alonso, Spain.
19. Mr. Pedro Rodriguez Anchez, Spain.
20. Mr. Martin Ramos Garcia, Spain.

May 23, 2001

Indian Army Expedition to Mt. Everest, India
(12 members, SE Ridge)
21. Mr. Amar Prakash, India.
22. Mr. Mohinder Singh, India.
23. Mr. Chanchal Singh, India.
24. Mr. Neel Chand, India.
25. Mr. Saurab Singh Shekhawant, India.
26. Mr. Til Bikram Budathoki, Nepal (Indian Army).
27. Mr. Palden Giachho, India.
28. Mr. Pasang Tendi Sherpa, Nepal.
29. Mr. Nga Temba Sherpa, Nepal.
30. Mr. Lakpa Sherpa, Nepal.

Alpine Mountaineering Mt. Expedition
(7 members, SE Ridge)
31. Mr. Guillermo Benegas, USA.
32. Mr. James Sparks, USA.
33. Mr. Alexander R. Allan, UK.
34. Mr. Pemba Rinzi Sherpa, Nepal.
35. Mr. Phunden Sherpa, Nepal.
36. Mr. Pemba Gylze Sherpa, Nepal.
37. Mr. Pemba Rinzi Sherpa, Nepal.

Step Stone Everest Expedition 2001
38. Mr. Silvio Mondinelli, Italy (Without Oxyzen).
39. Mr. Gian Mario Merelli, Italy.
40. Mr. Dawa Sherpa, Nepal.

Everest Expedition 2001 (11 members, SE Ridge)
41. Mrs. Edurne Pasaban Lizarriba, Spain.
42. Mr. Ivan Vallejo Ricaurta, Equador (Without Oxygen).

Everest 2001 Friendship International Expedation
(7 members, SE Ridge)
43. Mr. Miguel Alvarez Menor, Spain.
44. Mr. Julen Gotzon Requeta Anton, Spain.
45. Mr. Carlos Soria Fontan, Spain.
46. Mr. Jourg Stingl, Germany.
47. Mr. Francisco Javier Goni Lobera, Spain.
48. Mr. Thukten Dorje Sherpa, Nepal.

May 24, 2001
Mountain Experience Everest Expedition- 2001
(8 members, SE Ridge)
49. Mr. Jason Edwards, USA.
50. Mr. Francois Langloss, Canada.
51. Mr. David Rodney, Canada.
52. Mr. Deryl Kelly, Canada.
53. Mr. Maximo Henostaroza Zambrano, Peru.
54. Mr. Lakpa Rita Sherpa, Nepal.
55. Mr. Da Nuru Sherpa, Nepal (3rd time).
56. Mr. Aarita Sherpa, Nepal (4th time).
57. Mr. Tenzi Sherpa, Nepal (7th time).
58. Mr. Norbu Sherpa, Nepal.
59. Mr. Ngawag Tenji Sherpa, Nepal (3rd time).
60. Mr. Dorje Sherpa, Nepal.
61. Mr. Pasang Kitar Sherpa, Nepal (4th time).
62. Mr. Tshering Dorje Sherpa, Nepal (4th time).

Step Stone Everest Expedition 2001
(7 members, SE Ridge)
63. Mr Ignacio Ochoa, Spain.
64. Miss Nancy Feagin, USA.
65. Mr. Lakpa Gelu Sherpa, Nepal.
66. Mr. Mingma Tshiri Sherpa, Nepal.
67. Mr. Kile Sherpa, Nepal.
68. Mr. Jangbu Sherpa, Nepal (6th time).
69. Mr. Dorje Sherpa, Nepal (6th time).
70. Mr. Da Nurbu Sherpa, Nepal (3th time).

Indian Army Expedition (12 members, SE Ridge).
71. Mr. Chhering Narbu Bodh, India.
72. Mr. Tendi Sherpa, Nepal.
73. Mr. Mingma Tshering Sherpa, Nepal.
74. Mr. Pasang Sherpa, Nepal.
75. Mr. Pasang Gelu Sherpa, Nepal.

May 25, 2001
IMG Everest 2001 Expidition
(7 members, South East Ridge)
76. Mr. Ronald Gregory Wilson, USA.
77. Mr. John Tyler Waechter, USA.
78. Mr. James Todd Sampson, Canada.
79. Mr. Pasang Yila Sherpa, Nepal.
80. Mr. Phu Tashi Sherpa, Nepal.
81. Pemba Dojee Sherpa, Nepal.

2001 NFB Everest Expedition
(12 members, South East Ridge).
82. Mr. Erik Welhenmayer, USA (Frist blind sumitter)
83. Mr. Jeff Evans, USA.
84. Mr. Michael O'Donnen, USA.
85. Mr. Eric Alexander, USA.
86. Mr. Chris Morris, USA.
87. Mr. Luis Benitez, USA.
88. Mr. Didrik Johnok, USA.
89. Mr. Sherman Bull, USA (Oldest summitters, father)
90. Mr. Bradford Bull, USA (son).
91. Mr. Charles Mace, USA.
92. Mr. Charles Michel Brown, USA.
93. Mr. Ang Sonam Sherpa, Nepal.
94. Mr. Lakpa Tshiri Sherpa, Nepal.
95. Mr. Pemba Chhoti Sherpa, Nepal.
96. Mr. Ang Pasang Shepra, Nepal.
97. Mr. Phurba Bhote, Nepal.
98. Mr. Ang Kami Sherpa, Nepal.
99. Mr. Lakpa Tshering Sherpa, Nepal.
100. Mr. Chhuldin Nuru Sherpa, Nepal.



पर्वतारोहण अभियानमा संलग्न रहँदा आफ्नै आनन्द छ ।

कहिले काँही त्योभन्दा बढी हृदयविदारक र दुःखपूर्ण पनि हुने गरेको छ । आरोहण यात्रामा निस्किएका पर्वतारोहीमध्ये कतिले शिखर चुम्न नसकी निराश बनेर फर्कनुपर्छ भने केहीले त ज्यानै गुमाउनु पर्ने अवस्था पनि आउछ । सगरमाथाको आरोहणमा सफलता पाएपछिको ५४ वर्षको इतिहासमा दक्षिणतर्फ नै १८० भन्दा बढी पर्वतारोहीले आरोहणको क्रममा नै ज्यान गुमाउनुपरेको छ ।

गत वैशाख १६ गते विश्वलाई नै स्तब्ध बनाउने घटना भयो । सगरमाथाको आरोहणकै क्रममा तीनवटा विश्व कीर्तिमान कायम गरिसकेका ३५ वर्षीय बाबुछिरी शेर्पाको दोस्रो शिविरमा निधन भयो र यो खबरले कतिपय सगरमाथाको चुचुरोमा पाइला टेक्ने धोको भएका पर्वतारोहीहरुको सपनामा बज्रपात मात्र भएन विश्वका पर्वतारोहीहरुलाई नै मर्महात तुल्यायो ।

बाबुछिरीले सन् १९९९ मे ६ मा सगरमाथाको चुचुरोमा विना अक्सिजन २१ घण्टा बिताएका थिए भने सन् २००० मे २१ मा सबभन्दा कम समय १६ घण्टा ५६ मिनेटमा आधार शिविरबाट शिखरमा पुगेका थिए । यस्तै सन् १९९५ र १९९९ मा गरी दुईपटक एकै ऋतुमा उत्तर र दक्षिण दुवै मोहोडाबाट सगरमाथाको आरोहण पनि गरेका थिए ।

यस्तै, दक्षिण मोहोडाबाट सगरमाथाको आरोहण गर्नेक्रममा अष्ट्रियाका पर्वतारोही पिटर जेफ्रिड बानरको मृत्यु भयो । उनको आठ हजार आठ सय मिटरको उचाइबाट चिप्लिएर करीब दुई सय मिटर तल खसेर मृत्यु भएको थियो । ५५ वर्षीय बानर सञ्चार इञ्जिनियर थिए ।

केही सहयोगी पर्वतारोहीहरुले तीन जना रसियाली पर्वतारोहीहरुलाई मद्दत त गरे । तर, तीमध्ये एक जनाको चाँही ज्यान गयो । उत्तरतर्फको मोहोडामा एक अष्ट्रियालीको मृत्यु भएको अपुष्ट समाचार रहेको छ ।

यस्तै, आठ हजार ४६३ मिटर अग्लो मकालु प्रथम हिमाल आरोहण गर्न गएको क्यारिन्थिन मकालु एक्सपिडिसन टोलीका नेता अष्ट्रियाका डा. एरिस रेसको आठ हजार दुई सय मिटरको उचाईमा गत जेठ १ गते निधन भयो ।

यसैपटक १२ औंपटक सगरमाथाको आरोहण गर्न गएका आप्पा शेर्पा आफ्नो दलका सदस्यहरुले आरोहण परित्याग गरेका कारण सफल हुन सकेनन् ।

जर्ज म्यालोरीबारे अनुसन्धान

बेलायती पर्वतारोही जर्ज म्यालोरीले तत्कालीन राणा सरकारसँग सगरमाथाको आरोहणको शुरुवात गर्ने श्रेय पाएका छन् । पहिलोपटकमा उनी आरोहणमा सफल नभएर दोस्रोपटक सन् १९२४ मा सहयात्री एण्ड्रयू स्याण्डी इर्भिनसँग सगरमाथाको आरोहणमा निस्किएकोमा दुबै जनाको मृत्यु भयो । तर, अहिलेसम्म पनि ती दुई पर्वतारोहीहरुले सगरमाथाको आरोहणमा सफलता पाए पाएनन् भन्ने कुराको एकिन हुन सकेको छैन । यदि उनीहरुले सफलता पाएको पुष्टि भएमा तेन्जिंग शेर्पा र एडमण्ड हिलारीले सगरमाथाको सफल अरोहण गरेको करीब २९ वर्ष अघि नै उनीहरुले सफलता पाएका हुनेछन् ।

आरोहणकै क्रममा सन् १९२४ को जुन ८ को अपरान्ह १२.४५ बजे आठ हजार २२० मिटरको उचाइमा अन्तिमपटक देखिएका म्यालोरी त्यसपछि उनी कही देखिएका थिएनन् । म्यालोरी र इर्भिनले सफलता पाए नपाएको भन्ने कुराको अनुसन्धान धेरै अघिदेखि शुरु भएको भए पनि हालसम्म एकिन हुन सकेको छैन । यसवर्षको वसन्त ऋतुमा बेलायती पर्वतारोही जर्ज म्यालोरी र एण्ड्रयू इर्भिनले सफलता पाएको अनुमानका साथ प्रमाण जुटाउन गएको टोली आवश्यक प्रमाण फेला पार्न नसकी फर्किएको छ । एरिक सिम्सनको नेतृत्वमा गएको अमेरिकी टोलीले इर्भिनले प्रयोग गरेको क्यामेरा र म्यालोरीको डायरी भेट्ने लक्ष्य लिएको थियो । यसपटक सिम्सनको टोलीले वैशाखमा आठ हजार एक सय मिटरको उचाईमा म्यालोरीको मोजा र पञ्जा मात्र भेटाउन सफल भयो ।

वि.सं. ०५६ सालमा गएको सिम्सनकै टोलीले २७ हजार फिटको उचाइमा म्यालोरीको शव र रुमाल, चस्मा, डोरी र अक्सिजनका सिलिण्डर फेला पारेको थियो ।

सगरमाथामा फोहोर संकलन

सगरमाथामा विश्वका धेरै मानिसको आकर्षण बढ्दै गएको र वर्षेनी हजारौसंख्यामा मानिसहरु सगरमाथा आरोहणमा जाने गर्दछन् । यसबाट सगरमाथा क्षेत्रमा थुप्रिने फोहोर सबैको चिन्ताको विषय भएको छ । सगरमाथाको सरसफाइ अभियान अन्तर्गत संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल पर्यटन बोर्ड र नेपाल पर्वतारोहण संघको टोलीले चार हजार तीन सय किलो र नेपाल, चीन, जापान र दक्षिण कोरियाको टोलीले एक हजार छ सय किलो फोहोर सगरमाथाबाट कुल पाँच हजार नौ सय किलो फोहोर संकलन गरी राजधानी ल्याइएको छ । दुईवटा टोलीले उक्त फोहोर आठ हजार मिटरको उचाइमा संकलन गरेका थियो । सगरमाथाको सरसफाईको लागि गएको टोलीले त्यहा अब धेरै फोहोर नभएको दावी गरेको छ । तर उनीहरुले यत्रतत्र छरिएका मानिसका लाशले हिड्न पनि गाह्रो हुने गरेको बताएका छन् । आगामी वर्षमा ती लाशहरुलाई पनि थान्को लगाउने सगरमाथाको सफाइमा जुटेका संस्था र आरोहीहरुले अब ती लाशहरु हटाउने कार्यमा जुट्ने बताएको छ ।

सगरमाथा सफाई अभियान



सगरमाथा क्षेत्रमा सङ्कलित अक्सिजन सिलिन्डर

सन् १९९६ को बसन्त ऋतुमा श्री ५ को सरकार, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको पच्चीस रुपियाँ लाख र नेपाल पर्वतारोहण संघको रु. पन्ध्र लाखको कूल खर्चमा सगरमाथामा रहेको विभिन्न स्थानका जम्मा २००० के.जी फोहोरहरु नेपाल पर्वतारोहण संघले आधार शिविरबाट काठमाण्डौमा ल्याउन सफल रह्यो। उक्त सगरमाथा सफाई अभियान बसन्त, १९९६ का टोलीले सगरमाथाको क्याम्प ४ र क्याम्प ३ का बीचमा रहेको विदेशी पर्वतारोहीहको एक लाशलाई पनि तल झारी थुक्ला भन्ने स्थानमा सद्गत गरेको थियो। विभिन्न कारणले गर्दा १९९६ पछि नेपालीहरु आफैंले त्यस्तो सफाई कार्यक्रम गर्न जुटेका थिएनन्। उक्त सफाई अभियानको उद्देश्य र सफलताले स्वदेश तथा विदेशमा धेरै राम्रा एवं सकारात्मक प्रतिक्रियाहरु सृजित गऱ्यो। एनएचके, रेडियो अष्ट्रेलिया, वीवीसी जस्ता संचार माध्यमहरुले उक्त कार्यलाई अग्र स्थान दिई प्रचार एवं प्रसार गरेका थिए।

नेपालको पर्यटन प्रवर्द्धनको प्रतीकको रुपमा रहेको सगरमाथाले विगतमा सम्बद्ध व्यक्ति तथा संस्थाहरुबाट फोहोरको कारण दर्शाई धेरै चर्चामा छाईरह्यो। फोहोरका कारणबाट सगरमाथा र सगरमाथाको देश नेपालले चर्चा पाउनु अलि नकारात्मक हुन जान्छ भन्ने लागेर सफाई अभियानलाई श्री ५ को सरकारले प्राथमिकता दिँदै आएको छ। यसै क्रममा फोहोर सफा गर्ने जिम्मेवारी कस्को हो भन्ने बारे पनि बेलाबखत चर्चा परिचर्चा पनि नचलेको हैन। यसै क्रममा श्री ५ को सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल पर्यटन बोर्ड र नेपाल पर्वतारोहण संघले सन् २००१ को बसन्त ऋतुमा Everest Rejuvenation Campaign अभियान संचालन गरी फोहोरहरु संकलन गरी आधार शिविरमा ल्याई जलाउने, गाड्ने तथा त्यस्तो गर्न नमिल्ने जति सामग्रीहरुलाई काठमाडौंमा ल्याई तह लाउने कार्यक्रम अन्तर्गत २३१५ केजी फोहोरलाई आधार शिविरमा पोल्ने र जलाउने काम भयो भने १९९६ केजी ग्याँसका सिलिण्डर, अक्सिजन सिलिण्डर र सिलावरका पुराना भऱ्याङहरु काठमाडौं ल्याइएको छ।

उक्त कार्यक्रम सम्पन्न गर्न श्री ५ को सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट रु. १६,५०,०००/- नेपाल पर्यटन बोर्डबाट रु. एकलाख र नेपाल पर्वतारोहण संघबाट रु. १३,५०,०००/- को सम्युक्त बजेट र नेपाल पर्वतारोहण संघको सक्रियतामा संघ अन्तर्गतका वातावरण समितिका संयोजक आङफुरी शेर्पा र संयोजक आङफुर्वा शेर्पाको नेतृत्वमा दुईजना सहायकहरुको संलग्नता एवं सगरमाथामा रहेका आरोहण दलका सहयोगी नेपाली पर्वतारोहीहरुको सहयोगमा उक्त कार्य गर्ने योजना भएको थियो। तर विगतमा संचालित अभियान भन्दा कम खर्चमा कार्य सम्पादन गर्ने उद्देश्य अनुरुप यस पटक करीब २९ लाख मात्र खर्च गरी जम्मा ४३११ केजी फोहोर ल्याउन सफल भएको छ।

भविष्यमा त्यहाँका लाशहरुलाई तल झारी यथोचित सतगत गर्ने लक्ष्य संघले लिएको छ। यस कार्यका लागि स्वदेशी तथा विदेशी संघ संस्थाहरुको सहयोगको अपेक्षा संघले राखेको छ।

महिला पर्वतारोही तालिम

नेपाल पर्वतारोहण संघ र ईको हिमालको संयुक्त आयोजनामा महिलाहरुलाई पर्वतीय पर्यटन क्षेत्रमा आकर्षित गरी नेतृत्वका लागि अग्रसर हुन प्रेरित गर्ने उद्देश्यले Female Outdoor Leadership Training गत १९ मार्च २००१ देखि हेलम्बु लगायत काठमाण्डौको बालाजु स्थित ढुङ्गेभीरमा रक क्लाईम्बिङ्ग तालिम प्रदान गरी अप्रिल ३, २००१ मा सम्पन्न भयो। तालिममा १५ जना नेपाली महिला प्रशिक्षार्थीहरुलाई तालिम संयोजक श्रीमती डिमी शेर्पा, अमेरिकी प्रशिक्षक एञ्जेला हस् तथा तालिम सरदार दा छिरी शेर्पा र रक क्लाईम्बिङ्ग प्रशिक्षक ल्हाक्पा नोर्बु शेर्पाले पर्वतीय पर्यटन, पदयात्रा, वातावरण संरक्षण, प्राथमिक उपचार लगायत रक क्लाईम्बिङ्ग सम्बन्धी सैद्धान्तिक तथा व्यवहारिक ज्ञान प्रदान गर्नुभएको थियो।

उक्त तालिममा सहभागी भई सफल भएका सम्पूर्ण प्रशिक्षार्थीहरुलाई नेपाल पर्वतारोहण संघको सचिवालयमा चैत २१ गते आयोजित कार्यक्रममा संघका अध्यक्ष टाशी जाङबु शेर्पाले प्रमाणपत्र वितरण गर्नुभयो। संघका अध्यक्षको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रमका अवसरमा स्वागत मन्तव्य व्यक्त गर्दै संघका महासचिव भूमिलाल लामाले सफलतापूर्वक तालिम सम्पन्न गर्ने प्रशिक्षार्थीहरुलाई भविष्यमा यस क्षेत्रमा सक्रियताका साथ लाग्न आव्हान गर्दै संघले सन् १९७९ देखि नियमित रुपमा आधारभूत पर्वतारोहण तालिम, उच्च पर्वतारोहण तालिम, रक क्लाईम्बिङ्ग तालिम तथा विगत तीन वर्ष देखि ईको हिमालसंगको संयुक्त आयोजनामा नियमित रुपमा Female Outdoor Leadership Training संचालन गर्दै आईरहेको र भविष्यमा पनि निरन्तर रुपमा संचालन गर्दै जाने बचनबद्धता व्यक्त गर्नुभयो।

कार्यक्रममा तालिम संयोजक श्रीमती डिमी शेर्पा तथा अमेरिकी प्रशिक्षक एञ्जेला हस् र तालिममा सहभागी भै सफल प्रशिक्षार्थीका तर्फबाट सुश्री निलु लामाले तालिममा प्राप्त अनुभवहरुका बारेमा प्रकाश पार्नुभएको थियो। कार्यक्रममा ईरानी माउन्टेनियरिङ्ग फेडेरेसनका अध्यक्ष सादेग आगाजानीको समेत उपस्थिति थियो।

नेपाल पर्वतारोहण संघको
प्रकाशन
'नेपाल पर्वत'

नेपाल पर्वतारोहण सङ्घको नीति तथा कार्यक्रम

नेपाल पर्वतारोहण सङ्घले सङ्घको विधानको उद्देश्य तथा कार्यक्रम अन्तर्गत रहने गरी विगतमा थालनी भएका कार्यहरूलाई निरन्तरता दिइनेछ। अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय भवनको पहिलो चरणको निर्माण कार्य लगभग पूरा भएकोले अन्य बाँकी कार्य गर्न र आंशिक रूपमा खुल्ला गर्न प्रयास गरिनेछ। यसको लागि आवश्यक श्रोत र साधन जुटाउनको लागि आवश्यक कदमहरू चालिनेछन्। संघको विधान अनुसार गठित विभिन्न समितिहरूको उपादेयता एवं मर्मलाई मनन गरी संघको सीमित श्रोतलाई उच्चतम सदुपयोग गर्दै ती समितिहरूलाई यथाशक्य क्रियाशील बनाइने छ। संघसंग आवद्ध एवं सोझै सरोकार राख्ने विभिन्न सहयोगी एवं संस्थागत सदस्यहरूको महत्वपूर्ण कार्यहरूमा सदा झैं सक्दो सहयोग पुऱ्याउन संघ प्रयासरत रहनेछ। श्री ५ को सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र संघबीच रहँदै आएको अन्योन्याश्रित सम्बन्धलाई आउँदा दिनहरूमा अझ सुदृढ एवं सुमधुर बनाइनेछ। आन्तरिक श्रोतको अधिकतम परिचालन गरी श्रोतको उच्चतम सदुपयोग गरी संघलाइ पर्वतीय पर्यटन विशेष गरी पर्वतारोहण गतिविधि एवं सूचनाको एक आधिकारिक संस्थाको रूपमा विकसित गर्दै लाने, पर्वतीय पर्यावरणको संरक्षण एवं सम्वर्द्धनको लागि श्री ५ को सरकार तथा अन्य विविध निकायहरूसंग समन्वय राखी कार्यक्रमहरू गर्दै जाने र संघ आवद्ध रहेको अन्तर्राष्ट्रिय संघ संस्थाहरूले आयोजना गर्ने सभा, गोष्ठीहरूमा सदा झैं आफ्नो गरिमामय एवं सशक्त उपस्थिति मार्फत अन्तर्राष्ट्रिय स्तरबाट विविधखाले सहयोग जुटाउन दत्तचित्त रहने जस्ता नीति संघले लिएको छ। सङ्घले हरेक वर्ष संचालन गर्ने विविध पर्वतारोहण तथा उद्दार तालिमहरूलाई संस्थागत रूपमा विकसित गर्दै लैजाने सोच अनुरूप स्थायी रूपमा प्रशिक्षहरूलाई नियुक्ति दिईनुका साथै प्रशिक्षण लगायत अन्य विभिन्न पर्वतीय पथ प्रदर्शकहरूको सीपलाई अझ दक्ष बनाउने हेतु अन्तर्राष्ट्रिय स्तरको पथ प्रदर्शक (UIAGM Standard) तालिम नेपालमा संचालन गर्न फ्रान्स, स्लोभेनियाका अल्पाईन क्लब तथा पर्वतारोहण संस्थाहरूसंग पहल गरिने नीति संघले लिएको छ।

यी नीतिको परिधिभित्र रही सीमित श्रोत र साधनको अधिकतम सदुपयोग गर्ने मनसायले आ.ब. २०५८/५९ मा गरिने कार्यक्रमहरू यसप्रकार छन् :

वातावरण संरक्षण

नेपाल पर्वतारोहण संघ र श्री ५ को सरकारको संयुक्त आयोजनामा आ.व. २०५८।५९ मा धवलागिरी हिमालको Base Camp Conservation Program को आयोजना गरिनेछ। यस कार्यक्रममा आधार शिविर तथा आधार शिविरसम्म पुग्ने बाटो वरपरका गाउँहरूमा पर्वतीय पर्यटन र पर्वतीय पर्यावरण बारे चेतनामूलक कार्यक्रम संचालन गर्नुका साथै आधार शिविरको सरसफाई गर्ने कार्यक्रम रहेको छ। सरसफाई कार्यक्रम संचालन गर्न श्री ५ को सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट आर्थिक सहयोग प्राप्त गर्न अनुरोध गर्ने प्रक्रिया अगाडि बढाइनेछ। संघ अन्तर्गतको मेरा चुली र इम्जात्से चुली सरसफाई गर्ने कार्यक्रम रहेको छ। ट्रेकिङ एजेण्ट्स एशोसियशन अफ नेपाल (TAAN) ले संचालन गर्ने Eco Trek Workshop को लागि विगत वर्षहरूमा झैं यस वर्ष पनि अनुदान प्रदान गरिनेछ। श्री ५ को सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल पर्यटन बोर्ड र यस संघको संयुक्त प्रयासमा यसै वर्षको वसन्त ऋतुमा सगरमाथाको सफाई कार्यक्रम Everest Rejuvenation Campaign - 2001 सफलताका साथ सम्पन्न भई जम्मा ४३११ केजी फोहोर संकलन गरिएकोछ। यस कार्यक्रमलाई आवश्यक समन्वय राखी आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिन संघ प्रयासरत रहनेछ।

प्रशिक्षण तथा पर्वतारोहण अभियान

संघको नियमित कार्यक्रम अनुसार मनाङ स्थित संघको पर्वतारोहण स्कूलमा सदाझैं स्लोभेनियन प्रशिक्षकहरूको सहयोग तथा नेपाली प्रशिक्षकहरूको संलग्नतामा ३० जना प्रशिक्षार्थीहरूलाई संलग्न गराई आधारभूत पर्वतारोहण तालिम संचालन गरिनेछ। यसै गरी संघले लाङटाङ क्षेत्रमा France को ENSA तथा नेपाली प्रशिक्षकहरूको सहयोगमा १५ जना प्रशिक्षार्थीहरूको लागि एक उच्च पर्वतारोहण तालिम संचालन गर्ने छ। स्कूल तथा क्याम्पसका विद्यार्थीहरूलाई Adventure Tourism प्रति अभिरूचि जगाउने उद्देश्यले एक परिचयात्मक रक क्लाईम्बिङ्ग तालिम संचालन गरिनेछ। संघ र ईको हिमालको विगत करीव तीन वर्षदेखि कायम हुँदै आएको सौहार्दपूर्ण सम्बन्धलाई अझ परिष्कृत गर्दै लगिने छ। सोही अनुरूप संघ र ईको हिमालको संयुक्त आयोजनामा महिलाहरूलाई मात्र संलग्न गराई एक Female Outdoor Leadership Training र एक Advance Mountaineering Training थामेमा संचालन गरिने छ। संघका प्रशिक्षकहरूलाई अझ बढी दक्ष बनाउन संघ दत्तचित्त रहने छ जस अन्तर्गत प्रत्येक वर्ष ३ जना नेपालीहरूलाई फ्रान्समा तालिम प्रदान गराउने बारेमा फ्रान्सेली राजदूतावाससंग सहमति तथा एन्सासंग सम्झौता भएको छ। नेपालका पर्वतारोहीहरूको पर्वतारोहण सम्बन्धी ज्ञान तथा दक्षता बृद्धिको लागि UIAGM Standard को पथ प्रदर्शक तयार गर्न संघले आवश्यक पहलको थालनी गरिसकेको छ। संघको विविध तालिमहरूलाई संस्थागत गर्दै लैजाने संघको नीति अनुरूप संघको विविध तालिमहरूको प्रयोजनार्थ दुई जना प्रशिक्षकहरूलाई नियुक्ति गरिनेछ।

पर्वतीय उद्धार

कठिन पर्वतहरूको आरोहणका क्रममा विविध दुर्घटनाहरू हुने गरेका छन्। यस्ता दुर्घटनाहरूमा उद्दार कार्य संचालन गर्नु एक चुनौतीपूर्ण कार्य हो। यसै कुरालाई दृष्टिगत गर्दै संघले संघ अन्तर्गत पर्वतीय उद्दार समितिलाई सक्रिय बनाई यस अन्तर्गत विविध कार्यहरू संचालन गर्नेछ। उद्दार कार्य संघ एक्लैको पहलमा मात्र गर्न गाहारो हुने भएकोले आउँदो आ.व.मा पर्वतीय उद्धार सम्बन्धी सम्भावित दाताहरूको खोजीको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्पर्क तथा देश विदेशका स्वयंसेवकहरूको नामावली तथा ठेगाना संकलन गर्न आवश्यक पत्राचार गरिनेछ। उद्दार कार्य तथा उद्दार तालिमहरूमा सहयोगी सिद्ध हुने खालका आवश्यक श्रव्य दृष्य सामग्रीहरू यथासक्य संकलन गरिनेछ। संघले आर्थिक वर्ष २०५७/५८ मा खरीद गरेका वाकीटाकीहरू अपर्याप्त भएकोले आगामी आर्थिक वर्ष २०५८/५९ मा पनि खरीद गरिने छ। पर्वतीय उद्दार कार्यका लागि दक्ष जनशक्ति अपरिहार्य हुन्छ। यसै तथ्यलाई मध्नजर गर्दै आ.ब. २०५७/५८ मा एक Cardio Pulmonary Resuscitation (CPR) तालिम संचालन गरिएकोछ र आगामी आ.व.मा पर्वतीय उद्दारको लागि आवश्यक जनशक्ति तयार गर्न पर्वतीय उद्दार सम्बन्धी एक विशेष तालिम संचालन गरिनेछ। उद्दार कार्यका लागि नभै नहुने विविध उद्दार सामग्रीहरू खरीद गरिने छन्। यसका अलावा पर्वतारोहण प्रशिक्षण र उद्दार प्रशिक्षणका

लागि आवश्यक पर्ने सामाग्रीहरू खरीद गरिएपछि उपरोक्त सामाग्रीहरू अति नै संवेदनशील हुने भएकोले तिनीहरूको उचित संरक्षण तथा भण्डारण आवश्यक हुन्छ। यसको लागि संघको हाता भित्र एक स्टोर भवनको निर्माण कार्य आगामी आर्थिक वर्षमा गरिने कार्यक्रम रहेको छ।

प्रचार प्रसार तथा प्रकाशन

एक्काईसौं शताब्दीको प्रविधिलाई आत्मसात गर्दै संघ तथा संघका कार्यक्रमहरूलाई देश तथा विदेशमा पुऱ्याई संघको छवि माथि पुऱ्याउन तथा संघका विविध कार्यक्रमहरूलाई आर्थिक, बौद्धिक एवं भौतिक सहयोग जुटाउन प्रचार प्रसारको माध्यम अपनाउन पर्ने कुरामा कसैको दुईमत नहोला। यसै तथ्यलाई हृदयंगम गर्दै संघले आफ्ना कार्यक्रमहरूलाई पत्रिका प्रकाशन, वेभ साईटमा आवश्यक सूचना प्रवाह, डाटा संकलन गरी कम्प्युटरबद्ध गर्ने तथा रेडियो कार्यक्रमहरू संचालन गर्ने जस्ता विविध कार्यहरू गरी प्रचार प्रसार गर्नेछ। यस अन्तर्गत संघको मुखपत्रको रूपमा रहेको *नेपाल पर्वत*को नेपाली तथा अंग्रेजी संस्करण लाई अझ परिमार्जित र सूचनामूलक ढंगले प्रकाशित गरिनेछ। विभिन्न हिमालहरूको आरोहणका डाटाहरू संकलन तथा प्रोग्रामिङ्ग गरेर राख्ने कार्यलाई निरन्तरता दिईने छ। संघ लगायत संघका विविध परियोजनाहरूको प्रयोजनार्थ ब्रोसरहरू छपाई गरिनेछ। संघको वेभ साईट www.nma.com.np लाई अझ परिस्कृत रूपमा प्रस्तुत गरी संघका हरेक कृयाकलापहरूको संसारभर सूचना प्रवाह गरिनेछ। यसका साथै संघको राष्ट्रिय पर्यटन कार्यक्रममा हुँदै आएको सहभागितालाई निरन्तरता दिने र संघको रेडियो कार्यक्रम शैल-सुधा कार्यक्रमलाई निरन्तरता दिईनेछ। संघका सम्पूर्ण क्रियाकलाप, चुलीहरूको विवरण तथा परियोजनाहरूका बारेमा विस्तृत रूपमा जानकारी दिने हेतु सूचानमूलक कम्प्याक्ट डिस्क (सिडि) तयार गरी वितरण गरिनेछ।

कल्याणकारी कार्यक्रमहरू

नेपाल पर्वतारोहण संघको स्थापनाका मुख्य उद्देश्यहरू मध्ये पर्वतारोहीहरूको सुरक्षा र तिनीहरूका निम्ति कल्याणकारी कार्यक्रमहरू संचालन गर्नु रहेकोले संघले आफ्नो स्थापनाकाल देखि नै यस्ता कार्यहरूमा अग्रणी भूमिका निर्वाह गर्दै आएको छ। सगरमाथा आरोहणको इतिहासमा सन् १९७३ मा सबैभन्दा कम उमेरमा आरोहण गर्ने विश्वप्रसिद्ध आरोही शम्भु तामाङलाई सम्मान गर्नु संघले आफ्नो दायित्व ठानेर यस वर्ष वहाँ लगायत सबैभन्दा कम उमेरमा सगरमाथा आरोहण गर्ने कान्छा आरोही तेम्बा छिरी शेर्पा र नेपाल तथा तिब्बत दुवै तर्फबाट सगरमाथा आरोहण गर्ने प्रथम नेपाली महिला सुश्री लाक्पा शेर्पाको विशेष सम्मान गरिनेछ। विगतका वर्षहरूमा झैं यस वर्ष पनि संघले पर्वतारोहीहरूको असामयिक निधनको कारणले गर्दा उनका परिवारेले भोग्नु पर्ने आर्थिक संकटलाई केही हदसम्म न्यून गर्ने, दुर्घटनामा परेका पर्वतारोहीहरूको स्वास्थ्योपचार गर्न एवं अनाथ र असहाय पर्वतारोहीहरूको बालबच्चाको शिक्षाको लागि छात्रबृत्ति प्रदानमा निरन्तरता प्रदान गर्ने जस्ता विविध कल्याणकारी कार्यक्रमहरू संचालन गर्नेछ। सदा झैं पर्वतारोहीहरूको निमित्त कल्याणकारी कार्य अन्तर्गत अक्षयकोषमा रकम थप्ने कार्य जारी राखिएको छ। विश्वप्रसिद्ध सगरमाथा आरोही स्व. बाबुछिरी शेर्पाको स्मरणमा उहाँको तस्वीर अंकित हुलाक टिकट प्रकाशनको लागि संघले विशेष पहल गर्नेछ। साथै पर्वतारोहीहरूको सम्मानका लागि जनसहभागिता बढाउन गा.वि.स.हरूको सहयोगमा परिचयात्मक विवरण संकलन गर्ने र सो को अनुगमन गर्ने कार्यको थालनी गरिनेछ।

स्व. बाबु छिरी शेर्पा एक कुशल, साहसी पर्वतारोही मात्र नभै एक सच्चा समाजसेवक पनि हुनुहुन्थ्यो। उहाँले आफ्नो गाउँमा विद्यालय भवन निर्माण तथा अन्य विविध लोक कल्याणकारी कार्यहरूमा पुऱ्याउनु भएको योगदानको जति प्रशंसा गरे पनि कमै हुन्छ। उहाँको सपना साकार पार्नु सम्पूर्ण पर्वत तथा पर्वतारोहण प्रेमीहरूको दायित्व हो। तसर्थ उहाँको अधूरा सपनाहरूलाई फलिभूत गराउन तथा कालान्तरसम्म उहाँको सम्झनामा विविध पर्वतारोहण सम्बन्धी कल्याणकारी कार्यहरूको निमित्त गठन भएको बाबु छिरी मेमोरियल फाउण्डेशनको लागि संघले विशेष सहयोग उपलब्ध गराउनेछ।

पर्वतारोहण पेशामा भरियाहरूको लागि उचित वासस्थानको व्यवस्था नहुंदा तिनीहरूले भोग्नुपरेका पीडा र दुःख हामी कसै सामु लुकेको छैन। यसैकारणले विगत दुई वर्ष देखि विभिन्न स्थानमा नेपाल हिमालयन पथ प्रदर्शक संघले निर्माण गरेको पौवा तथा भरियाहरूको वासस्थलको व्यापक प्रशंसा हुँदै आएको छ। यसैकारण उक्त संघले आगामी आ.ब.मा निर्माण गर्ने पौवा तथा वासस्थलको लागि यस संघले यथोचित आर्थिक सहयोग गर्नेछ। उक्त संघले गत दुई वर्षमा निर्माण गरेका यस्तै पौवाहरूको लागि संघले हरेक वर्ष आर्थिक सहायता प्रदान गर्दै आईरहेको छ।

अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय

अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालयको पहिलो चरणको निर्माण कार्य सम्पन्न भई परियोजनाको प्रथम चरणको, मुख्य संग्रहालय भवनको छाना छाउने कार्य लगायत भ्याल ढोका हाल्ने कार्य समाप्त भईसकेको छ। संग्रहालयको पटकथा लेखन तथा प्रदर्शनी सामग्रीहरूको संकलन जस्ता कार्यहरूको अलावा पुस्तकालय स्थापना गर्ने विशेष पहल गरिनेछ। यस आर्थिक वर्षमा शुरू गरिएको कम्पाउण्ड वालको निर्माणलाई पूर्णता दिन आगामी आ.ब.मा थप पर्खाल निर्माण कार्य गरिनेछ। यसै गरी संग्रहालयसम्म पुग्ने

सगरमाथा कीर्तिमान

- ☐ पहिलो आरोहण : तेञ्जिङ्ग नोर्गे शेर्पा तथा एडमण्ड हिलारी (सन् १९५३ मे २९)
- ☐ प्रथम महिला आरोही : जुन्को तावेई (जापान) सन् १९७५ मे १६
- ☐ सर्वाधिक आरोहण : आपा शेर्पा (११) आङरिता शेर्पा (१०) बाबुछिरी शेर्पा (१० पटक)
- ☐ अक्सिजन बिना प्रथम आरोहण : पिटर ह्याबलर (अष्ट्रिया) तथा रेनहोल्ड मेस्नर (इटाली) सन् १९७८ मे ८
- ☐ सबैभन्दा कान्छो आरोही: तेम्बाछिरी शेर्पा (नेपाल) १६ वर्षको उमेरमा
- ☐ उत्तरी मोहडाबाट आरोहण : ह्यान्स क्यामरल्याण्डर (इटाली) सन् १९९६ मे २४ (१६ घण्टा ४५ मिनेटमा)
- ☐ प्रथम दम्पती : आन्द्रे तथा मारिया स्ट्रेमफेल्ज (स्लोभेनिया) सन् १९९० अक्टोबर ७
- ☐ सगरमाथा आरोहीका छोरा : पिटर हिलारी (न्यूजिल्याण्ड) सन् १९९० मे १०
- ☐ प्रथम अमेरिकी सफल आरोही : जेम्स ह्वीटटेकर (पुरुष), स्टासी एलिसन (महिला)
- ☐ सगरमाथा शिखरमा पुग्ने प्रथम युरोपीय महिला : वान्दा रुत्किविज (पोल्याण्ड), सन् १९७८ अक्टोबर १६
- ☐ विना अक्सिजन प्रथम महिला आरोही : लिदिया ब्राडी, (न्यूजिल्याण्ड) सन् १९८८ अक्टोबर १४
- ☐ सबैभन्दा बढी उमेरका आरोही : तोसियो यामामोतो (जापान ६३ वर्ष) सरम्यान बुल
- ☐ सबैभन्दा बढी उमेरको महिला आरोही : अन्ना जरविन्स्का
- ☐ सबैभन्दा बढी शिखरमा बिताउने पर्वतारोही : बाबुछिरी शेर्पा (२१ घण्टा)
- ☐ सबैभन्दा छिटो सगरमाथा पुग्ने आरोही : बाबुछिरी शेर्पा (१६ घण्टा ५६ मिनेट)
- ☐ स्कीबाट ओर्लने आरोही : दाभो कार्निकार
- ☐ शिखरमा पुग्ने प्रथम बाबु/छारा : जाँ नोएल रोच तथा उनका छोरा जेबुलोन
- ☐ एकैसाथ शिखर पुग्ने दाजुभाइ अल्बर्टो तथा फेलिक्स इनुरातेगुई (सेप्टेम्बर २५, १९९२)

बाटो निर्माण तथा अन्य स्थानीय कार्यहरूमासंघको विशेष सक्रियता रहनेछ। आगामी आ.ब.मा अन्य आवश्यक निर्माण कार्यहरू जारी राखिनेछ।

यस संग्रहालय परियोजनाका लागि विभिन्न संघ संस्था तथा व्यक्तिहरूसंग पत्राचार भैरहेको छ र सबै क्षेत्रबाट सहयोग गर्ने आश्वासन प्राप्त भईरहेकै छ। विभिन्न सभा तथा सम्मलेनहरूमा यस परियोजनाको अन्तर्राष्ट्रिय महत्वका बारेमा सदाझैं यस वर्ष पनि अझ शशक्त रूपमा प्रचार प्रसार गरिनेछ। यसप्रति थप आकर्षण पैदा गराउन तथा परियोजनाको लागि थप आवश्यक आर्थिक, भौतिक तथा नैतिक सहयोग जुटाउन सङ्घ निरन्तर रूपमा अझ बढी प्रयत्नशील रहनेछ। यसै सन्दर्भमा संघद्वारा संचालित प्रमुख परियोजनाहरूको प्रवर्द्धन गर्न डा.हर्क बहादुर गुरूङ्गको विद्वतापूर्ण सहयोगको अपेक्षा गरेका छौं, वहाँबाट सहयोग प्राप्त हुने आश्वासन मिलेको छ।

पर्वतारोही स्मृति उद्यान, ककनी

ककनी पर्वतारोही स्मृति उद्यान समितिका संयोजक श्री चेत नारायण खरेलको निधन भई खाली हुन आएको संयोजकको पदमा कार्य समितिको बैठकले कार्य समिति सदस्य जिम्बा जाङबु शेर्पालाई बाँकी कार्य अवधिको लागि संयोजक पदमा नियुक्त गरेको छ। उद्यानको कार्य अगाडि बढाउन उद्यानको जग्गामा तारबार र पर्खाल लगाउने तथा पाले घर निर्माण गरिने कार्यक्रमहरू रहेका छन्।

अन्तर्राष्ट्रिय सम्बन्ध

संघको विभिन्न अन्तर्राष्ट्रिय संघ संस्थाहरू संग सदैव सुमधुर एवं मैत्रीपूर्ण सम्बन्ध रहिआएको छ। संघद्वारा गरिने बैदेशिक भ्रमणकै फलस्वरूप आपसी सम्बन्धहरू प्रगाढ, मधुरतम एवं मैत्रीपूर्ण भएको हो जसका फलस्वरूप हाम्रा विभिन्न आयोजनाहरूमा वहाँहरूको सक्रिय सहयोग, प्रोत्साहन एवं सद्भावना प्राप्त भएको छ। यस आर्थिक वर्षमा पनि संघको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्धहरूलाई अझ बढी सुमधुर, सुदृढ र विस्तार मा निरन्तरता प्रदान गर्दै लगिनेछ। यस आ.ब.मा पनि एशियाली पर्वतारोहण महासंघ लगायत अन्तर्राष्ट्रिय पर्वतारोहण महासंघहरूको महासभा तथा एक्स्पडिसन कमिटीको बैठकमा संघको प्रतिनिधित्व रहनेछ। हिमालय क्षेत्रका ४ राष्ट्र सम्मिलित हुने हिमालयन होष्ट कन्ट्रिज मिटिङमा संघले जनाउँदै आएको सक्रिय सहभागितालाई निरन्तरता दिईनेछ। संघ र तिब्बत पर्वतारोहण संघ तथा सिचुआन पर्वतारोहण संघ बीच रहेको Protocol Agreement अनुसार हरेक वर्ष हुने मैत्रीपूर्ण भ्रमणहरूलाई निरन्तरता दिईने छ। यस्तै HAT - J को आयोजनामा हुने Youth Cross Cultural Mountain Conservation Project मा संघको प्रतिनिधित्व यसपाली पनि रहनेछ। संघ Himalayan Environment Trust (HET) को बोर्ड अफ ट्रष्टीले HET का हरेक बैठकहरूमा संघको सकेसम्म सहभागिता रहनेछ।

विशेष कार्यक्रमहरू

आर्टिफिसियल क्लाईम्बिङ्ग वाल :

ओलम्पिक खेलमा समेत वाल क्लाईम्बिङ्ग प्रतियोगिता समावेश भएको र विभिन्न अल्पाईन क्लबहरूबाट समेत संघलाई यस्ता प्रतियोगिताहरूमा भाग लिन निमन्त्रणा आईरहेको परिप्रेक्षमा तथा हाल देखिएको संघका कृयाकलापहरू काठमाण्डौ र पोखरामा मात्र केन्द्रिकृत रहन गएको हो कि भन्ने देखिन गएकोले देशको कुनै एक क्षेत्रमा मात्र नेपाल पर्वतारोहण संघ र संघका गतिविधिलाई सीमित नगरी हिमाल, पहाड, तराई लगायत अधिराज्य भरिका युवा पिँढीहरूमा पर्वतारोहणप्रति व्यापक अभिरूचि पैदा गराउने प्रथम खुड्किलो वाल क्लाईम्बिङ्ग नै हो भन्ने हाम्रो मान्यता रहेकोले देशको विभिन्न भागमा आर्टिफिसियल क्लाईम्बिङ्ग वालहरूको स्थापना गर्दै लाने लक्ष्य अनुरूप यस आ.ब.मा सकेसम्म एउटा क्लाईम्बिङ्ग वाल निर्माणको लागि संघ प्रयत्नशील रहनेछ।

संयुक्त आरोहण (नेपाल/मंगोलिया)

नेपाल पर्वतारोहण संघ र मंगोलियन पर्वतारोहण संघबीच सुमधुर एवं मैत्रीपूर्ण सम्बन्ध रहिआएको छ। दुवै संघको संयुक्त सहभागितामा सन् १९९४ मा संघ अन्तर्गतको नयाँ काङ्गा चुली सफलतापूर्वक आरोहण गरिएको छ। यसै सम्बन्धलाई अझ दरिलो बनाउन मंगोलियाका महामहिम राष्ट्रपति एन्. बागाबन्दीको नेपाल भ्रमणको अवसरमा नेपाल पर्वतारोहण संघ र मंगोलियन सेन्ट्रल माउन्टेन अल्टाई क्लबका बीचमा नेपाल र मंगोलियाका पर्वतारोहीहरू बीच सौहार्दता तथा सहयोग आदान प्रदान गर्ने हेतु दुवै संघका अध्यक्षहरूबाट एक सम्झौतामा हस्ताक्षर गरिएको विदितै छ। उक्त सम्झौता बमोजिम आगामी आ.ब.मा दुवै संघहरूको संयुक्त सहभागितामा मंगोलियामा अवस्थित एक हिमाल आरोहणमा संघको सहभागिता रहने तथा नेपाल हिमालयमा अवस्थित ८००० मीटर भन्दा अग्ला हिमालहरू मध्ये एक हिमाल संयुक्त आरोहण गरिने भनिएतापनि विभिन्न प्राविधिक कठिनाईहरू आईपर्न सक्ने भएकोले संघकै १८ वटा चुलीहरू मध्ये कुनै एक चुलीको संयुक्त आरोहण गरिने कार्यक्रम रहेको छ।

ट्रेकर्स/पोर्टर्स भिडियो निर्माण

पदयात्रा तथा पर्वतारोहणमा संलग्न ट्रेकर्स तथा पोर्टरहरूका गतिविधि तथा समस्याहरूलाई उजागर गरी तिनको निराकरण गर्न के कस्ता कदमहरू चाल्न पर्ने हो सो को लागि एक शिक्षाप्रद भिडिओ निर्माणमा सहयोग पुऱ्याउने कार्यक्रम रहेको छ।

सगरमाथा प्रथम आरोहणको स्वर्ण महोत्सव समारोह

नेपालको पर्वतीय पर्यटन/पर्वतारोहण क्षेत्रलाई संसारभर फैलाउन उल्लेखनीय भूमिका निर्वाह गर्ने सन् १९५३ को तेन्जिङ्ग नोर्गे शेर्पा र एडमण्ड हिलारीको ऐतिहासिक सफल सगरमाथा आरोहणले आगामी सन् २००३ को मे २९ का दिन पचास वर्षमा टेक्दैछ। यस ऐतिहासिक आरोहणको स्वर्ण महोत्सव मनाउन संघले सन् २००२ को जुन देखि सन् २००३ को मे महिनासम्म एक पूर्ण वर्ष भरी विशेष कार्यक्रमहरू तय गरी कार्यक्रमहरू अगाडि बढाईसकिएको छ। यस कार्यक्रमलाई भव्य एवं सफल बनाउन International Consultancy & Advisory Services P. Ltd. (ICAS) को प्राविधिक सहयोगमा परामर्शदाताहरूको संयुक्त सचिवालय संचालनमा छ।

यस्तै गत वर्ष साधारण सभाबाट पारित संघका चुलीहरूको आरोहण अनुमति शुल्क बढाउने कुरामा संघ, टान तथा पर्यटन मन्त्रालयका प्रतिनिधि सम्मिलित समितिले निर्णय गरे अनुसार सन् २००१ देखि संघका चुलीहरूको वृद्धि गरिएको शुल्क संकलन भैरहेको छ। संघ अन्तर्गतका खुम्बु क्षेत्रका चुलीहरूको चोरी चढाई नियन्त्रण गर्न सगरमाथा प्रदुषण नियन्त्रण समितिलाई प्रदान गरिएको विशेष जिम्मेवारीलाई निरन्तरता दिनुका साथै अन्य सम्भावित उपायहरूको पहिचानमा पहल भईनै रहनेछ।

नेपाल पर्वतारोहण संघले २८ वर्षको आयुमा धेरै फड्कोहरू पार गरेको छ। बदलिँदो समय सन्दर्भमा अझै यसका सामु धेरै चुनौतीहरू छन्। संघका पूर्वाधारहरूलाई विस्तारित गर्नु भनेको पर्वतारोहण पेशामा लागेका पेशेवर दाजुभाई दिदीबहिनीको समुन्नत भविष्यको कामना गर्नु का साथै नेपालको पर्यटन उद्योगको मीयोको रूपमा रहेको पर्वतीय पर्यटनलाई भविष्यमा वातावरणप्रिय, सेवामुखी, पेशामुखी बनाउँदै लानु पनि हो।

(नेपाल पर्वतारोहण संघका वर्षाकालीन साधारण सभा २०५८ मा कार्य समितिका तर्फबाट महासचिव भूमिलाल लामाब्दारा प्रस्तुत आ. व. ०५८ ५९ को नीति तथा कार्यक्रममा आधारित)

नेपाल पर्वतारोहण संघका संस्थापक अध्यक्ष



नेपसंद्वारा आयोजित अन्तर्राष्ट्रिय सम्मेलनको तत्कालीन श्री ५ अधिराजकुमार ज्ञानेन्द्र वीर विक्रम शाह समुद्घाटन गरिबक्सँदै । साथमा कुमार खड्ग विक्रम शाह ।



कुमार खड्ग विक्रम शाह नेपसंको वर्तमान



नेपसंका संस्थापक अध्यक्ष कुमार खड्ग विक्रम शाह तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई तथा विश्वविख्यात पर्वतारोही आङरिता शेर्पाका साथ ।



कुमार खड्ग विदेश



कुमार खड्ग नेपसंद्वारा २०५४ मा आयोजित कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै ।



कुमार खड्ग विक्रम शाह नेपस सभामा/दायाँतर्फ प्रध

कुमार खड्ग विक्रम शाह अघ स्मृति मात्र



संको वर्तमान कार्यसमिति पदाधिकारीहरुका साथ ।



नेपसं समारोहमा संघका पदाधिकारीहरु तत्कालीन श्री ५ अधिराजकुमार ज्ञानेन्द्रको स्वागत अभिवादन गर्दै ।




खड्ग विदेशी पर्वतारोहीसाथ ।



पोखरामा निर्माणाधीन अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय सम्बन्धी कार्यक्रममा कुमार खड्ग (दायाँबाट चौथो)



यौंतर्फ प्रख्यात सगरमाथा आरोही सुडदरे शेर्पा र आङरिता शेर्पा



कुमार खड्ग विक्रम शाह पर्वतारोही सभालाई सम्बोधन गर्नुहुँदै ।

कुमार खड्ग विक्रम शाहप्रति श्रद्धाका दुई थुंगा

- विश्व पराजुली

२०५८ को सालको प्रथम केही महिना नेपाल र नेपालीमात्रका लागि, अझ भनौं विशेष गरी नेपालका पर्यटन तथा पर्वत प्रेमीहरुका लागि ज्यादै नै दुःखदायी एवं पीडादायक अवधि साबित भएको छ। नेपाल र नेपालीका आस्थाका केन्द्रविन्दु राजसंस्थाका सर्वोच्च श्री ५ महाराजाधिराज, श्री ५ बडामहारानी लगायत राजपरिवारका अन्य सदस्यहरुको अकल्पनीय एवं असामयिक स्वर्गारोहण, खेलकूद, वैदेशिक सम्बन्ध र विशेषतः नेपालको पर्यटनको महत्वपूर्ण विधा पर्वतारोहणलाई अग्रगति प्रदान गर्नुहुने कुमार खड्ग विक्रम शाहको असामयिक स्वर्गारोहण तथा सगरमाथा आरोहणका इतिहासमा तीन वटा अलग्गै पहिचानका विश्व कीर्तिमान कायम गर्ने हिमजयी पर्वतारोही, हिम सपुत बाबु छिरी शेर्पाको सगरमाथाको एघारौं पटक आरोहण गर्ने क्रममा भएको असामयिक निधनले हामी सबैलाई मर्माहत एवं स्तब्ध तुल्यायो। सर्वप्रथम मौसूफ सरकारहरु, कुमार खड्ग विक्रम शाह तथा बाबु छिरी शेर्पाप्रति आत्माको चीर शान्तिका कामना सहित अन्तरहृदय देखि भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछु।


यथार्थमा कसैको स्वर्गीय आत्माको चीर शान्तिको कामना गर्न, श्रद्धाञ्जलि व्यक्त गर्न ज्यादै नै कठिन एवं बेदनापूर्ण काम हुन्छ। यस नश्वर संसारमा कोही पनि कालजयी त हुनै सक्दैन, जन्मनु मर्नु त सयमचक्र या भनौं विधिको विधान नै हो। तर पनि कुनै त्यस्ता व्यक्तित्व पनि हुन्छन् जसको मृत्युले हामीलाई अति नै टुहुरो एवं एक्लोपनको महसूस गराउँछ, त्यस्ता व्यक्तित्व पनि हुन्छन् जसलाई सदाका लागि विदा गर्दा पूरण नै हुन नसक्ने क्षति पुग्न जान्छ। त्यस्तै व्यक्तित्वका धनी हुनुहुन्थ्यो स्वर्गीय कुमार खड्ग विक्रम शाह। सन् १९४२ मा उच्च घरानामा जन्मी पछि राजपरिवार संग सम्बद्ध भएरपनि सधैं नै शालीन एवं सौम्य व्यक्तित्वका रुपमा सबै सामु प्रस्तुत हुने उहाँको व्यक्तित्व सबैका लागि प्रेरक रहेको छ।

नेपालको खेलकूद क्षेत्रलाई संस्थागत रुपमा विकसित गर्न उहाँले राष्ट्रिय खेलकूद परिषदको सदस्य-सचिवका हैसियतले पुऱ्याउनु भएको योगदानको कदर त आफ्नो ठाउँमा छदैछ, यहां विशेष गरी उहाँले नेपालको बैदेशिक सम्बन्धका माध्यमबाट देशको समग्र पर्यटन क्षेत्र र त्यस मध्येको मुख्य मियो पर्वतीय पर्यटन पर्वतारोहण क्षेत्रलाई पुऱ्याउनु भएको अमूल्य योगदानका बारेमा केही उल्लेख गर्नु बढी सान्दर्भिक हुनेछ।

सन् १९५३ को मे २९ का दिन विश्वको सर्वोच्च शिखर सगरमाथाको चुचुरोमा सर एड्मण्ड हिलारी र स्वर्गीय तेञ्जिङ्ग नोर्गे शेर्पाले पाईला टेके पछि अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालले आर्जन गरेको ख्याति त्यस पछिका दिनहरुमा अपेक्षित रुपमा विकसित हुन सकेन। त्यसको प्रमुख कारणको रुपमा यसलाई संसार सामु अझ सशक्त रुपमा प्रस्तुत गर्न सक्ने नेतृत्वको कमी नै थियो भन्नुमा कुनै अतिशयोक्ति नहोला। यसको लागि कुमार खड्ग विक्रम शाह नै एक यस्ता व्यक्तित्व हुनुहुन्थ्यो जसले यस क्षेत्रलाई सबल एवं सक्षम नेतृत्व प्रदान गर्न सक्नुहुन्थ्यो। त्यस ताका शाही एवं कुटनीतिक पाहुनाका रुपमा नेपाल आउने विदेशीहरुको नेपालमा छंदाको नेतृत्व गर्ने अहम् जिम्मेवारी उहाँमामा रहेको हुनाले तिनै विदेशी पाहुनाहरुलाई देशका विभिन्न क्षेत्रहरुको भ्रमणमा लैजाने क्रममा उहाँमा नेपालका हिमाल पहाड तथा तराईका विभिन्न मनोरम स्थलहरुको विशेष ज्ञान थियो। खासगरी नेपालका हिमालहरुको दृष्यावलोकनबाट अनुभूति हुने अपार स्वर्गीय आनन्दबाट उहाँ भलिभाँति परिचित हुनुहुन्थ्यो। उहाँबाट भएका विभिन्न देशका भ्रमणका क्रममा त्यस क्षेत्रका पर्यटन विकासका लगि भएका पूर्वाधार विकास एवं प्रचार प्रसार पनि उहाँको मानसपटलमा छदैथियो।

यस पृष्ठभूमिमा सन् १९७३ ताका विश्व कीर्तिमानी कान्छा पर्वतारोही शम्भु तामाङ लगायतका यस क्षेत्रका व्यक्तिहरुको प्रारम्भिक छलफल पश्चात नेपालमा पर्वतारोहण संस्थाको स्थापना गर्न तथा उक्त संस्थाको गरिमामय नेतृत्व प्रदान गर्न कुमार खड्ग विक्रम शाहमा अनुरोध गरियो। उहाँ आफैले पनि यसका बारेमा केही गर्नुपर्छ भनेर सोचिरहेको बेलामा वहाँबाट यो प्रस्तावलाई सहर्ष स्वीकार भई नेपाल हिमालय क्षेत्रमा पर्वतारोहण गतिविधिको विकास, नेपाली पर्वतारोहीहरुको हकहितको संरक्षण, उनीहरुको व्यवसायिक एवं पर्वतारोहण दक्षताको अभिबृद्धि, नेपाली विद्यार्थी एवं युवा वर्गमा पर्वतारोहण गतिविधिलाई लोकप्रिय बनाउने र आगामी पुस्ताको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा हिमाली क्षेत्रको सुन्दरताको संरक्षणको लागि जागरुक एवं सचेत गराउने विविध उद्देश्यका साथ नेपाल पर्वतारोहण संघको स्थापना भयो।

यी उद्देश्यहरुका साथ राष्ट्रिय खेलकूद परिषदको



एउटा कोठामा सचिवालय राखी स्थापित नेपाल पर्वतारोहण संघले पर्वतारोहीहरुको दक्षता बृद्धिका लागि पर्वतारोहण तालिम प्रदान, पर्वतारोहीहरुका लागि कल्याणकारी कार्यक्रमहरु संचालन तथा अन्तर्राष्ट्रिय स्तरसम्म संघलाई उपस्थित गराउने लगायतका कार्यहरु नियमित रुपमा गर्ने चुनौती छदैथियो र यसको लागि यथेष्ट कोष नभै सम्भव हुने कुरै थिएन। यसै कुरालाई दृष्टिगत गर्दै कुमार खड्ग विक्रम शाह तथा तत्कालीन पर्यटन मन्त्री डा. हर्क बहादुर गुरुङ्गको विशेष पहलमा सन् १९७८ मा संघले आरोहण अनुमति पत्र जारी गर्न पाउने र आरोहण अनुमति दस्तुर उठाउन पाउने गरी श्री ५ को सरकारको मन्त्रिपरिषदको निर्णयबाट १८ वटा चुलीहरु प्राप्त गऱ्यो। तत्पश्चात संघका हरेक क्रियाकलाप संचालनमा थप सुगमता हुन गयो।

हिमाल आरोहणका क्रममा विभिन्न पर्वतारोहीहरुका मृत्यु हुनुका मुख्य कारक तत्वको रुपमा रहेको आरोहण सम्बन्धी प्राविधिक ज्ञानको कमी टड्कारो रुपमा सबै सामु खट्किरहेको थियो। यसको लागि नेपालका पर्वतारोहीहरुमा पर्वतारोहण सम्बन्धी प्राविधिक एवं सैद्धान्तिक दक्षता बृद्धिको लागि नेपालमै सुलभ ढंगले पर्वतारोहण तालिम संचालन गर्नु नितान्त आवश्यक थियो। यसै सन्दर्भमा कुमार खड्ग विक्रम शाहबाट तत्कालीन युगोस्लाभियाको पर्वतारोहण संघ संग सम्बन्ध स्थापना गरी सन् १९७९ देखि मनाडुमा नियमित रुपमा पर्वतारोहण तालिमको शुरुआत भयो जुन मैत्री पूर्ण एवं प्राविधिक सहयोगको आदान प्रदान यथावत छ। त्यसै बेला युगोस्लाभियाको सोही संस्थाको सहयोगमा मनाडुमा पर्वतारोहण स्कूलको निर्माण समेत सम्पन्न भयो। यसबाट पेशेवर पर्वतारोहीहरुलाई थप ज्ञान हासिल भई पर्वतारोहण पेशामा सहजता थपियो भने नयाँ पीँढिलाई यसतर्फ थप आकर्षित पार्न महत्वपूर्ण योगदान पुगेको छ।

नेपाल हिमालयको चिनारी र नेपालको पर्वतारोहण गतिविधिलाई विश्व सामु परिचित गराउन एवं प्रचार प्रसार गर्न नेपाल र विभिन्न राष्ट्रको संयुक्त आयोजनामा एक कार्यक्रम संचालनको अपरिहार्यतालाई महसूस गरी कुमार खड्ग विक्रम शाहले ईटाली तथा नेपालको पर्वतारोहीहरुको संयुक्त सगरमाथा आरोहणको सोच अगाडि सार्दै सन् १९८० मा संयुक्त आरोहण संचालन भयो। उक्त संयुक्त आरोहणमा सफलता मिल्न नसके तापनि नेपाल हिमालयको युरोपमा प्रचार प्रसार गर्न सो संयुक्त आरोहण अत्यन्तै सहायक सिद्ध भयो। यतिले मात्र नेपाल हिमालयको चिनारी संसार सामु पुऱ्याउन नसकिने भएकोले विश्वस्तरमै नेपाललाई उपस्थित गराउन नितान्त आवश्यक महसूस गरी दुरदर्शी कुमार खड्ग विक्रम शाहको पहलमा नेपाल पर्वतारोहण संघलाई अन्तर्राष्ट्रिय पर्वतारोहण महासंघ (यू.आई.ए.ए.) को सशक्त एवं सक्रिय सदस्यको रुपमा प्रवेश गराई सन् १९८२ मा उक्त महासंघको ४४ औं महासभा तथा सो महासंघको ५० औं वार्षिकोत्सव नेपालमै सम्पन्न भयो। यस कार्यक्रमले नेपाल पर्वतारोहण संघलाई अन्तर्राष्ट्रिय पर्वतारोहण क्षेत्रमा एक शशक्त संस्थाको रुपमा परिचय गराउनुका साथै यसले हिमाली प्रकृतिको संरक्षण, अन्तर्राष्ट्रिय संस्कृतिको मर्यादा एवं सम्मान, पर्वतीय सुन्दरता कायम, मित्रता एवं आपसी सम्मानलाई कायम राख्दै विभिन्न देशका पर्वतारोही बीचको आपसी सम्पर्क बृद्धि, मानव र वातावरणको आपसी सम्बन्ध र संरक्षण, पर्यावरणको संरक्षण तथा पर्वतीय गतिविधिलाई व्यापक गराउने सन्देशका साथ हिमालय र पर्वतारोहण सम्बन्धी काठमाडौं घोषणापत्र समेत जारी गऱ्यो।


कुमार खड्ग विक्रम शाहको विशेष पहलमा आवश्यक सम्झौता भई वहाँके सबल एवं सक्षम नेतृत्वमा सन् १९८८ मा सम्पन्न नेपाल-जापान-चीन सम्मिलित त्रिदेशीय सगरमाथा संयुक्त आरोहणलाई सगरमाथा आरोहणकै इतिहासमा अभूतपूर्व मानिन्छ। उक्त आरोहणमा तीन देशका गरी जम्मा २५२ जना पर्वतारोही सम्मिलित थिए भने सो आरोहणमा सगरमाथाको आरपार आरोहण भएको थियो जसको प्रत्यक्ष प्रसारण जापानको निप्पन टेलिभिजनको स्याटेलाईट मार्फत विश्वको ३० राष्ट्रमा गरिएको थियो। यो कार्यक्रम नेपाललाई अन्तर्राष्ट्रिय क्षेत्रमा सगरमाथाको देश भनेर चिनाउन कोशेढुङ्गा नै साबित भयो।

यी विविध महत्वपूर्ण कार्यहरु लगायत संघले हाल पोखरामा निर्माण गर्दै रहेको अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालयलाई आवश्यक पर्ने जग्गा श्री ५ को सरकारबाट उपलब्ध गराउन पनि उहाँको महत्वपूर्ण भूमिका रहेको थियो।

नेपाल पर्वतारोहण संघको स्थापना भएको आज झण्डै २९ वर्ष पुग्नलागेको छ। यसलाई देशकै एक मात्र पर्वतारोहण संस्थाको रुपमा संसार सामु सुपरिचित गराउन, पर्वतारोहण तालिम तथा पर्वतारोही कल्याणकारी कार्यहरु संचालन तथा देशको पर्वतारोहण गतिविधिको प्रचार प्रसार, सुदृढ एवं विकास गराउने मामिलामा संघलाई अग्रणी रुपमा प्रस्तुत गर्न कुमार खड्ग विक्रम शाहको योगदानलाई संघले जति प्रशंसा एवं कदर गरे पनि कम हुन्छ भन्नुमा अत्युक्ति नहोला। उहाँले नेपालको पर्वतारोहण क्षेत्रको विकासका लागि देख्नुभएको सपनाहरुलाई साकार पार्न सकेमा नै उहाँ प्रति सच्चा श्रद्धाञ्जलि व्यक्त हुन सक्दछ।

अन्तमा आदरणीय कुमार खड्ग विक्रम शाह प्रति श्रद्धाका दुई थुगा।

कान्छा सगरमाथा आरोही तेम्बाछिरी शेर्पा



१६ वर्षको कलिलो उमेरमा विश्वको सर्वोच्च शिखर सगरमाथाको सिरानमा पुगेर दोलखाका तेम्बाछिरी शेर्पाले नयाँ विश्व कीर्तिमान स्थापना गरेका छन् । उनी १५ वर्ष १८ दिनको उमेरमा तिब्बती मोहडाबाट गत २०५८ जेष्ठ १० गते (May 23, 2001) बिहान करीब ७ बजे सगरमाथाको चुचुरोमा पुगेका थिए । तेम्बाको यो सफल आरोहणबाट नेपालकै पर्वतारोही श्री शम्भु तामाङले १७ वर्षको उमेरमा सगरमाथा आरोहण गरी सन् १९७३ देखि कायम गर्दै आएको कीर्तिमान तोडिएको छ ।

तेम्बाछिरी हिम्मत नहार्ने साहसी युवा हुन् । गत वर्ष पहिलो पटक उनले सगरमाथा आरोहणको प्रयास गरेका थिए तर चुचुरोभन्दा केवल २२ मीटर तल ८८२६ मीटरको उचाईसम्म मात्र पुगी फर्केका थिए । त्यसबेला उनले जुत्ताको तुना कस्न हातमा लगाएको पन्जा खोल्दा दायाँ हातको ३ वटा र वायाँ हातको २ वटा गरी ५ वटा औंलाहरु हिउँले खाएको कारण बाध्य भई आफ्नो आरोहण अभियान परित्याग गरी फर्किनु परेको थियो । त्यस बेला फर्केपछि देखिनै तेम्बाले अर्को साल फेरी चढ्छु भन्ने अठोट गरिसकेका थिए । यो साल यति एयरलाइन्स र थामसेर्कु ट्रेकिङको प्रायोजन र सिद्धार्थ वनस्थली इन्स्टिच्यूटको रु. ५०,०००/- को आर्थिक सहयोगमा आफ्नो *इन्टरनेशनल तिब्बत एक्सपीडिसन* अभियान सफल भएकोमा उनी खुशी छन् । उनी भन्छन् : "चुचुरोमा नपुग्दासम्म नपुगिएलाकी, के होला भन्ने ढुकढुक भइरहन्थ्यो । पुगेपछि त धेरै खुशी र आनन्द लाग्यो ।" यसबाट हिम्मत गरेपछि सफल भइने रहेछ भन्ने कुरामा तेम्बामा आत्मविश्वास बढेको छ । यसै सन्दर्भमा गत वर्ष सगरमाथा आरोहणमा जानु अगाडि राजदरबारमा श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको दर्शन भेटको अवसरमा सरकारबाट तेम्बालाई *"जान त जानु तर जवर्जस्ती गरी आफ्नो जीवन खतरा हुने गरी नजानु ....."* हुकुम भएको कुरा झलझली सम्झदै भन्छन् : "पोहोर साल राजाबाट सगरमाथाको चुचुरोमा फहराउन एउटा राष्ट्रिय झण्डा बक्स भएको थियो, त्यसलाई फर्काउनु परेकोले जतन साथ राखेको थिएँ, यसपाली चुचुरोमा पुऱ्याएँ र त्यो राष्ट्रिय झण्डा राजालाई नै चढाउने सोचिरहेको थिएँ तर म काठमाडौं जेठ १७ गते आइपुगेको २ दिनपछि १९ गते नै त्यत्रो ठूलो दुर्घटना भयो । मलाई साह्रै नै खिन्न लागेको छ ।"

यसपटक तेम्बाले सगरमाथामा नेपालको राष्ट्रिय झण्डाका साथै आफू पढ्दै गरेको स्कूल सिद्धार्थ वनस्थली इन्स्टीच्यूटको झण्डा पनि फहराएका थिएँ । दोलखा जिल्लाको गौरीशंकर गा.वि.स. वडा नं. ५, तासीनाम गाउँमा २०४२ वैशाख २४ गते जन्मेका तेम्बाको बाबु छौवा शेर्पा आमा लाक्पा डिकी शेर्पाका साथै एकजना वर्ष २० का दाजु र १४ वर्षका भाई छन् । १०-११ वर्षको कलिलो उमेरदेखिनै हिमाल चढ्ने अभिरुची भएका तेम्बाको परिवारमा दाजु, बाबु र धेरैजसो नातागोताहरु ट्रेकिङ र पर्वतारोहण पेशामा लागेका र सगरमाथा विश्व प्रसिद्ध भएकोले यो चढेपछि यस्तो हुन्छ, उस्तो हुन्छ भन्ने धेरैबाट धेरै नै सुनेकोले सगरमाथा चढ्ने अठोट गरेका थिए । आरोहण बारेको प्रेरणा र भावी योजनाबारे तेम्बा भन्छन् - "आमाले त सधैं नजाउँ नै भन्नु हुन्छ, बुवाले जाउ पनि भन्नु हुन्न, नजाउ पनि भन्नु हुन्न । यसैले परिवारबाट त्यस्तो कुनै प्रेरणा पाएको छैन । मलाई जान प्रेरित गर्न घच्घच्याउने कोही छैन तर जानु राम्रो हो जानु पर्छ भन्नेहरु भने थुप्रै छन् । मैले कीर्तिमान तोडि हालें फेरी सगरमाथा आरोहण गर्ने बारेमा खासै चासो छैन । भविष्यमा कतैबाट स्पोनसर पाएँ भने जान पनि सक्छु । तर कति पटक भन्ने बारेमा सोचेको छैन ।"

गत वर्ष नेपाल तर्फबाट दक्षिणी मोहडाबाट करीब करीब सगरमाथाको शिखरको नजिक पुगेका र यस वर्ष तिब्बत

तेम्बाछिरी शेर्पाले सफल आरोहण गरेका हिमालहरु

क्र.सं.	हिमाल	वर्ष	उचाई
१	नवल चुली (मनाङ)	२०५६	५,९३८ मीटर
	Nawal Peak (Manang)	1999	5,938 m
२	इम्जात्से चुली (खुम्बु)	२०५६	६,१६० मीटर
	Island Peak (Khumbu)	1999	6,160 m.
३	सगरमाथा (उत्तरी मोहडा)	२०५८	८,८४८ मीटर
	Everest (North Side)	2001	8,848 m.

तर्फको उत्तरी मोहडाबाट शिखर टेकेका तेम्बाछिरी दुवै मार्गबारे आफ्नो अनुभवलाई तुलनात्मक रुपले यसरी व्यक्त गर्छन् – "तिब्बतबाट अलि टाढा पर्छ, बाटोमा खरपस पनि एक दुई वटा मात्र देखें । नेपाल पट्टि, ठाडो चढनु पर्छ, खरपस धेरै देखिन्छ, धेरै होस पुऱ्याउनु पर्छ, हिउँ पहिरो बरावर आईरहन्छ, तिब्बत तर्फ हिउँ पहिरो देखिएन । नेपालपट्टि खतरा छ तिब्बत तर्फबाट नै सजिलो जस्तो लाग्यो । बाटोमा फोहोर त उस्तै उस्तै हो दुबैतिरबाट । तिब्बततर्फ अन्तिम शिविर (Last Camp) ८,३०० मीटरभन्दा माथि ३ वटा लासहरु देखें । नेपालपट्टि पनि लासहरु छन् भन्ने सुनेको थिएँ तर मैले देखिन ।"

तेम्बाको विचारमा हिमाल चढ्न र वर्लन दुवै गाह्रो हो तर चढ्ने क्रममा बल चाहिने र भारी पनि हुने भएकोले चढ्न नै गाह्रो हुन्छ । वर्लंदा भारी धेरै नै कम हुन्छ त्यसैले वर्लंदा नै सजिलो हुन्छ र वर्लंदा समय पनि कम लाग्ने हुन्छ । उनी यस पटक सगरमाथाको टाकुराबाट उच्च आधार शिविर (६२००) मीटर) मा एकै दिनमा आईपुगेका थिए ।

नेपाल पर्वतारोहण संघबाट २०५६ सालमा आधारभूत पर्वतारोहण तालिम लिएका तेम्बाले यसै वर्ष मनाडको नवल पिक (५,९३८ मीटर) र खुम्बुको आइल्याण्ड पिक (६,१६० मीटर) को सफल आरोहण गरिसकेका छन् ।

बिहाल बेलुका पढ्ने, दिउँसो स्कूल जाने र समय पाएमा फुर्सदमा खेल्न मनपराउने तेम्बाले आफ्नो भविष्यको जीवनबारे भने सोचिसकेका छैनन् । उनी भन्छन् - "मेरो भविष्यको बारेमा केही सोचेको छैन, अहिले पढदैछु । पढँदै जाउँ, सकेसम्म धेरै पढ्ने विचार छ तर कतिसम्म पढ्ने भन्ने बारेमा यसै भन्न सक्तिन्न । पढ्न भने मन लाग्छ । पर्वतारोहण पेशामा लाग्न पनि सक्छु, नलाग्न पनि सक्छु । अर्को विश्व कीर्तिमान राख्ने बारेमा पनि त्यस्तो केही सोचेको छैन ।"



पोहर साल हिउँले औंलाहरु खाएपछि...

गत वर्ष सगरमाथा आरोहण गर्दा हातका ५ वटा औंलाहरु हिउँले खाई आरोहण परित्याग गरि फर्केपछि काठमाडौंमा उपचार गर्ने क्रममा नेपाल पर्वतारोहण संघबाट पाएको सहयोग बारे तेम्बाछिरी भावुक भई सम्झिन्छन् - "नेपाल पर्वतारोहण संघले मेरो हातको औंलाहरुको उपचारका लागि हस्पिटलको सम्पूर्ण खर्च व्यहोरेको थियो । संघका अध्यक्ष टासि जाङबु शेर्पा बराबर आउनु हुन्थयो र आश्वासन र सहानुभूति दिईरहनु हुन्थयो । संघबाट सहयोग पाएकोमा धेरै खुशी लागेको छ र संघप्रति कृतज्ञ छु । शायद त्यसबेला त्यो सहयोग नपाएको भए मेरो हात के हुन्थयो होला ..... ।"

सानो उमेरमा ठूलो काम गरी विश्व पर्वतारोहणको इतिहासमा नयाँ कीर्तिमान कायम गरी नेपालको इज्जत बढाएकोमा साहसी युवा पर्वतारोही तेम्बाछिरी शेर्पालाई हार्दिक बधाई र शुभकामना ।

प्रस्तुति :
डा. हरि प्रसाद श्रेष्ठ

नाम : तेम्बाछिरी शेर्पा
जन्म मिति र स्थान : वि.स. २०४२ वैशाख २४ गते (May 06, 1985) सोमबार
शिक्षा : ९ कक्षा
तालिम : नेपाल पर्वतारोहण संघव्दारा मनाङमा प्रदान गरिएको आधारभूत पर्वतारोहण तालिम (२०५६)
पेशा : विद्यार्थी
परिवार : बाबु, आमा, दाजु (२० वर्ष) र भाई (१४ वर्ष)
रुची : खेलकूद, पर्वतारोहण
पदक सम्मान : - गणेशमान बाल प्रतिभा पुरस्कार २०५७
- सुन्दरे शेर्पा राष्ट्रिय प्रतिभा पुरस्कार २०५७ (घोषित)
– TAAN Everest International Award 2001
जानेको भाषा : नेपाली, अंग्रेजी, शेर्पा
विदेश भ्रमण : भारत (कलकत्ता) र चीन (तिब्बत)
मन परेको रंग : रातो
मन परेको नेता / व्यक्ति : बाबुछिरी शेर्पा, धेरै सहयोगी, भद्र र मिलनसार भएकोले
जीवनको उद्देश्य : यसबारे सोचिसकेको छैन
पहिलो हिमाल आरोहण : नवल पिक (५,९३८ मीटर) वि.सं. २०५६ मा

सगरमाथाको टाकुरामा भएको अनुभव

त्यसबेला मैले धेरै आनन्दको अनुभव गरें । नपुरदासम्म नपुगुलाँकी भन्ने एक प्रकारको डर थियो र मनमा ढुक ढुक भइरहन्थ्यो । त्यसबेला मैले गएको वर्ष हातका ५ औंलाहरु हिंउका कारण गुमाउनु परेता पनि विश्वको सर्वोच्च शिखरमा सबैभन्दा कान्छा आरोहीको रुपमा राष्ट्रिय झण्डा फहराउन पाएकोमा खुशी अनुभव गरें र मेरो बा, आमा र हितैषीहरु सबैलाई सम्झें ।

जीवनमा विर्सन नसकिने घटना

पोहोर साल (वि.सं. २०५७) सगरमाथा आरोहण गर्ने क्रममा ८,८२६ मीटरको उचाईसम्म पुगेर पनि आफ्नो अभियान परित्याग गर्नु परेको घटनामा म साह्रै नै दुःखित छु । यो घटना म मेरो जीवनभरी नै बिर्सन सक्दिन हुँला । त्यसबेला सफल आरोहण गर्न सकेको भए यस पटकको भन्दा १ वर्ष कम उमेरमा अर्थात १५ वर्षको उमेर चढेको हुने थिएँ ।

ठेगाना : (क) स्थायी : दोलखा जिल्ला, गौरीशंकर गा.वि.स.
तासीनाम गाउँ, वडा नं. ५
(ख) हाल : सिद्धार्थ वनस्थली इन्स्टीच्यूट, बालाजु, चक्रपथ, काठमाडौं ।
फोन : ३५२१७८

हस्ताक्षर तेम्बा छिरी शेर्पा



फ्रान्सका राजदूत प्रशिक्षार्थीहरुलाई प्रमाणपत्र दिनु हुँदै (माथि) प्रशिक्षक, सहभागीहरु (तल)

प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण

नेपाल पर्वतारोहण संघले डिसेम्वर १५, २००० देखि जनवरी १५, २००१ सम्म लाडटाङमा संचालन गरेको उच्च पर्वतारोहण तालिम (Advance Mountaineering Training) को प्रमाणपत्र वितरण कार्यक्रम गत माघ ३, २०५७ मा सम्पन्न भयो ।

फ्रान्सको सामोनीस्थित Ecole Nationale de Ski et d'Alpinisme (ENSA) को प्राविधिक सहयोगमा सम्पन्न यस तालिममा महिला ४ र पुरुष १३ गरी जम्मा १७ जना नेपाली प्रशिक्षार्थीहरुले सफलताका साथ प्रशिक्षण सम्पन्न गरेका थिए । प्रशिक्षणमा दुई जना नेपाली प्रशिक्षक र एक जना फ्रान्सेली प्रशिक्षक लगायत एक जना फ्रान्सेली डाक्टरले पर्वतारोहण सम्वन्धी विविध प्राविधिक, व्यवहारिक र सैद्धान्तिक प्रशिक्षण दिनुभएको थियो ।

नेपालका लागि फ्रान्सेली राजदूत Claude Ambrosini को प्रमुख आतिथ्य तथा संघका द्वितीय उपाध्यक्ष विक्रम पाँडेको सभापतित्वमा सम्पन्न उक्त समारोहमा संघका महासचिव भूमिलाल लामाले फ्रान्सले संघका विविध गतिविधिहरु प्रति दर्शाउँदै आएको सहयोग राजदूतको कार्यकालमा अझ विस्तृत हुँदै जाने विश्वास व्यक्त गर्दै उपस्थित महानुभावहरुको लागि स्वागत मन्तव्य प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा प्रमाणपत्र वितरण गर्नु हुँदै महामहिम राजदूतले फ्रान्स र नेपाल वीचको मैत्रीपूर्ण सम्वन्धको चर्चा गर्नु हुँदै फ्रान्सेली पर्वतारोहण स्कूल 'एन्सा' को निरन्तर सहयोग आगामी दिनहरुमा कायम रहने विश्वास व्यक्त गर्नुभयो । सो अवसरमा राजदूतले फ्रान्समा उच्च पर्वतारोहण तालिमको लागि एक जना नेपाली प्रशिक्षार्थीको लागि फ्रान्सेली राजदूतावासवाट पूर्ण छात्रवृत्ति उपलब्ध गराईने कुरा वताउनुभयो । महामहिम राजदूतले नेपाल पर्वतारोहण संघ र एन्सा वीच उच्च पर्वतारोहण तालिम तथा UIAGM तालिम संचालनको लागि एक प्रोटोकलमा हालै हस्ताक्षर भएको स्मरण गराउनुभयो ।

समारोहमा अतिथी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सह-सचिव तथा पर्यटन उद्योग महाशाखाका प्रमुख शंकर प्रसाद कोइरालाले पर्वतारोहीहरुले नेपालको पर्वतीय पर्यटन, विशेष गरी पर्वतारोहणको विकासमा विश्वभर पर्वतारोहण राजदूतको रुपमा कार्य गर्नुपर्ने वताउनुहुँदै अन्तर्राष्ट्रिय पर्वतीय पथप्रदर्शकको रुपमा नेपाली पथप्रदर्शकहरुलाई मान्यता दिलाउनको लागि नेपाल पर्वतारोहण संघले थालनी गरेको सम्पूर्ण कार्यहरुलाई श्री ५ को सरकारले पूर्ण रुपमा सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा फ्रान्सको पर्वतारोहण संस्था एन्सा तथा सामोनि अस्पतालका डा. जेरोम मोरासिओलीले पर्वतारोहणको प्रशिक्षण कहिले पनि अन्त हुँदैन भन्नुहुँदै पर्वतारोहणको व्यक्तिगत अभ्यास र स्वाध्यायनले मात्र पर्वतारोहणमा दक्षता हासिल गर्न सकिने विचार व्यक्त गर्नुभयो । तालिममा प्रशिक्षकका तर्फवाट नेपाली प्रशिक्षक ल्हाक्पा नोर्वु शेर्पा र प्रशिक्षार्थीहरुका तर्फवाट रमेशमान डंगोलले प्रशिक्षणका वारेमा आ-आफ्नो अनुभव व्यक्त गर्नुभयो ।

समारोहका अध्यक्ष तथा संघका द्वितीय उपाध्यक्ष विक्रम पाँडेले नेपाली पर्वतारोहीहरुलाई अन्तर्राष्ट्रियस्तरको मान्यता दिलाउन संघले आवश्यक गृहकार्य गरेको जानकारी दिनुहुँदै तालिममा संलग्न नेपाली प्रशिक्षकहरु ल्हाक्पा नोर्वु शेर्पा तथा ईमान गुरुङ्ग एवं स्वयंसेवकको रुपमा प्रशिक्षण दिनुहुने नेपाली प्रशिक्षक प्रेम बहादुर गुरुङ्गलाई विशेष धन्यवाद दिनुभयो ।

थामेमा उच्च पर्वतारोहण तालिम


नेपाल पर्वतारोहण संघ र ईको हिमालको संयुक्त आयोजनामा गत २२ अप्रिल २००१ देखि २९ मे २००१ सम्म सोलुखुम्बुको थामेमा संचालित उच्च पर्वतारोहण तालिममा सफल प्रशिक्षार्थीहरुलाई गत जेठ १७ गते नेपाल पर्वतारोहण संघको सचिवालय, नागपोखरी, नक्सालमा एक कार्यक्रमको आयोजना गरी प्रमाणपत्र वितरण गरियो । संघ र ईको हिमालको संयुक्त आयोजनामा गरिएको यो तेश्रो उच्च पर्वतारोहण तालिममा ११ जना नेपाली प्रशिक्षार्थीहरुलाई दुईजना अष्ट्रियन र एकजना नेपाली प्रशिक्षकहरुले प्रशिक्षण प्रदान गर्नुभएको थियो ।

कार्यक्रममा ईको हिमालका तर्फबाट एशियन रिजनल डाईरेक्टर डा. म्याक्स स्यान्ट्नरले संघ र ईको हिमालले संयुक्त रुपमा आयोजना गर्दै आएको उच्च पर्वतारोहण तालिम र फिमेल आउटडोर लिडरसिप तालिम भविष्यमा पनि निरन्तर संयुक्त रुपमा संचालन गर्दै जाने विचार व्यक्त गर्नुभयो । साथै प्रशिक्षार्थीका तर्फबाट धन बहादुर राईले यस किसिमका तालिमहरु बढी से बढी संचालन भएमा पर्वतारोहण क्षेत्रमा लाग्न थप हौसला प्रदान हुने विचार व्यक्त गर्नुभयो ।

स्वागत मन्तव्य व्यक्त गर्दै संघका महासचिव भूमिलाल लामाले संघले हालसम्म आधारभूत तथा उच्च रक क्लाईम्बिङ्ग तालिम, फिमेल आउटडोर लिडरसिप तालिम, ट्रेक टूर लिडर तालिम, जुनियर बेसिक तालिम लगायत आधारभूत तथा उच्च पर्वतारोहण तालिम समेत गरी जम्मा ९०४ जना स्वदेशी तथा विदेशी प्रशिक्षार्थीहरुलाई तालिम प्रदान गरिसकेको बारेमा प्रकाश पार्नुभयो । यस किसिमका प्राविधिक तालिमहरुले पर्वतारोहण गर्दा हुने दुर्घटनाहरुमा कमी आएको हुनाले संघले प्रदान गर्ने तालिमहरुमा अझ व्यापकता ल्याउने विचार उहाँले व्यक्त गर्नुभयो ।

कार्यक्रममा प्रमाणपत्र वितरण गर्दै संघका प्रथम उपाध्यक्ष आङ छिरिङ शेर्पाले सफलतापूर्वक तालिम प्राप्त गरेका प्रशिक्षार्थीहरुले पर्वतारोहण क्षेत्रमा भविष्यका गतिविधिलाई जिम्मेवारीपूर्वक काँध थाप्न सक्ने सक्षमता प्राप्त गर्नुभएकोमा संघको तर्फबाट बधाई ज्ञापन गर्दै ईको हिमाल र नेपाल पर्वतारोहण संघका तर्फबाट तालिम प्रदान गर्नुहुने प्रशिक्षकहरुलाई धन्यवाद दिनुभयो ।

पर्वतारोहण प्रशिक्षणमा फ्रान्सको सहयोग



नेपालको पर्वतारोहण क्षेत्रमा लागेका नेपाली पर्वतारोहीलाई प्राविधिक तालिम दिने उद्देश्यले फ्रान्सको सोमानिस्थितबाट सन् १९८२ देखि नेपाल पर्वतारोहण संघलाई सहयोग प्राप्त हुँदै आएको छ। संघले प्रदान गर्ने विभिन्न किसिमका पर्वतारोहण तालिमहरु मध्ये फ्रान्सको प्राविधिक सहयोगमा संघले उच्च पर्वतारोहण तालिम संचालन गर्दै आएको छ। सन् १९८२ देखि यस क्षेत्रमा प्राप्त सहयोगलाई निरन्तरता दिने उद्देश्यले २०५७ पुस २६ गते एक सहयोग सम्झौतामा हस्ताक्षर सम्पन्न भयो।

फ्रान्सका राजदूत क्लड एमब्रोसिनीको उपस्थितिमा सम्पन्न हस्ताक्षर कार्यक्रममा ENSA को तर्फबाट निर्देशक बर्नार्ड पाल्लिसेर र नेपाल पर्वतारोहण संघका तर्फबाट संघका अध्यक्ष टाशी जाङबु शेर्पाले हस्ताक्षर गर्नुभएको थियो। उक्त कार्यक्रममा संघका अभिन्न मित्र प्रशिक्षक प्रोफेसर जाँ कुद्रे, फ्रान्सेली राजदूतावासका प्रथम सचिव दिदिए नुरीस्सों, रेनी मिलेभिल्ले, हेनरी सिगारे तथा नेपाल पर्वतारोहण संघका महासचिव भूमिलाल लामा, कार्यसमिति सदस्य जिम्बा जाङबु शेर्पाको उपस्थिति थियो।

नेपालको पर्वतारोहण इतिहासमा फ्रान्सेली पर्वतारोहीहरुको महत्वपूर्ण भूमिका रहिआएको छ। सन् १९५० को जुन महिनामा फ्रान्सेली पर्वतारोही मोरिस हर्जोग र लुइस लाचनेलले ८,०९१ मीटर उचाईको अन्नपूर्ण प्रथम हिमालको सफल आरोहण पछि नेपाल विश्व सामु परिचित भएको स्मरण गर्दै नेपाली पर्वतारोहीहरुलाई प्राविधिक रुपमा सक्षम बनाउन फ्रान्सको 'एन्सा' ले नेपाल पर्वतारोहण संघलाई उच्च पर्वतारोहण तालिम संचालन गर्न सहयोग गर्दै आएकोमा फ्रान्सको 'एन्सा' प्रति संघका अध्यक्ष टाशी जाङबु शेर्पाले हार्दिक आभार व्यक्त गर्नुभयो।

त्यस अवसरमा फ्रान्सको 'एन्सा' बाट नेपाली पर्वतारोहीहरुको प्राविधिक सीप विकासको लागि विभिन्न अवसरमा प्राविधिक तालिमको लागि छात्रवृत्ति प्रदान गर्दै आएको स्मरण गर्नु हुँदै यसलाई आगामी वर्षहरुमा पनि निरन्तरता दिने वचनबद्धता राजदूतले व्यक्त गर्नुभयो। यस्तै प्रशिक्षक जाँ कुद्रेले विश्वका ८,००० मीटर उचाईका प्रसिद्ध १४ शिखरहरु मध्ये ८ वटा नेपालमै रहेता पनि नेपाली पर्वतारोहीहरु सधैं सहयोगीको रुपमा मात्र पर्वतारोहण पेशामा लागेका छन्, नेपाली पर्वतारोहीहरुले अब सहयोगी मात्र नभई पर्वतारोहण दलकै नेतृत्व गर्न सक्षम भैसकेको अवस्थामा पनि अन्तर्राष्ट्रिय पर्वतीय पथ प्रदर्शक संघबाट मान्यता प्राप्त नेपाली पर्वतीय पथ प्रदर्शकहरु नेपालमा नहुनुमा दुःख व्यक्त गर्नु हुँदै मान्यता प्राप्त पथ प्रदर्शकहरु उत्पादन गर्ने बेला आइसकेको उल्लेख गर्नुभयो।

नौ हिमशिखर खुला गरिएकोमा स्वागत

नेपालको पर्यटन उद्योगमा पर्वतीय पर्यटनले निर्वाह गरेको महत्वपूर्ण भूमिका दृष्टिगत गरी हालै श्री ५ को सरकारले नेपाल अधिराज्यका ल्होत्से मध्य, पीक ३८, हुञ्ची, नुम्री, तेङकाङपोचे, पी २, थापा पीक, न्हेसेर्कु तथा थोराङ पीक लगायतका नौ (९) हिमशिखरहरु यही सन् २००१ को वसन्त ऋतुदेखि लागू हुने गरी पर्वतारोहणको लागि खुला गरेकोमा नेपाल पर्वतारोहण संघले त्यस निर्णयको हार्दिक स्वागत गरेको छ।

नेपालको समग्र पर्यटन विकास तथा प्रवर्धनमा प्रमुख हिस्सा ओगट्दै आएको पर्वतारोहण क्षेत्रप्रति थप आकर्षण पैदा गर्न श्री ५ को सरकारको यस किसिमका सकारात्मक निर्णयहरुले नेपालको पर्यटन उद्योगको अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धनात्मक बजारीकरण गर्न विशेष योगदान पुग्ने कुरामा नेपाल पर्वतारोहण संघले विश्वास व्यक्त गरेको छ।

खुल्ला गरिएका हिमशिखरहरुले संसारभरका साहसिक पर्यटन प्रेमीहरुलाई थप आकर्षक क्रिडास्थलको रुपमा प्रयोग गर्ने सुअवसर प्रदान गर्नेछ। साथै यस कदमले स्वदेशभित्र यस क्षेत्रमा लागेका र लाग्ने सम्पूर्ण उद्यमी, व्यवसायी र पेशारत व्यक्तिहरु लगायत खुल्ला गरिएका हिमशिखरहरु रहेका स्थानीय क्षेत्रको विकास तथा स्थानीय वासिन्दालाई नयाँ अवसरहरु सिर्जना हुनेछ।

नेपाल-मंगोलिया पर्वतारोहण सम्बन्ध

सन् १९९३ देखि शुरु भएको नेपाल पर्वतारोहण संघ र मंगोलियन पर्वतारोहण संघ तथा मंगोलियन सेण्ट्रल माउण्टेन अल्टाई क्लब बीचको मैत्रीपूर्ण सम्बन्ध अनुसार आपसी समझदारी, मैत्रीपूर्ण सहयोग तथा प्रतिनिधिमण्डलको आदान-प्रदान गर्ने सहमति भयो। मैत्रीपूर्ण सम्बन्ध स्थापित भएपछि सो सम्बन्धलाई निरन्तरता दिने उद्देश्यले पहिलो पटक सन् १९९४ मा महिला सदस्यहरु सम्मिलित 'ब्लु स्काई एक्सपेडिन' आयोजना गरिएको थियो। सो आरोहण टोलीले नेपाल पर्वतारोहण संघको सहयोगमा संघ अन्तर्गतको नयाँ काङगा चुली सफलतापूर्वक आरोहण गरेको थियो।

दुई पर्वतारोहण संघबीच रहिआएको सम्बन्धलाई निरन्तरता दिने उद्देश्यले २०५७ पौष २२ गते नेपाल पर्वतारोहण संघको सचिवालयमा आयोजित एक समारोहका बीच आपसी सहयोग सम्झौतामा दुवै पक्षबीच हस्ताक्षर सम्पन्न भएको थियो।

मंगोलिया र नेपाल अधिराज्यबीच दौत्य सम्बन्ध कायम भएको ४०औं वार्षिकोत्सवको उपलक्ष्यमा पहिलो पटक मंगोलियाका राष्ट्रपति बागाबन्दीका नेपालको राजकीय भ्रमणको टोलीमा सहभागी भएका मंगोलियन पर्वतारोहण संघ तथा मंगोलियन सेण्ट्रल माउण्टेन अल्टाई क्लबका अध्यक्ष लगायतका प्रतिनिधि तथा सहभागीहरुको उपस्थितिमा सम्पन्न उक्त हस्ताक्षर कार्यक्रममा नेपाल पर्वतारोहण संघका तर्फबाट संघका अध्यक्ष श्री टाशी जाङबु शेर्पा तथा मंगोलियन पर्वतारोहण संघका तर्फबाट मंगोलियन सेण्ट्रल माउण्टेन अल्टाई क्लबका अध्यक्ष आर जोरिगले हस्ताक्षर गर्नुभएको थियो।


हस्ताक्षरित सम्झौता अनुसार सन् २००१ को जुन महिनामा मंगोलिया-नेपाल सम्युक्त आरोहण दलले मंगोलियाको ८०औं राष्ट्रिय दिवसको उपलक्ष्यमा मंगोलियास्थित हालसम्म कसैले नचढेको चुली Altai Tavan Bogd सम्युक्त रुपमा आरोहण गर्ने निर्णय गरिएको थियो।

त्यस्तै सगरमाथा आरोहणको ५०औं वार्षिक महोत्सवको उपलक्ष्यमा नेपाल-मंगोलिया सम्युक्त आरोहण दलले सोही वर्ष सन् २००१ को अक्टोबर-नोभेम्बर महिनामा नेपालको ८,००० मीटर उचाईका कुनै एक चुली आरोहण गर्ने निर्णय गरिएको छ।

कस्तो कठोर र निष्ठुरी हिम खाडल (खरपस) परेछ सबैको प्यारो बाबुलाई नै लानु पर्ने ?

❐ आङ फुर्वा शेर्पा

श्री ५ को सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल पर्यटन बोर्ड र नेपाल पर्वतारोहण संघको संयुक्त आयोजनामा सगरमाथाको आधार शिविरभन्दा माथिका फोहोर, अक्सिजनका बोतलहरु तल ल्याउने योजना अनुरुप Everest Rejuvenation Campaign 2001 को सम्योजक भई जाने क्रममा बैशाख १७ गतेका दिन दिउँसो ११ : ३० बजेतिर लोबुचे गाउँलाई काटेर जाँदै थिए । यत्तिकैमा बेसक्याम्पबाट एकजना साथी कुमारसंग भेट भयो र उसले मलाई दाई एउटा दुःखको खबर सुने होकि होइन होला ? भनी दुःखित भएर भन्यो : "बाबु छिरी Camp II मा हिम खाँडल (खरपस) मा परेछन रे" । मैले पक्का हो र भनी सोधे । खै खरपसमै परेको हो भनेर गोरखसेपमा केही व्यक्तिहरु आई फोन गरेको सुनेको हुँ भन्ने जवाफ पाए र मैले लगत्तै ए खरपसमा मात्र परेको भए उहाँलाई केही हुँदैन, किनकि खरपसभित्र परेर मानिसहरु ३/३ दिनसम्म बाँचेर आएका रेकर्डहरु पनि छन् भने । त्यसपछि म आफ्नो गन्तव्यस्थानतिर लाग्ने क्रममा मलाई कुमारको दुविधा खवरले केही क्षण त्यही अल्मलिए र कहाँ जाउँ, कस्लाई सोधु, के गरुँ भयो । त्यसपछि मेरा सहयोगी ओङछुलाई भने हिंड जाऊ हामी Italian Pyramid तिर, त्यहाँ फोनको सुविधा छ, त्यहाँ गएर बुझौंला भनी Pyramid तिर लाग्यौं । त्यहाँ पुगेर बुझ्न खोज्दा कसैले पनि केही थाहा नपाएको संकेत पाएँ र मैले क्रमबद्ध रुपमा पर्यटन मन्त्रालय, नेपाल पर्वतारोहण संघ र अरु सम्बन्धित ठाउँहरुमा फोन लगाएर बुझ्न खोज्दा हो यो खवर सही हो बाबुलाई Camp II देखि Base Camp ल्याउँदै छ र सकभर आजै नै हेलिकोप्टरबाट काठमाडौं ल्याउने योजना छ, तपाईं पनि चाँडोभन्दा चाँडो Base Camp पुगी सहयोग गरिदिनु पर्छ भनी अध्यक्ष टाशी जाङबु शेर्पाले मलाई निर्देशन दिनुभयो । सम्भव भएसम्म उहाँको शरीरलाई कुनै किसिमको घाउ, चोट पुऱ्याउनु भएन र भएमा ("छोमे") बत्ती बाल्ने व्यवस्था पनि मिलाउन लगाउनु पऱ्यो भनी भन्नुभयो । अध्यक्षज्यूको निर्देशन अनुसार "छोमे" का लागि सामग्री खोज्ने तर्फ लागे तर समय



बाबुछिरीको शव सगरमाथा आधार शिविरबाट काठमाडौं ल्याउने तयारीमा

नभएकोले "छोमे" (दीयो) को सट्टा मैनबत्ती बाल्ने निधो गरें र मैनबत्ती लगें ।

हिम सम्राट बाबुछिरी शेर्पाको दुःखद निधन भएको खवरले मेरो जिउ नै लतरक्कै गलायो तर मनले भने अझै विश्वास गर्न सकेन, यो हुनै सक्दैन । साधारण पर्वतारोहीहरु त २/३ दिन हिम खाँडलमा परेर बचेर आउन सक्छन् भने बाबु जस्तो मान्छेलाई के हुन्छ र भन्ने मनमा अनेकौं कुराहरु खेलाउँदै बेसक्याम्पतिर लागे । शरीरलाई बिना घाऊ, चोटपटक तल झार्नु पर्छ भन्ने कुरालाई मनमनै कसरी यो सम्भव होला त ? हिउंको खाडलै खाँडल आइसफलको बाटोमा आफ्नै ज्यान जोगाउन त मुस्किल पर्छ भने एउटा शवलाई बिना चोट नलगाईकन कसरी ल्याउन सकिन्छ होला भनी मनमनै कुरा खेलाउँदै बेसक्याम्पमा अन्दाजी ४ : ४५ बजेतिर पुगे । बाबुको पार्थिव शरीरलाई पनि सोही समयतिर नै बेसक्याम्प ल्याउन सफल भएका रहेछन् । बाबुलाई ल्याउन सबै टिमका शेर्पा, विदेशी सहयोगीहरु, ४०/५० जनाको जमात हुनुहुन्थ्यो । साहसी सहयोगी मित्रहरुलाई हृदयदेखि नै धन्यवाद टक्र्याउन चाहन्छु ।

क्याम्पमा पुग्नासाथ जुत्ता लुगाहरु फेरेर म सरासर बाबुछिरीको क्याम्प खोज्नतिर लागे । बेस क्याम्पमा १९/२० वटा टोलीहरु मध्ये बाबुको क्याम्प सबैभन्दा सिरानको उच्चा ठाउँमा रहेछ । सम्पूर्ण क्याम्पहरु नियाल्दै जाँदै थिए र प्रत्येक दलका सदस्यहरु त्यस दिन शोकमा डुबेका थिएँ, जहाँसम्म कि मौसम समेतले शोक मनाएको अनुभव हुन्थ्यो । किनकि बाबुछिरीलाई बेस क्याम्प पुऱ्याउन अघि एक घण्टा अघिदेखि फुसफुस हिऊ परिरहेको थियो र आसपासका सम्पूर्ण सेता हिमालहरु कालो बादल मडारिएको देखें । काठमाडौंको रमाईलो मेलाभन्दा कम नभएका रंगीचंगी ध्वजाहरु फरफराई रहेको बेसक्याम्प त्यो दिन हावामा फरफराउन छाडेर ठप्प भएको थियो । त्यस दिनको शान्त, शोकाकूल वातावरण देख्दा कतै यो संसार रै त हो ? यो बाबुप्रतिको सच्चा श्रद्धाञ्जली हो ? भनी आफूले आफैलाई प्रश्न गरे । यत्तिकैमा एकजना शेर्पा साथीले उ त्यो माथिको Mountain Hard Ware Dome Tent भित्र बाबुलाई राखिएको छ भनी देखायो । Dome Tent तिर जानु अघि पहिला बाबुको दाजु आङ दावालाई खोज्न थाले र म उभिएकै ठीक अगाडिको भान्सा पालभित्र केही साथीहरुले उहाँलाई सान्त्वना दिँदै गरेको देखे र मैले पनि दावालाई तपाईंको भाईको दुःखद निधनले हामी पर्वतारोहण क्षेत्रमा मात्र हैन सिंगो राष्ट्रले नै एउटा होनहार योद्धा गुमाउनु पऱ्यो र सबै शोकमा डुबेका छ भने । दावाजीले मलाई चिन्न सकेनन् र तपाईं को नि भनेर सोध्नुभयो र मैले मेरो परिचय दिए । यत्तिकैमा बाबुछिरीलाई श्रद्धाञ्जलि चढाउँन एक विदेशी Michael ले दावाजीसंग अनुमति मागे



बाबुछिरीप्रति अन्तिम श्रद्धाञ्जलिको भावुक क्षण

र दावाजीले हुन्छ यही माथि गोलो पालभित्र छ भन्नुभयो । म पनि Michel को पछि लागेर स्व. श्री बाबुछिरी शेर्पालाई श्रद्धाञ्जलि चढाए । हिम सम्राटको पार्थिव शरीरलाई पालको बायाँ पट्टिको एक छेउमा राखिएको थियो भने दाहिने पट्टि एउटा टेवलमाथि बौद्ध धर्म र संस्कृति अनुसार पुजा पाठ गराउनका लागि पुजाका सामग्रीहरु तयारी गराई बीचमा स्व. बाबुको एउटा हसिलो मुहार भएको तस्वीर राखी वरिपरी मैनबत्ती बालिराखेको थियो । मैले पनि बत्ती बाली श्रद्धाञ्जलि सहित केही मन्त्र जपे । अझै पनि मैले विश्वास गर्न सकिन कि जाबो एउटा हिम खाडँल (खरपस) ले बाबु जस्तो व्यक्तित्वको ज्यान लिएछ भनेर ! ती कति कठोर र निष्ठुरी परेछन् ! ती हिम खाडँल जसमा बाबुलाई नै लानु परेको ।

साँझको ७ बज्न ५/६ मिनेट मात्र बाँकी थियो मैले घडी हेर्दै Michael लाई नेपाल समाचार सुन्न जानुपर्‍यो भन्दा बाबुको बारेमा मैले त अघि नै BBC बाट सुने भनी Michael ले भन्नुभयो र म आफै समाचार सुन्नलाई विजय मानन्धरजी, जो British Team का Laision Officer भएर आउनु भएको रहेछ, वहाँकै पालमा गई राष्ट्रिय समाचार सुन्नतिर लाग्यौं । समाचारको शुरुवातनै हिमसम्राट बाबुछिरीको थियो र लगातार १५ मिनट जति दिइयो । हामी दुई बीच विचार विमर्श हुँदै थियो र उहाँले यत्रो लामो १५/१५ मिनेटसम्मको समाचार बाबुकै बारेमा कभर गर्ने भनेको चानचुने हैन फुर्वाजी भन्नुभयो । हो अवश्य पनि बाबुछिरी एउटा साधारण व्यक्तित्व होइनन् । पर्वतारोहण क्षेत्रमा हाल आएर कीर्तिमान तोड्न होडबाजी चलिआएको भएता पनि बाबुछिरी पर्वतारोहीहरुमध्ये पनि एउटा बेग्लै किसिमको खुबी र पहिचान भएका व्यक्तित्व हुन, जो हामीले अरुहरुबाट पाउन सक्दैनौ । प्रमाणितका रुपमा उहाँले विभिन्न विश्व कीर्तिमान राख्नु भएको छ, जुन मैले व्याख्या गर्नु जरुरी नहोला । दुई दुई चोटी Guinness Book मा आफ्नो नाम लेखाउन सफल हुनुभएको छ , त्यो मात्र नभई वहाँले २१/२१ घण्टा संसारको सबैभन्दा अग्लो चुचुरोमा बसी चिकित्सकलाई समेत चुनौती दिनुभएको सर्वविदितै छ ।

विधिको बिडम्बना भनौ या नेपालको संस्कृति भनौ जब नेपालमा विशेष व्यक्तिको देहावसान हुन्छ त्यसपछि मात्र त्यस व्यक्तित्वको महत्व बुझेको र बुझ्ने गरेको पाईन्छ । जबकि त्यस व्यक्तिले राष्ट्रकै लागि केही गर्दैछ भने राष्ट्रले उसलाई जीवितै हुँदा किन मान सम्मान, उचित पारिवारिक व्यवस्था गर्न नसक्ने ? कारण के त ? नेपालमा राम्रो काम गर्नेहरु र त्यसको महत्व बुझाउनलाई उसले ज्यानै गुमाउनु पर्ने हो त ? यी हुन हाम्रा नेपालमा हुने बिडम्बनाहरु ! बाबुछिरीको सन्दर्भलाई म यही जोड्न चाहन्छु कि श्री ५ महाराजाधिराज सरकारबाट समेत अब हिमाल नजाउ भनी हुकुम बक्स भएबाट सोही अनुसारको समयमै उचित व्यवस्था गरिदिएको भए आज हामी नेपालीले एक होनहार हिम योद्धा बाबुछिरी जस्तो व्यक्तित्वलाई गुमाउनु पर्ने थिएन कि ? पर्वतारोहण क्षेत्रमा लागेर आफू र आफ्नो देशलाई चिनाउन चाहने वीर नेपाली सपूतहरु पंक्तिबद्ध रुपमा आईरहेका छन् । उनीहरुलाई पनि समयमै उचित व्यवस्था गराउन नसके भोलीका दिनमा फेरि यसै गरी घुमाउनु पर्ने अवस्था हुन्न भन्न सकिन्न । त्यसैले सम्बन्धित निकायले समयमै ध्यान दिन अनुरोध गर्दछु ।

अदम्य साहसका धनी स्व. बाबुछिरी शेर्पाको आत्माको चिर शान्तिको कामना गर्दै उहां प्रति भावपूर्ण श्रदान्जलि व्यक्त गर्दछु । यस दुःखद घडीमा शोकाकुल परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दै तथागत बुद्ध भगवानसंग धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् गर्ने प्रार्थना गर्दछौं ।

विश्वविख्यात पर्वतारोही स्व. बाबुछिरी शेर्पा अमर रहुन् ! ! !

(लेखक नेपाल पर्वतारोहण संघका कार्य समिति सदस्य तथा कल्याणकारी समितिका संयोजक हुनुहुन्छ ।)

बाबुछिरीप्रति श्रद्धाञ्जलि

नेपाल मात्र नभई विश्व पर्वतारोहण ईतिहासका एक नक्षत्र, सर्वोच्च शिखर सगरमाथाको दशौं पटक आरोहण गर्ने हिमजयी पर्वतारोही, सर्वोच्च टाकुरामा एक्काईस घण्टा विताउने विश्व कीर्तिमानी, १६ घण्टा ५६ मिनेटमा सर्वोच्च शिखरमा विजय प्राप्त गर्ने साहसी पर्वतारोही बाबु छिरी शेर्पाको काठमाण्डौ महानगरपालिका सगरमाथा आरोहण २००१ का सिलसिलामा २०५८ साल बैशाख १६ गते आईतवार अपरान्ह करीव ४:०० बजे सगरमाथाको करीव ६४०० मीटरको उचाईमा अवस्थित २ नम्बर क्याम्पमा खरपासमा खसेर भएको दुःखद एवं असामयिक देहावसानले संघलाई स्तब्ध तुल्याएको छ ।

२०२२ साल असार ८ गते सोलखुम्बु जिल्लाको छिलेमु टाकसिन्दुमा लाक्पा शेर्पा तथा श्रीमती पसि शेर्पाका सन्तानका रुपमा जन्मेका बाबु छिरी शेर्पाले १३ वर्षको कलिलै उमेरदेखि पर्वतारोहण यात्राको शुरुआत गर्नुभएको थियो । श्री शेर्पाले सवैभन्दा पहिले सगरमाथाको टाकुरामा सन् १९९० मा पाईला टेकेका थिए भने सन् २००० सम्म तीन वटा विश्व कीर्तिमान सहित १० पटक सगरमाथाको सफल आरोहण गरेका थिए । उनी प्रवल प्रसिद्ध गोरखादक्षिणबाहु लगायत अन्य विभिन्न पुरस्कार तथा विभूषणहरुबाट सम्मानित थिए ।

सगरमाथा आरोहणमा एक विशिष्ट पहिचान राखी विश्व सामु नेपाल र नेपालीको प्रतिष्ठा एवं गौरव तथा साहसको उद्घोष गरेका श्री शेर्पाको निधनले नेपालको पर्वतीय पर्वतारोहण विशेष गरी सगरमाथा आरोहणको क्षेत्रमा एक उज्ज्वल ताराको अस्त भएकोमा नेपाल पर्वतारोहण संघ अत्यन्त दुःखी भएको छ । नेपाल पर्वतारोहण संघ उहाँको दिवंगत आत्माको चीर शान्तिको कामना गर्दछ । संघ शोकसन्तप्त परिवार तथा उहाँका शुभेच्छुक, शुभचिन्तक सम्पूर्ण देश तथा विदेशवासीहरुलाई तथागत बुद्धले धैर्य धारण गर्न सक्ने क्षमता प्रदान गरुन् भन्ने प्रार्थना गर्दछ ।

श्रद्धाञ्जलि बाबुछिरी

अन्तराष्ट्रिय जगत्मा नेपाल र नेपालीको प्रतिष्ठा श्रीवृद्धि गर्न महत्वपूर्ण योगदान पुऱ्याउने विख्यात पर्वतारोही बाबुछिरी शेर्पाको असामयिक निधनले यतिखेर सबैलाई स्तब्ध पारेको छ । अठचालीस वर्षअघि तेन्जिङ नोर्गे तथा एडमण्ड हिलारीले विश्वमा सर्वप्रथम सर्वोच्च शिखर सगरमाथामा पाइताला टेकेर इतिहास निर्माण गरेपछिका अवधिमा पर्वतारोहण अभियानका क्रममा कैयन शेर्पा पर्वतारोहीहरुले जीवन गुमाएका छन् । बाबुछिरी त्यस्तै पर्वतारोहीमध्येका एक मात्र होइनन्, उनका कीर्तिमान 'गिनिस बुक अफ वल्डै रेकर्डस' का पृष्ठमा समावेश गरिएकाले उनको निधनबाट नेपाल मात्र होइन, विश्वले नै एक साहसी पर्वतारोही गुमाएको छ । पर्वतारोहण गतिविधिमा बाल्यकालदेखि समर्पित तर विना प्रशिक्षणसमेत बाबुछिरीले कायम गरेका कीर्तिमान नेपाली पर्वतारोहण इतिहासमा अनन्तकालसम्म स्वर्णाक्षरले लेखिनेछ । दशपटक सगरमाथाको सफल आरोहण गरेर, विना अक्सिजन सगरमाथा चुचुरोमा एक्काईस घण्टा बिताएर, सबैभन्दा छिटो समयमा सगरमाथा चुचुरोमा पुगेर एवं एकै ऋतुमा दुईपटक चुचुरोमा टेकेर कीर्तिमान कायम रोखका फोटोग्राफीका सौखिन बाबुछिरीले युवावस्थामै हिमालयका तस्वीर हरु आफ्ना क्यामेराभित्र बन्द गर्ने सिलसिलामा जीवन गुमाउनु पऱ्यो । जीवन पर्यन्त पर्वतारोहणमा संलग्न भएर राष्ट्रको गौरव र गरिमा अभिवृद्धि गर्न इच्छुक उत्साही बाबुछिरीको दुःखद निधन राष्ट्रकै लागि अपूरणीय क्षति भएको छ र यसैले आम नेपाली यस दुःखद घटनाप्रति शोक विह्वल भएका छन् ।

बाबुछिरी जति साहसिला थिए, त्यति नै पेशाप्रति इमान्दार र लगनशील । औपचारिक शिक्षाको अभावमा बाल्यकालमै पर्वतारोहण अभियानमा संलग्न बाबुछिरीले आफ्ना जीवनको प्रारम्भमा भोग्नुपरेका दुःख र पीडाको अनुभूतिबाट अरुलाई मुक्त पार्न शिक्षाको ज्योति आफ्ना क्षेत्रमा पुऱ्याउन त्यत्तिकै योगदान पुऱ्याएका थिए । सगरमाथा आरोहण क्रममा कीर्तिमान कायम गर्न बेलाबखत झुठको खेती गर्ने गरिए पनि बाबुछिरीले सबैभन्दा कम समयमा सगरमाथा चुचुरोमा पुग्ने सफलता प्राप्त गर्दा तत्सम्बन्धमा इमान्दारी प्रदर्शित गरे । बाबुछिरी आगामी केही वर्ष पर्वतारोहण गतिविधिमा संलग्न रहेर राष्ट्रको गौरव व्यापक पार्न चाहन्थे, तर बाबुछिरीको त्यो आकांक्षा सपनामै सीमित रह्यो । बाबुछिरीको निधन सामान्यरुपमा एक शेर्पा पर्वतारोहीको निधन मात्र होइन, उनको निधनले देशले एक गौरवशाली व्यक्तित्व एवं पर्वतारोहण क्षेत्रको एक नक्षत्र गुमाएको छ । सरकारले बाबुछिरीको परिवारलाई तत्काल राहतस्वरुप एकलाख रुपियाँ प्रदान गरे पनि उपलब्ध सहयोग पर्याप्त छैन । आङफ्रुटी शेर्पा र ६ छोरीहरुको पालनपोषण र शिक्षाको व्यवस्थाका लागि सरकारी निकाय तथा सम्बद्ध पक्षहरुद्वारा उदार सहयोग पुऱ्याउनेतर्फ प्रतिबद्धता हुनुपर्छ । पर्वतारोहण गतिविधिमा संलग्न भएर राष्ट्रिय प्रतिष्ठा उच्च पार्न अथक योगदान पुऱ्याउने दिवंगत पर्वतारोही सबैको परिवारको भलाइका लागि उपयुक्त कदम चाल्न सकिएमा त्यो नै बाबुछिरीलगायत दिवंगत पर्वतारोहीहरुप्रति सच्चा श्रद्धाञ्जलि हुनेछ । बाबुछिरीको दुःखद निधनले राष्ट्र शोक विह्वल भएको यस घडीमा हामीसमेत शोकसन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दै अल्यायुमै दिवंगत बाबुछिरीप्रति श्रद्धाञ्जलि प्रकट गर्दछौं ।

- गोरखापत्र (संपादकीय)

सगरमाथाको ताराप्रति

प्रसिद्ध पर्वतारोही बाबुछिरी शेर्पाको हिउँ-खाल्डोमा खसेर भएको असामयिक निधनले यतिबेला सिंगो मुलुक नै शोकाकुल भएको छ । एकपछि अर्को कीर्तिमान कायम गरी नेपाल र नेपालीको शिर विश्वमा उच्च गराउने सगरमाथाको तारा शेर्पाको मृत्युबाट उत्पन्न पीडा अतुलनीय हुन्छ । एकजना कविले लेखेका छन्, मृत्यु पनि मान्छेपिच्छे फरक हुन्छ र कुनै-कुनै मान्छे मर्दा देश नै रुन्छ । नभन्दै त्यस्तै भएको छ । सबैभन्दा छिटो १६ घण्टा ५६ मिनेटमा सगरमाथा आरोहण गरेर होस् कि २१ घण्टासम्म सर्वोच्च शिखरमा बिताएर होस्, एकै मौसममा दुईपटक सगरमाथा आरोहण गरेर होस् कि आफ्नै परम्परागत पहिरन र राष्ट्रिय झण्डा बोकेर शिखरमा उक्लेर होस्, उनले एक से एक कीर्तिमान कायम गर्न सफल भए । सगरमाथाको देश भनेर चिनिएको नेपाललाई साहसिक पर्यटनमार्फत् शेर्पाहरुले नै नेपाललाई विश्वमा चिनाउने काम गर्दै आएका छन् । हिमाल प्रकृतिको बरदान र चुनौती हो । यसैमा आफ्नो कर्मको खोजी गर्नु शेर्पाहरुको पहिचान नै बनेको छ । अन्यत्र हो भने एक-दुई पटक हिमाल चढिसकेपछि त्यसैका सन्दर्भमा पुस्तक लेखेर, लेक्चर दिएर वा अन्य काम गरेर 'सेलिब्रिटी' का रुपमा बाँच्न सक्ने अवस्था छ । हामीकहाँ भने दसौंपटक सगरमाथा आरोहण गरिसकेर पनि फेरि बाँच्नका निम्ति जीवनलाई खतरामा पुऱ्याउनुपर्ने हुन्छ । आखिर बाबुछिरीको यो नियति पनि त बाँच्नकै लागि गरिएको अनिवार्य कामको परिणाम थियो ।

तैपनि बाबुछिरीले राखेका कीर्तिमानलाई कम आँक्न सकिन्न । तर अब उनले स्थापित गरेको कीर्तिमानको परिधिमा मात्र उनलाई सीमित गर्न सकिन्न । एडमण्ड हिलारीजस्तै आफूले पाएको सफलताबाट त्यसै क्षेत्रको विकासका लागि केही गर्नुपर्छ भन्ने उदात्त भावना नै उनको प्रेरणा बनेको थियो । बाल्यकालमा स्कुल जान नपाएका यी साहसी शेर्पाले आफ्नै गाउँ सोलुखुम्बुको टाक्सिन्दुमा स्कुल बनाउने इच्छा बोकेका थिए । उनले गतवर्ष दुई-दुईवटा विश्व कीर्तिमान कायम गरेर राजधानी फर्केपछि आफ्नो इच्छा सार्वजनिक रुपमा व्यक्त गरेका थिए । यसपालि एघारौं पटकको आरोहण पूरा गरेर फर्केपछि आफ्नो लामो सपनाको प्रतिफल उक्त स्कुलको उद्घाटन गर्ने कार्यक्रम थियो । शेर्पाको त्यो सपना भने पूरा हुन सकेन । आफूले कमाएको केही रकमबाट आफ्नो गाउँ, समाज र देशका निम्ति केही खर्च गर्न खोज्नु, स्रोत जुटाउनु प्रशंसनीय पक्ष हो । उनले लिएर होइन, दिएर गए । त्यही रुपमा आफूलाई चिनाए ।

साहसी आरोहीको निधनले अपूरणीय क्षति पुऱ्याएको छ । यो क्षतिको पुरताल हुन गाह्रो छ । तैपनि बाँचेकाहरुले मरेर जानेका सपनालाई सम्झिदिनुको महत्व धेरै छ । यसो भन्नुको अर्थ वर्ष वर्ष दिनमा बाबुछिरीको सपनाको कुरा गरेर वा उनको योगदानको चर्चा गर्नु पर्याप्त हुँदैन । हामीकहाँ वर्ष दिनमा बाबुलाई पिण्ड दिएझैं औपचारिकताका लागि एकदिन सम्झिने र बाँकी तीन सय चौसठ्ठी दिन भने वास्तै नगर्ने प्रवृत्ति छ । आशय बाबुछिरीको सालिक बनोस् भन्ने होइन । तर बाबुछिरीको सालिकभन्दा ठूलो महत्व उनका आदर्शको र सपनाको संरक्षण हुनुमा छ । बाबुछिरीको आत्मालाई सन्तुष्ट गराउने हो भने टाक्सिन्दुजस्ता नेपालका गाउँहरुमा रहेका शिक्षाबाट बञ्चित बालबालिकालाई उचित शिक्षाको अवसर प्रदान गर्नुपर्छ । यसो गरेमा बाबुछिरीप्रति देशले प्रकट गरेको उचित सम्मान हुनेछ । हामी बाबुछिरीप्रति हार्दिक श्रद्धाञ्जलि प्रकट गर्छौं ।

- कान्तिपुर (संपादकीय)

हिमताराको निधन

विश्वको सर्वोच्च शिखर सगरमाथाको आरोहणमा तीनवटा विश्व कीर्तिमान कायम गर्न सफल भएका बाबुछिरी शेर्पाको सोही आरोहणकै क्रममा गत बैशाखमा निधन भयो । हालसम्म दश पटक सगरमाथाको सफल आरोहण गरिसकेका शेर्पाको निधनले एउटा उज्ज्वल हिमताराको विलय भएको महसुस भएको छ ।

११ औं पटक पनि सगरमाथाको टाकुरा चुम्ने शेर्पाको आकांक्षालाई हिउँ खाल्डोले अपुरो मात्र गरेन उनको जीवनलाई नै सदाको लागि अन्त्य गरिदियो । उनी अदम्य साहसका साथ ११ औं पटक पनि सर्वोच्च शिखरमा आफ्नो पाइला राखी नेपाल र नेपालीको विश्वमा नाम राख्न अगाडि बढिरहँदा एक्कासी हिउँको खाल्डोमा खस्न पुगे । उनको निधनले राष्ट्रको सम्पत्ति गुमेको छ । राष्ट्रको शान राख्ने व्यक्ति सदाका लागि अलप भएको छ । राष्ट्रले गौरव गर्ने व्यक्ति बिलाएको छ । अझ भन्नुपर्दा विश्वमा नै नेपाल र नेपालीको प्रतिष्ठालाई ठाडो बनाउन योगदान पुऱ्याउने साहसिक नक्षत्रको अन्त्य भएको छ ।

१३ वर्षको कलिलो उमेरबाटै पर्वतारोहण शुरु गरेका बाबुछिरी सन् १९९९ मा पनि सगरमाथामा अप्रिय घटनामा परी बचेका थिए । त्यसबेला उनी भऱ्याङ फुस्किएर २० मिटर तल खसेका थिए । भाग्यवश उनी डोरीमा समाएर झुण्डिन पुगे । उनकै शब्दमा सो घटना जीवनमा बिर्सन नसक्ने मध्येको एक थियो । तर, यस पटकको आरोहणमा भने उनको शरीरलाई हिउँले उम्कन दिन । हिउँसँग खेल्ने शेर्पाको सदाको लागि हिउँले आफ्नो काखमा लिएरै छाड्यो ।

विनाअक्सिजन १६ घण्टा ५६ मिनेटमा सगरमाथाको आरोहण गर्ने शेर्पाको सबभन्दा छिटो सगरमाथा आरोहण गरेर, सगरमाथाको टाकुरामा विनाअक्सिजन २१ घण्टा बिताएर र एकै मौसममा दुई पटक सगरमाथाको आरोहण गरेर तीनवटा विश्व कीर्तिमान कायम गरी गिनिज बुकमा नाम अंकित पनि भएको छ । विद्यालयबाट औपचारिक शिक्षा लिन नपाएका बाबुछिरीको अदम्य साहसले गर्दा नै गिनिज बुकमा उनको नाम अंकित भएको कुरामा दुईमत हुन सक्दैन, यद्यपि उनको शिक्षाप्रति अदम्य अभिरुचि भएको देखिन्छ । दुर्गम तथा पिछडिएका गाउँमा विद्यालय खोली त्यहाँका बालबालिकालाई ज्ञान दिने उनको इच्छा भएको कुरा प्रकाशमा आइसकेको छ । यसबाट समाजसेवा गर्ने भावना उनमा थियो भन्ने कुरा पनि झल्कन्छ ।

प्रसिद्ध प्रवल गोरखा दक्षिणबाबु, राष्ट्रिय प्रतिभा पुरस्कार, उत्कृष्ट युवा पुरस्कार, अन्तर्राष्ट्रिय सगरमाथा पुरस्कार, पासाङल्हामु युवा सम्मान पुरस्कार, नेपाल पर्वतारोहण संघ पुरस्कारलगायतका पुरस्कार तथा सम्मानसमेत प्राप्त गरिसकेका शेर्पालाई पत्रपत्रिका, भाषण तथा विज्ञप्तिमा मात्र शोक व्यक्त गरी आफ्नो भावना पोख्नुभन्दा उनको परिवारलाई दृष्टि दिई सहयोग पुऱ्याउनु बाँच्नेहरुलाई दायित्व हुन पुगेको छ । उनको परिवारमा श्रीमती र ६ जना छोरीहरु रहेका छन् । उनीहरु अब टुहुरा भएका छन् । उनीहरुको अभिभावकको भूमिका निभाउनुपर्ने भएको छ । हुन त सरकारले बाबुछिरीको निधनको तत्कालपछि उनको परिवारलाई राहतस्वरुप ए तयार गर्नु पनि त्यत्तिकै खाँचो देखिन्छ । यस प्रयोजनका लागि छोराछोरीको पठनपाठन र परिपालनका लागि श्रीमती बाबुछिरीका लागि आर्थिक वृत्ति मासिकरुपमा प्रदान गर्ने घोषणा पनि सम्बन्धित निकायबाट हुनु आवश्यक भएको छ ।

- नेपाल समाचारपत्र (संपादकीय)

ल्हाक्पा शेर्पा र तेम्वाछिरी शेर्पाप्रति बधाई

नेपाल र नेपालीको ख्यातिलाई निरन्तरता दिने उद्देश्यले सर्वोच्च शिखर सगरमाथाको शिरमा सफलतापूर्वक आरोहण गरेर फर्केका आरोहीव्दय सुश्री लाक्पा शेर्पा र किशोर आरोही तेम्बाछिरी शेर्पालाई नेपाल पर्वतारोहण संघले हार्दिक बधाई व्यक्त गरेको छ ।

बिगतमा झैं यस वर्ष पनि नेपाली सगरमाथा आरोहीहरुले थप कीर्तिमान कायम गर्न सफल भएका छन् । समुद्री सतहबाट ८,८४८ मिटर उचाईको धर्तीको सर्वोच्च धरोहर सगरमाथामा १८ मई सन् २००० का दिन नेपालको तर्फबाट सगरमाथाको दक्षिणी मोहडा हुँदै सफल आरोहण गरेकी सुश्री लाक्पा शेर्पाले यस पटक पुनः चीनको स्वशासित क्षेत्र तिब्बतको उत्तरी मोहडाबाट २३ मई सन् २००१ का दिन नेपाली समय अनुसार बिहान ९ : ०० बजे सफल आरोहण गरी दोहोरो कीर्तिमान कायम गर्न सफल भएकी छिन् । साथै यसपटकको सफल आरोहणबाट सगरमाथाको उत्तरी र दक्षिणी मोहडाबाट सगरमाथाको सफल आरोहण गर्ने पहिलो नेपाली महिला बन्ने सौभाग्य पाएकी छिन्- ल्हाक्पाल ।

संखुवासभा मकालु गा.वि.स. वडा नं. ५, बालखर्कमा २०३० साल असोज ७ गते जन्मिएकी सुश्री शेर्पाले साहसिक चुनौतीको सामना गर्न नेपाली महिलाहरु पछि पर्दैनन् भनी पुनः एक पटक प्रमाणित गरेकी छिन् । सुश्री शेर्पाको सफलताले नेपाली महिलाहरुको साहसमा थप ऊर्जा प्राप्त हुनेछ ।

यस्तै युवा आरोही गौरीशंकर ५, ताशिनाम, दोलखामा २०४२ बैशाख २४ गते जन्मिएका तेम्बाछिरी शेर्पाले १६ वर्षकै कलिलो उमेरमा तिब्बतको उत्तरी मोहडाबाट सफलतापूर्वक सर्वोच्च शिखर सगरमाथाको आरोहण गरी विश्वकै कान्छा आरोही बन्ने धोको पूरा गरेका छन् । उनको यो धोको गत २३ मई सन् २००१ बिहान ७ बजे पूरा भएको हो ।

गत वर्ष सगरमाथाको दक्षिणी मोहडाबाट आरोहण गर्न जाँदा सगरमाथाको टाकुरामा पुग्न २२ मिटर बाँकी छँदै हातका औलाहरु हिउले खाई फर्किन बाध्य भएका कान्छा आरोही श्री शेर्पाले यस पटक भने तिब्बती मोहडाबाट पुनः आरोहण गरेका थिए । उनको हिउले खाएका दुवै हातका पाँच ओटा औंलाहरुको शल्यक्रिया तथा औषधोपचारको सम्पूर्ण खर्च नेपाल पर्वतारोहण संघले ब्यहोरेको थियो । आफ्नो औंलाहरु काटिए पनि दृढ विश्वासका साथ सगरमाथाको सफल आरोहण गरेरै छाडने उनको सपना यसपाली साकार भएकोमा नेपाल पर्वतारोहण संघले हार्दिक बधाई ज्ञापन गरेको छ ।


अनुरोध

नेपाल पर्वतारोहण संघको प्रकाशन **'नेपाल पर्वत'** लाई पर्वतीय पर्यटन, पर्वतारोहणका विविध पक्ष, पर्वतीय वातावरण, हिमाली तथा पहाडी क्षेत्रको जनजीवन सम्बन्धी लेख रचना उपलब्ध गराई सहयोग गरिदिनु हुन सबैमा हार्दिक अनुरोध गर्दछौं ।

नेपाल पर्वत तपाईंहरुको सुझाव तथा सहयोगको लागि हार्दिक आग्रह गर्दछ ।

सम्पादकमण्डल
नेपाल पर्वत
प्रकाशन तथा प्रचार समिति
नेपाल पर्वतारोहण संघ

दुवै मोहडाघाट सगरमाथा शिखरमा पुग्ने लाक्पाको साहस



नेपालको गौरवको रुपमा रहेको विश्वको सर्वोच्च शिखर सगरमाथाको आरोहण गरी विश्व कीर्तिमान कायम सम्भव भएसम्म नेपाली दाजुभाइहरुले नै गरेको देख्न चाहन्छिन्- लाक्पा शेर्पा ।

नुगुची एसियन एभरेस्ट सफाइ आरोहण दलकी सदस्यको रुपमा एसियन ट्रेकिङको प्रायोजनमा तिब्बतको उत्तरी मोहडाबाट सगरमाथाको आरोहण गरी दुवै मोहडाबाट विश्वको सर्वोच्च शिखरमा पुग्ने विश्वमा दोस्रो तथा प्रथम नेपाली महिला बन्न सफल सुश्री लाक्पाले यी धारणा आफ्नो आरोहणको अनुभव सुनाउने क्रममा व्यक्त गरेकी हुन् ।

लाक्पाको सगरमाथा आरोहण अभियानसम्बन्धी अनुभवहरु आदान-प्रदान गराउने उद्देश्यले नेपाल पर्वतारोहण सङ्घले जेठ १८ गते आयोजना गरेको पत्रकार सम्मेलनमा आफ्ना आरोहणको अनुभवहरु राख्ने क्रममा सुश्री लाक्पा भन्छिन्- "मलाई सगरमाथा चढ्न निकै सजिलो लाग्छ तर ओर्लन भने निकै कठिन लाग्छ । आरोहणको दौरानमा म खाना राम्ररी खान सक्छु । हाई अल्टिच्युड र टाउको दुखाइजस्ता समस्याले दुःख दिदैन । त्यसैले मैले सगरमाथा सजिलै चढ्न सकेको हो ।"

२३ मे २००१ का दिन बिहान ९:०० बजे सगरमाथाको शिखरमा पुग्न सफल भएकी लाक्पाले यसपटक आफूले सगरमाथाको शिखरमा ठूलो भीड नै लागेको अनुभव गरेको बताउँदै आफूले सगरमाथाको देशको गौरव बढाउन आरोहण गरेको र आफू अझै नै युवा नै भएकाले पुनः सगरमाथाको आरोहण गर्ने आफ्नो लक्ष्य रहेको बताइन् ।

सुश्री लाक्पाले महिला भए तापनि सगरमाथा चढ्न कुनै शारीरिक कठिनाइ परेजस्तो नलागेको बताउँदै आफूले करिब ३० किलोको भारी बोकेर सगरमाथाको सफल आरोहण गरेकोले महिलाहरुले पनि साहसका साथ कुनै कार्य गर्न चाहेमा हरेक कुरा गर्न सक्छन् भन्ने प्रमाणित भएको दावी गरिन् ।

आरोहणको क्रममा आफूले नेपालका कान्छा आरोही तेम्बाछिरिलाई समेत हौसला र सहयोग प्रदान गरेको उल्लेख गर्दै उनी भन्छिन्- महिलाहरुले चाहे भने जे पनि गर्न सक्छन् फरक यति मात्र छ कि प्रायः महिलाहरु आफूलाई शारीरिक रुपमा कमजोर सम्झन्छन् र उनीहरु आफ्नो शारीरिक बनोटलाई राम्रो र कोमल पार्न सधैं प्रयत्न गर्दछन् ।

सगरमाथाको सफल आरोहणपश्चात् फर्कने क्रममा आफ्नो टर्चको ब्याट्री सकिइएकोले आफ्ना सहयात्री दुई शेर्पाको लाइटको सहारामा उनीहरुलाई पछ्याउँदै आउँदा करिब ८,५०० मिटरको उचाइमा लासँग ठक्कर खाएको अनुभव आफ्ना लागि यस आरोहणको अविस्मरणीय क्षण भएको कुरा लाक्पा व्यक्त गर्छिन् ।

उक्त अवसरमा बोल्दै लाक्पालाई यस आरोहणका लागि प्रायोजन गर्ने एसियन ट्रेकिङका अध्यक्ष आङछिरिङ शेर्पाले नेपालमा महिलाहरुलाई हरेक क्षेत्रमा समान अधिकार दिने कुरा कागजमा मात्र सीमित रहेको वर्तमान अवस्थामा सो कुरा व्यवहारमा पनि लागू गर्नुपर्छ भन्ने उदाहरण देखाउने उद्देश्यले आफूले लाक्पालाई सहयोग गरेको धारणा व्यक्त गर्नुभयो ।

बजेटमा बाबुछिरी र तेम्बा

श्री ५ को सरकारले विश्वको सर्वोच्च शिखर सगरमाथाको दश पटकसम्म सफल आरोहण गरी अन्तर्राष्ट्रिय क्षेत्रमा नेपाल र नेपालीको इज्जत बढाउने विश्वविख्यात पर्वतारोही स्वर्गीय बाबुछिरी शेर्पाको सम्मान स्वरुप आर्थिक वर्ष २०५८/५९ देखि पाँच वर्षसम्म उहाँका छोरीहरुको अध्ययन एवं परिवारको पालनपोषणका निम्ति उहाँकी विधवालाई प्रति महिना रु. १० हजार भत्ता स्वरुप प्रदान गर्ने र विश्वमा सबभन्दा कम उमेरमा सगरमाथा आरोहण गर्ने युवा पर्वतारोही तेम्बाछिरी शेर्पालाई पनि उचित सम्मान गर्ने भनी गरेको निर्णयको नेपाल पर्वतारोहण संघले हार्दिक स्वागत गरेको छ ।

यस्तो सम्मानले पर्वतारोहण क्षेत्रमा लागेका व्यक्तिहरुको हौसला बढ्नुका साथै पर्यटन व्यवसायीहरुलाई समेत साहसिक पर्यटन व्यवसाय सञ्चालनमा थप प्रोत्साहन मिल्ने कुरा संघले जनाएको छ ।

संसदमा पेश गरिएको आ.व. ०५८/५९ को बजेटमा दशपटक सर्वोच्च शिखर सगरमाथाको आरोहण गरिसकेका र तीनवटा विश्व कीर्तिमान कायम गर्न सफल पर्वतारोही स्व. बाबुछिरी शेर्पाको सम्मानस्वरुप यस आर्थिक वर्षदेखि पाँच वर्षसम्म उहाँका छोरीहरुलाई अध्ययन र परिवारको पालन-पोषणका लागि उनकी विधवालाई प्रतिमहिना १० हजार रुपियाँ भत्तास्वरुप उपलब्ध गराउन बजेट विनियोजन गरिएको छ ।

बाबुछिरीको गत वैशाख १६ गते सगरमाथाको आरोहणकै क्रममा निधन भएको थियो । उहाँकी श्रीमती र छजना छोरीहरु छन् ।

बजेटमा सबभन्दा कम उमेरमा सगरमाथाको आरोहण गर्ने युवा पर्वतारोही तेम्बाछिरी शेर्पालाई पनि उचित व्यवस्था गर्ने उल्लेख छ ।

हार्दिक बधाइ



श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहेदव सरकारबाट राष्ट्रिय सभा सदस्य पदमा नेपाल पर्वतारोहण संघको वरिष्ठ सदस्य तथा 'टान' का पूर्व अध्यक्ष तथा सल्लाहकार **श्रीमती याङ्कीला शेर्पालाई** मनोनीत गरिबक्सेकोमा मौसुफ सरकारका जुनाफमा स-भक्ति कृतज्ञता टक्याउँदै नव मनोनीत सांसद श्रीमती याङ्कीला शेर्पाप्रति हार्दिक बधाई दिँदै उहाँको कार्यकालको पूर्ण सफलताको कामना गर्दछौं ।

नेपाल पर्वतारोहण संघ

नेपाल पर्वतारोहण संघको पर्वतीय उद्धार प्रयास

विनय शाक्य

सन् १९९६ मा गोक्यो दुर्घटनामा धेरै मानिसहरुले खास गरी पर्वतारोहीहरुले आफ्नो ज्यान गुमाउन पऱ्यो । दुर्घटना आफैंमा एक दुर्भाग्य हो । कहालिलाग्दो यस्तो दुर्घटनाको संझना मात्रै गर्दा पनि आङ सिरिङ्ग हुने गर्दछ । यस्ता दुर्घटनाहरु संधै हुने पनि होईनन् र रोक्न पनि सकिएको छैन । तथापि दुर्घटनाका कारणहरुमा प्राकृतिक कारणलाई रोक्न नसकिएता पनि मानवीय कमजोरीका कारणहरुबाट हुने दुर्घटनाहरुलाई भने अवश्य पनि रोक्न सकिन्छ । पिसाङ चुलीमा विगतमा भएको दुर्घटनाबाट हामीले पाठ सिक्नु पर्छ । प्राविधिक कारणबाट हुने दुर्घटनामा ज्ञानको कमी, अध्ययन अनुभवको कमी नै रहेको छ भन्नुमा अत्युक्ति नहोला ।

यस्तै कारणहरुलाई कमी गराउने तथा सुरक्षित पर्वतारोहणको प्रत्याभूति दिलाउने हेतु नेपाल पर्वतारोहण संघले पर्वतारोहण सम्बन्धी आधारभूत र उच्च पर्वतारोहण तालिम संचालन गर्दै आएको छ । साथै तालिम प्राप्त पर्वतारोहीहरुको सहभागिता रहेको पर्वतारोहण समूहमा त्यस प्रकारको दुर्घटना भएको सुन्नमा आएको छैन । यस अर्थमा प्रशिक्षित पर्वतारोहीहरुको सहयोगले प्राविधिक गढबढीले हुने दुर्घटनाहरुमा तुलनात्मक हिसाबमा कमी आएको कुरामा संघ विश्वस्त छ ।

दुर्घटनाहरुको प्रकृति हेर्दा प्राकृतिक कारणले हुने दुर्घटनाहरुलाई घटाउन नसके पनि मानवीय कमजोरीले हुने मृत्युलाई सामान्य उद्धार उपचारद्वारा अमूल्य जीवनलाई बचाउन सकिने भएकोले नेपाल पर्वतारोहण संघले उद्धारकर्ताहरुलाई तालिम उपलब्ध गराउनै पर्ने महसूस गरेको थियो ।


त्यही कारणले गर्दा नै संघको विधान संशोधन गर्दा संघका कार्यलाई गति प्रदान गर्न विभिन्न समितिहरु गठन गर्ने अवसरमा पर्वतीय उद्धार समिति पनि गठन गरेको हो । शुरुमा यस समितिका कार्यहरु के कसरी अगाडि बढाउने भन्ने बारेमा धेरै गन्थन भए पछि निष्कर्षमा पुग्न सजिलो भयो । हिमाल र हिमाल आरोहणका गतिविधिमा प्राकृतिक वा मानवीय दुर्घटना भई जीवन र मरणको दोसाँधमा परेका व्यक्तिहरुलाई सामान्य उद्धारले बचाउन सकिन्छ भने किन यस कार्यमा कञ्जुस्याइँ गर्ने भन्ने उद्देश्यले उद्धार कार्यलाई तदारुकता दिनु पर्ने कुरामा सहमति भएको थियो । यसै सिलसिलामा संघमा कार्य समिति सदस्य ल्हाक्पा दोर्जी शेर्पाको संयोजकत्वमा पर्वतीय उद्धार समितिको गठन भएको जानकारी र सो बमोजिम सो समितिलाई आवश्यक सहयोग तथा मार्ग निर्देशन गर्न गराउन स्वदेशी तथा विदेशी संघ संस्थाहरुमा पत्राचार गरिएको थियो । लामो समय सम्मको प्रतिक्षाबाट खासै उपलब्धि नभए पछि संघले आफै एक सर्भेक्षण गरेको थियो र विभिन्न दुर्घटनाका कारणहरु कोट्याउँदै जाँदा संचारको अभावनै प्रमुख कारण रहेको भेट्टियो । यद्यपि यस अभावलाई त्यस बेला महत्व दिईयो जव सन् १९९६ मा गोक्योमा अकस्मात हिमपात भई हिम पहिरोमा परेका मध्ये एक जना जापांनी पर्वतारोहीले आफ्नो साथमा लगेको वाकी टाकी मार्फत यस विषयको जानकारी गराएका थिए । जानकारी भए बमोजिम संचारको संजालको लागि खास प्रगति भने भएन । उक्त समयमा सो वाकी टाकीले काम नगरेको भए कैयौं व्यक्तिहरुको दुःखद निधन हुने अवश्यंभावी थियो ।

ती पर्वतारोहीबाट प्राप्त सूचना समयमै प्राप्त भएका कारण उद्धार सेवा संचालन गर्न सहयोग पुगेको थियो । तत्कालीन पर्यटन विभाग, शाही नेपाली सेना, नेपाल पर्वतारोहण संघ, हिमालय उद्धार संघ, ट्रेकिङ्ग एजेन्ट्स एसोसियसन अफ नेपाल लगायत विविध संघ संस्थाहरुको संयुक्त प्रयासबाट धेरैको ज्यान जोगिन गएको थियो । मौसमको प्रतिकूलताले पनि कतिले ज्यान गुमाएका थिए ।


हामी नेपालीहरु सधैं नै विदेशीको सहयोगमा वाँच्ने आशा गरेका हुन्छौं । त्यही रोगले गर्दा संघले उद्धार कार्यक्रमहरु संचालनको लागि सकभर विदेशी सहयोगको अपेक्षा राखी जापान, फ्रान्स, स्लोभेनिया लगायत अन्तर्राष्ट्रिय पर्वतारोहण महासंघमा समेत आफूले संचालन गर्न लागेको उद्धार कार्यक्रमको बारेमा जानकारी गराएका थिए ।

अन्तमा संघकै आफ्नो श्रोत र साधनको प्रयोग तथा स्वदेशी जनशक्ति पैदा गर्न स्वदेशी प्रशिक्षकहरुको खोजी कार्य गर्दै जाँदा नेपालमा पनि यस प्रकारको उद्धार सेवा उपलब्ध गराउन सकिने तथ्य पत्ता लागे पछि पहिलो पटक गैर चिकित्सक तथा संघसंग आवद्ध ९ जना पर्वतारोही तथा प्रशिक्षकहरुलाई गत जुलाई ३ देखि ७ सन् २००१ मा संघकै परिसरमा डा. अजित गुरुङ्गको पूर्ण सहयोगमा पहिलो पटक Cardio - Pulmonary Resuscitation (CPR) Training सफलता पूर्वक संचालन गरिएको थियो ।

यसका अलावा संचारको संजाल पर्वतीय क्षेत्रमा राख्ने उद्देश्यले संघले ६ थान वाकी टाकी खरीद गरेको छ भने उच्च अक्षाँसमा लाग्ने High Altitude Sickness बाट मृत्यु वरण गर्ने कार्यलाई कमी गराउने उद्देश्यले Pressure Bag (Gamow Bag) २ थान खरीद गरिएको छ । यस्ता अत्यावश्यक सामाग्रीहरुले संघले उद्धार कार्यमा प्रयोग गर्नुका साथै CPR तालिमलाई निरन्तर रुपमा संचालन गरी पर्वतारोहीहरुको आत्म विश्वासमा बृद्धि तथा सीप बृद्धि गर्ने कार्यलाई गति प्रदान गर्ने लक्ष्य लिएको छ ।



पर्वतारोहण प्रशिक्षणमा प्रशिक्षक तथा सहभागीहरु





बाबु छिरी : मेरो संझनाको घेराभित्र

- आपा शेर्पा

बाबुछिरीसंग मेरो सबैभन्दा पहिलो पल्ट सन् १९८९ को 'अटम'मा विक्रम पाँडेजीको हिमालय एक्स्पडिसनको आयोजनामा भएको फ्रेन्च आर्मीको धवलागिरी आरोहणको क्रममा चिनाजान भएको हो । हामी दुबै एउटै टीममा थियौं, संगै चढयौं तर त्यो टीम सफल हुन सकेन । उस्को घर टाकसिन्दु मेरो घर थामेबाट २ दिनको बाटोमा पर्छ जुन काठमाडौं आउँदा बाटोमा पर्छ, उसको घरमा लज छ र त्यहाँ गइरहन्छु । अरुबेला पनि हामी एउटै टीममा नभए पनि सगरमाथा आरोहण गर्ने बेलामा आधार शिविरमा बराबर भेट भइरहन्थ्यो । सन् १९९९ को वर्ष पनि हाम्रो सगरमाथाको टाकुरामा भेट भएको थियो । त्यसबेला म तिब्बतको उत्तरी मोहडाबाट माथि उक्लेको थिएँ । त्यसबेला बाबुछिरीले २१ घण्टा सगरमाथाको टाकुरामा बिताएर नयाँ विश्व कीर्तिमान बनाएर तल ओर्ली आफ्नो टीम लिएर फेरि माथि आउँदा टाकुरामा हाम्रो भेट भएको थियो । सबैभन्दा पछिल्लो पटक गत अप्रिल २८ मा उस्को त्यो दुःखद दुर्घटना हुनुभन्दा १ दिन अगाडि सगरमाथा बेस क्याम्पमा भेटेको थिएँ ।

बाबुछिरी स्कूल नपढेको भएपनि दिमाग भएको व्यक्ति हो । उ बोल्न सक्छ, जवाफ दिन सक्छ । सरल र मिलनसारिता उसको सबैभन्दा राम्रो स्वभाव हो र उ सबैसंग सजिलै मिल्न सक्छ र धेरै इमान्दार पनि छ । उ कति इमान्दार छ भन्ने कुरा त गत वर्ष उसको "माउण्ट एभरेष्ट स्पीड एक्सपीडिसन २०००" बाट १६ घण्टामा सगरमाथा चढि सक्ने योजना भएकोमा माथि शिखरमा पुगेपछि सबै संचार माध्यमहरुले बाबुछिरीले १५ घण्टा ५६ मिनेटमा चढेर पूर्व निर्धारित समयभन्दा ४ मिनेट अगाडि पुग्नुभो भनेर प्रचार प्रसार गरिसकेको थियो । तर बाबुछिरीले आधार शिविरमा आएपछि संचार माध्यमबाट आफू चढेको समय १ घण्टा कम गरेर प्रचार प्रसार गरेको थाहा पाए र आफू १५ घण्टा ५६ मिनेटमा नभई १६ घण्टा ५६ मिनेटमा चढेको भनेर समय सच्याउन लगाए । यसबाट पनि थाहा हुन्छ उ कति इमान्दार रहेछ भनेर । उ त्यसबेला चुप लागेर बसेको भए उसको कीर्तिमान अझै एक घण्टा कम समयको भएर रहिरहने थियो ।

मेरो बाबुछिरीप्रति कहिल्यै प्रतिव्दन्दिताको भावना भएन । उसको कीर्तिमान र मेरो छुट्टाछुट्टै हो । मेरो विचारमा कीर्तिमान भनेको तोड्दै जाने विषय हो, सबै आफ्नो मात्र भइरहने कुरा होइन । अर्को कुरा हाम्रो त पेशा पनि हो पर्वतारोहण । हामीले पेशाको पनि ख्याल गर्नु पर्छ । कुनै कुनैले रिकर्डको लागि आफ्नो टीमलाई तलै छोडेर टपमा पुग्छन् । मलाई त्यस्तो गर्न मन लाग्दैन । यस साल गत मे महिनामा म जापानी टोलीसंग सगरमाथामा गएको थिएँ तर मेरो टोलीका सदस्यहरु बढी उमेरका भएकाले तेस्रो क्याम्प (७,३०० मी.) पुग्दा माथि जान गाह्रो माने र त्यहिबाट तल आयौं । म उनीहरुलाई छोडेर माथि टप गरेर आउन सक्थे, तर म जान चाहिन र गइन । गएको भए मेरो कीर्तिमान १ पटक बढी भई १२ पटक हुने थियो । पछि ती जापानीहरुले मलाई भनेका थिए, "हामीले गर्दा तिमी यस पटक शिखरमा पुग्न सकेनौं ।" मैले उनीहरुलाई आश्वासन दिदै भने - "यसपाली नभए पनि अर्को पटक पुग्नेछु धन्दा मान्नु पर्दैन ।" केही वर्ष अगाडि एउटा पत्रिकाले मैले आडरिताको रिकर्ड तोड्न चाहेको छ भनेर लेखेको रहेछ । मैले त्यस्तो कहिल्यै भनेको छैन । ममा कसैसंग पनि प्रतिस्पर्धाको भावना छैन ।

बाबुछिरीले पर्वतारोहणमा कायम गरेका विश्व कीर्तिमानहरु धेरै नै महत्वपूर्ण छन्, यो हाम्रो देशकै लागि धेरै राम्रो कुरा हो । उसको सगरमाथाको तीनवटा कीर्तिमानहरु -- एउटै सिजनमा २ पटक शिखर पुग्नु, २१ घण्टा शिखरमा बिताउनु र १६ घण्टा ५६ मिनेटमा शिखरमा पुग्नु मध्ये शिखरमा सबैभन्दा बढी समय बिताएको र सबैभन्दा कम समयमा पुगेको धेरै महत्वपूर्ण छ । यस्तो कीर्तिमान अरुले छिट्टै राख्न सकदैनन् । यो खालको कीर्तिमान विदेशीले राख्न गाह्रो हुन्छ ।

गएको मे महिनामा जुन बेला मैले बेशक्याम्पमा बाबुछिरीलाई भेटेको थिएँ त्यसको केही अगाडि पनि मैले समय समयमा बाबुछिरीलाई सगरमाथा चढ्ने-वलंने क्रममा बाटोमा भेटेको थिएँ । बाबुछिरी काठमाडौं महानगरपालिकाको एकजना वडाध्यक्षलाई लिएर माथि जाने क्रममा थिए । म तल वलँदै थिएँ पोहोर पनि सगरमाथा चढिसकेका रामकृष्ण श्रेष्ठ र वडाध्यक्ष रमेश डंगोल माथि उक्लिदै रहेछन् । रामकृष्णसंगै नगई माथि



क्वाँदे हिमचुली-नाम्चेबाट,

नै गएर एक्लै पर्खेर बसेका रहेछन्, वडाध्यक्ष रमेश डंगोल भने तल बसिरहेका रहेछन् । मैले दुबैजनालाई चढदाखेरी त्यसरी छुट्टा छुट्टै जानु हुँदैन सँगसंगै जानु पर्छ भनिदिएको थिएँ । वडाध्यक्षले मलाई चिने चिनेनन् कुन्नी, हिमालमा यसरी एक्लै एक्लै जानु हुन्न, संगसंगै जानुपर्छ, रामकृष्णले माथि पर्खिरहेको छ भनेको थिएँ । त्यसबेला उनीहरुसंग शेर्पा साथीहरु पनि थिएनन् । बाबुछिरी भने बेशक्याम्पबाट माथि लाग्दै थियो ।


पछिल्लो पटक फेरि हामी दोस्रो क्याम्पमा उक्लिदै गर्दा रमेश डंगोल बिरामी भएर अक्सिजन लगाएर तल ल्याईदै रहेछ । त्यसबेला मैले बाबुछिरीलाई मद्दत चाहिन्छ भने हाम्रो ३-४ जना शेर्पा साथीहरु पठाईदिन्छु भनेको थिएँ । उसले पर्दैन हाम्रो शेर्पाहरु थुप्रै छ भन्यो बाबुछिरीले, उनीहरुको स्टाफ थुप्रै रहेछन् । पछि म दोश्रो क्याम्पबाट तल वलिँदा वडाध्यक्ष रमेश डंगोललाई काठमाडौं पठाएर बाबुछिरी बेश क्याम्पमा पाल टाग्दै थियो । त्यही हो मैले उसंग अन्तिम पटक भेटेको । बाबुछिरीले मलाई कहाँ जाने भनेर सोधेको थियो । मैले घर पुगेर आउँछु भनें । त्यसको भोलीपल्ट उ माथि लागेको रहेछ । उ खसेको भोलीपल्ट अप्रिल ३० मा मैले खवर सुनें । साह्रै नराम्रो लाग्यो । भरखरै जस्तो वेश क्याम्पमा भेटेर आएको, यो असत्य खवर हो कि जस्तो लाग्यो, तर पछि थाहा भयो यो सत्य नै रहेछ ।

बाबुछिरीको शवलाई काठमाडौं लगिसकेपछि मे ७ मा माथि चढ्ने क्रममा दोस्रो वेश क्याम्प (६,५०० मी.) मा हुँदा उ कहाँबाट खसेको रहेछ भन्ने जिज्ञासा भएर उ खसेको दूलो (खरपस) हेर्न गएको थिएँ । हामी बसेको क्याम्पबाट नजिकै रहेछ । त्यो ठाउँ सम्म छ त्यति खतरा ठाउँ थिएन । त्यहाँ यस पाली एउटा ठूलो खरपस निस्केको रहेछ, त्यो ठाउँमा पहिले बाटो थियो । नहुने बेलामा त्यस्तै हुँदो रहेछ, त्यो रात त्यहाँ हिउँ पनि परेछ र हिउँले दूलो छोपेछ, उसले त्यो थाहा पाएन छ र त्यहि खसेको रहेछ । घाम अस्ताउने समयमा त्यहाँबाट एकदम राम्रो दृश्य देखिने हुनाले फोटो खिच्न एक्लै जाँदा त्यसो भएको रहेछ । भोलीपल्ट बाबुछिरीको लाश झिक्दा उसको क्यामरा पनि त्यत्तिकै चलिरहेको रहेछ, बत्ति बलिरहेको थियो रे । फोटो खिच्ने धुनमा माथि माथि हेर्दा तलको दूलोको होस भएन होला ।

बाबुछिरीको असामयिक दुःखद निधनले हामी सबैलाई साह्रै नै दुःखित बनाएको छ । उस्ले नेपालको प्रतिष्ठा बढाउन ठूलो देन दिएको छ । जे हुनु भइनै सकयो, अब हामीले सरकार हामी सबै मिलेर ऊ नभए पनि उसको कीर्तिलाई सम्झेर उसको सपना साकार पार्नु पर्छ । उसको सपना भनेको उसको गाउँमा स्कूल स्थापना गर्नु हो । स्कूल तयार पनि भइसकेको छ रे । अब त्यस स्कूलको बाँकी काम पूरा गरेर राम्ररी संचालन गर्नु पर्नेछ । अर्को कुरा उसको परिवारलाई पनि सहयोग हुन सक्नु पर्दछ । उसको परिवारमा ६ जना छोरीहरु भएकोले उसको परिवारमा कठिनाई होला । तर विभिन्न व्यक्ति र संस्थाहरुबाट सबै छोरीहरुको पढाईको व्यवस्था भैसकेको रहेछ र हालै सरकारले पनि बाबुछिरीको श्रीमतीलाई ५ वर्षसम्म प्रतिमहिना रु. १० हजार दिने निर्णय गरेको रहेछ । यो धेरै राम्रो कुरा हो । यसको लागि म श्री ५ को सरकार र सम्बन्धित सबैलाई धन्यवाद दिन चाहन्छु । यस्तो कार्यबाट पीडितलाई सहयोग, सान्त्वना र नयाँ पिढीका पर्वतारोहीहरुमा उत्साह हुने छ ।

बाबुछिरीको यो दुःखद घटनाले मेरो घर परिवारमा पनि सबै चिन्तित छन् । देख्दा देख्दै बाबुछिरी त्यस्तो भयो तिमी किन अझै जाँदै छौ भनेर रिसाउँछे मेरी श्रीमती । बेश क्याम्पसम्म जाने भए जाउ, त्यसभन्दा माथि जानु पर्दैन भन्छे । काठमाडौंबाट १० वर्षकी छोरी आङनिमीले बाबुछिरीको खवर थाहा पाएर घरमा उसकी आमालाई फोन गरेर मलाई हिमालमा धेरै माथि नपठाउनु भनेर फोन गरिछ । जेठो छोरो तेञ्जिङ जाम्बोले पनि आमा चाहिंलाई मलाई अब हिमाल चढ्न नपठाउँ भन्छ रे ! भनाई त सबैको ठीकै हो, तर मलाई आर्थिक कारणले जानु पर्छ, अझै केही वर्ष जान्छु ।


(विश्वको सर्वोच्च शिखर सगरमाथाको एघारौं पटक सफल आरोहण गरी विश्व कीर्तिमान कायम गर्ने विख्यात पर्वतारोही आपा शेर्पा संग गरिएको वार्ताको उतार : प्रमी श्रेष्ठ)



नेपाल पर्वतारोहण संघ लगायतका निकायहरुको सहयोगमा नेपाल हिमालय पथ प्रदर्शक संघ (नेपाल हिमालयन गाइड एसोसिएसन) द्वारा लोबुचेमा निर्माण गरिएको 'पोर्टर सेड'

हार्दिक श्रद्धाञ्जलि





श्री ५ अधिराजकुमारी शारदा राज्यलक्ष्मी देवी शाह

तथा

नेपालको पर्वतीय पर्यटनलाई अग्रगति प्रदान गर्न

महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने

नेपाल पर्वतारोहण संघका संस्थापक अध्यक्ष

कुमार खड्ग विक्रम शाहज्यूको

असामयिक एवं अकल्पनीय स्वर्गारोहणबाट

यस संघ अति नै मर्माहत

एवं स्तब्ध भएको छ ।

हामी यस घडीमा दिवंगत आत्माहरुको चीर

शान्तिको कामनाका साथ भावपूर्ण श्रद्धाञ्जलि अर्पण

गर्दै शोकसन्तप्त परिवारमा परमेश्वरले धैर्य धारण

गर्न सक्ने शक्ति प्रदान गरुन् भनी समवेदना

प्रकट गर्दछौं ।

नेपाल पर्वतारोहण संघ परिवार

हार्दिक श्रद्धाञ्जलि



प्रजावत्सल राष्ट्रनायक, पर्वतीय पर्यटन प्रेमी प्यारा राजा
श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव,
श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह,
श्री ५ महाराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेव,
श्री ५ अधिराजकुमार नीराजन वीर विक्रम शाह एवं
श्री ५ अधिराजकुमारी श्रुति राज्यलक्ष्मी राणाका
साथै राजपरिवारका अन्य सदस्यहरु
श्री ५ अधिराजकुमारी शान्ति सिंह,
श्री ५ अधिराजकुमारी शारदा शाह,
श्री ५ शाहज्यादी जयन्ती शाह,
धीरेन्द्र शाह,
तथा यस संघका संस्थापक अध्यक्ष
कुमार खड्ग विक्रम शाहज्यूको
असामयिक देहावसान भएकोमा
हामी अति नै मर्माहत एवं स्तब्ध भएका छौं ।

राष्ट्र शोकाकूल भएको यस दुःखद घडीमा मौसूफ सरकारहरुको दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकाकूल राजपरिवार र आम नेपालीहरुलाई धैर्य धारण गर्ने शक्ति भगवान बुद्धले प्रदान गरुन् भनी भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं ।

नेपाल पर्वतारोहण संघ